## भानु नगरपालिका

## शिक्षा, युवा तथा खेलकुद शाखाको

# वार्षिक स्थिति प्रतिवेदन

## आ.व.२०७९/०८०

## *(Annual Status Report, 2022-023)*



## भानु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
# शिक्षा, युवा तथा खेलकुद शाखा
फुस्रेटार तनहुँ, गण्डकी प्रदेश नेपाल



# शुभकामना

भानु नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले आ.व. २०७९/०८० का संपूर्ण गतिविधि झल्कने स्थिति प्रतिवेदन (Status Report) तयार गरेकोमा अत्यन्त खुशी लागेको छ । राज्यका विभिन्न निकायहरुबाट सम्पादन गरिएका कार्यहरुका बारेमा सेवाग्राही तथा सरोकारवालाहरुलाई सरल र सहज रुपमा जानकारी दिनु हरेक ./निकायको कर्तव्य हो । यसै कर्तव्यलाई आत्मसात गर्दै भानु नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले एक आर्थिक वर्षभरीमा शिक्षा, युवा र खेलकुद क्षेत्रमा भए गरेका काम कारवाही तथा उपलब्धिहरुलाई समेटेर स्थिति प्रतिवेदन तयार गरेर निकै सराहनीय काम गरेको छ । यस कार्यले नगरपालिकाको संस्थागत अभिलेख व्यवस्थापन, पारदर्शिता र सुशासन प्रबर्द्धनका लागि महत्वपूर्ण टेवा पुग्न जानेछ भन्ने मैले विश्वास लिएको छु । राज्यले शिक्षा क्षेत्रमा व्यापक लगानी गरेको छ तथापि लगानीको अनुपातमा अपेक्षाकृत उपलब्धि हासिल हुन नसकिरहेको वर्तमान अवस्थामा भानु नगरपालिकाले पनि शिक्षा क्षेत्रको विकासमा उच्च महत्व दिएको छ । गुणस्तरीय जनशक्ति नै देशको समृद्धिको आधार हो । सबै बालबालिकामा शिक्षाको पहुँच पुऱ्याई बालमैत्री वातावरणमा आधुनिक विज्ञान तथा प्रविधिको प्रयोग गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने हाम्रो लक्ष्य हो ।सबैभन्दा महत्वपूर्ण विकास भनेकै मानव विकास हो भन्ने कुरालाई आत्मसात गर्दै हाम्रा सबै शैक्षिक गतिविधिहरु यसै दिशातर्फ केन्द्रित रहेका छन् । यसै गरी नगरपालिकाका सबै शाखाबाट आ आफ्नो जिम्मेवारीका कार्यक्रमहरुको कार्यप्रगति तथा यथार्थ प्रतिवेदन तयार गरी संप्रेषण गर्नु जरुरी छ । यस कार्यबाट कार्यरत कर्मचारीको क्षमता विकास र दायित्वबोध हुनुका साथै समयमा नै कार्य प्रगतिको रिपोर्टिङ गर्न सहज हुनेछ । फलतः प्रदेश र संघीय तहका सम्बद्ध निकायहरुमा नगरपालिकालाई हेर्ने दृष्टिकोणमा समेत सकारात्मक परिवर्तन हुन जानेछ ।

अन्तमा, यस सामग्री तयार गर्नका लागि अहोरात्र खट्नुहुने नगर शिक्षा अधिकारी लगायत शिक्षा, युवा तथा खेलकुद शाखा सम्बद्ध राष्ट्रसेवक कर्मचारीहरु धन्यवादका पात्र हुनुहुन्छ । यस प्रकारका सिर्जनशील कार्यको निरन्तरताको कामना गर्दछु ।

**दिबाकर पौडेल**
प्रमुख प्रशासकीय अधिकृत

## दुई शब्द

आजको युग आधुनिक सूचना प्रविधिको युग हो । सुशासन नागरिकको चाहना हो । यसका aAलागि राज्यका हरेक निकायमा पारदर्शिता, जवाफदेहिता र खुलापन जरुरी छ । सूचनाको हक सम्बन्धी ऐन २०६४ तथा नियमावली २०६५ ले हरेक सरकारी वा गैरसरकारी निकायबाट भए गरेका काम कारवाहीलाई हरेक तीन-तीन महिनामा तोकिएको ढाँचामा सूचनाको स्वतःप्रकाशन (Proactive disclosure of information) गरी सरोकारवालाहरुलाई सुसूचित गराउनुपर्ने वाध्यात्मक व्यवस्था गरेको छ । लोककल्याणकारी राज्यमा सरकारी स्तरबाट जनताका लागि प्रवाह गरिने विभिन्न सेवा सुविधा तथा कार्यक्रमहरुलाई लक्षीत वर्गको जानकारीका लागि यथार्थपरक सूचना प्रवाह गर्नु प्रत्येक संस्थाको कर्तव्य हो । यसबाट सेवा प्रदायक र सेवाग्राही बीचको सम्बन्ध घनिष्ट हुनुका साथै सबै सरोकारवालाहरु यसबाट लाभान्वित हुने अवसर समेत प्राप्त हुन्छ । यसै तथ्यलाई मध्यनजर राख्दै भानु नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले आव २०७९/०८० मा सम्पादन भएका संघीय तहबाट सशर्त कार्यक्रमका रुपमा प्राप्त कार्यक्रमहरु, स्थानीय तहबाट तय गरिएका कार्यक्रमहरु र आफ्नै पहलमा सम्पादन भएका कार्यक्रमहरु समेतको कार्यान्वयनको अवस्था तथा प्रगतिको यथार्थ चित्रण गर्ने हिसाबले यो वार्षिक स्थिति प्रतिवेदन तयार गरिएको छ ।

यस प्रतिवेदनमा खासगरी भानु नगरपालिकामा सम्पादन भएका शिक्षा, युवा र खेलकुद क्षेत्रमा मुख्य मुख्य कामको विवरण, कार्यसम्पादनको क्रममा भोग्नुपरेका समस्याहरु तथा आगामी बाटो समेत उल्लेख गरिएको छ । यसैगरी सबै कार्यक्रमको दृश्यात्मक प्रस्तुति समेत राखिएको छ । यसका साथै यसमा यस शाखाबाट सम्पादन भएका केही अनुकरणीय अभ्यास तथा असल अभ्यासलाई समेत समेटिएको छ । यसबाट भानु नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको संस्थागत अभिलेख व्यवस्थापन (Institutional memory) मा महत्वपूर्ण टेवा पुग्नुका साथै विभिन्न निकायमा रिपोर्टिङ् गर्न तथा यस क्षेत्रमा कुनै अध्ययन अनुसन्धान गर्न चाहने अनुसन्धाताहरु र अन्य पाठक वर्गका लागि समेत सहयोगी बन्न सक्नेछ भन्ने विश्वास लिएको छु । यसको अध्ययन विश्लेषण गरी रचनात्मक सुझाव प्रदान गर्न हामी संपूर्ण पाठक वर्गमा अनुरोध गर्न चाहन्छौं । यो स्थिति प्रतिवेदन तयारीका सन्दर्भमा आवश्यक तथ्याङ्क तथा विवरण उपलब्ध गराउन सहयोग गर्नुहुने शिक्षा, युवा तथा खेलकुद शाखाका सहकर्मी मित्रहरु तथा सम्बद्ध राष्ट्रसेवक कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । जय शिक्षा, जय भानु ।

**ध्रुवराज पौडेल**
नगर शिक्षा अधिकारी

# वार्षिक स्थिति प्रतिवेदन २०७९।०८०

# विषय सूची


| क्रसं | विषयवस्तु | पेज नं |
|---|---|---|
| १ | पृष्ठभुमि | ७ |
| २ | प्रतिवेदन लेखनको उद्देश्य | ७ |
| ३ | लेखन प्रक्रिया | ८ |
| ४ | नेपालको संविधानमा शिक्षा | ९ |
| ५ | स्थानीय सरकारको एकल र साझा अधिकारको सूची | ९ |
| ६ | स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा शिक्षा सम्बन्धी व्यवस्था | १० |
| ७ | भानु नगरपालिकाको आधारभूत शैक्षिक तथ्याङ्क | १२ |
| ८ | आव २०७९/०८० संघीय सरकारबाट सशर्त कार्यक्रमको रुपमा प्राप्त कार्यक्रमहरु | १३ |
| ९ | शिक्षा युवा तथा खेलकुद क्षेत्रको स्थानीय कार्यक्रमहरु | १५ |
| १० | सशर्त कार्यक्रमको वार्षिक प्रगति विवरण | १६ |
| ११ | स्थानीय तहबाट विनियोजित कार्यक्रम र बजेटको शीर्षकगत प्रगति विवरण | १८ |
| १२ | कार्यक्रम कार्यान्वयनको क्रममा आइपरेका समस्या तथा चुनौतीहरु | १९ |
| १३ | समस्या समाधानका लागि भए गरेका प्रयासहरु | २१ |
| १४ | आगामी दिशा (Way forward) | २२ |
| १६ | शाखाका मुख्य नवप्रवर्तनात्मक कार्यहरु | |
| | • सबै विद्यालयमा मापदण्ड पुगेका शिक्षकबाट प्रधानाध्यापकको व्यवस्था | २४ |
| | • शिक्षक डायरी निर्माण वितरण र प्रयोग | २४ |
| | • कक्षा १-८ को स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण तथा कार्यान्वयन | २४ |
| | • शिक्षक कर्मचारीको अभिलेख व्यवस्थापनको शुरुवात | २४ |

| | | |
|---|---|---|
| | • सबै बालविकास केन्द्रका लागि बालसामग्री वितरण | २५ |
| | • सबै सामुदायिक विद्यालयका लागि फिल्टर तथा युरोगार्ड वितरण | २५ |
| | • कक्षा ६-१२ कक्षाका बालिकालाई निशुल्क सेनिटरी प्याड वितरण | २५ |
| | • बाविके देखि कक्षा ६ सम्मका बालबालिकालाई दिवा खाजा कार्यक्रम | २५ |
| | • माध्यमिक विद्यालयहरुका लागि सेनिटरी प्याड डिस्पोजल मेशिन वितरण | २६ |
| | • सबै सामुदायिक विद्यालयलाई दिवाखाजाका लागि भान्साका सामग्री (भाँडा) वितरण | २६ |
| | • सबै प्राथमिक विद्यालयका बाल विकास केन्द्रका लागि वास बेसिंन वितरण | २६ |
| | • सबै माध्यमिक विद्यालयमा पुस्तकालय कम्प्युटर ल्याव तथा विज्ञान प्रयोगशाला | २६ |
| | • वार्षिक पाठयोजना सहितको शैक्षिक पात्रो निर्माण तथा वितरण | २७ |
| | • सबै विद्यालयहरु IEMIS मा आवद्ध | २७ |
| | • नगर शिक्षा योजना निर्माण तथा कार्यान्वयन | २७ |
| | • कक्षा १-३ मा सुधारात्मक मूल्याङ्कन प्रणाली लागु | २७ |
| | • स्वयमसेवक शिक्षक परिचालन | २७ |
| | • प्राविधिक शिक्षा छात्रवृत्ति वितरण | २८ |
| | • राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिताको निरन्तरता | २८ |
| | • नगरस्तरीय परीक्षा समिति गठन | २८ |
| | • वार्षिक स्थिति प्रतिवेदन प्रकाशनलाई निरन्तरता | २८ |
| १७ | अनुसूचीहरु | |
| | १। भौतिक पूर्वाधारका योजना प्राप्त गर्ने विद्यालयको विवरण | २९ |
| | २। शिक्षण सहयोग अनुदान प्राप्त गर्ने विद्यालयको विवरण | २९ |
| | ३। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम परेका विद्यालयहरु | ३० |

| | | |
|---|---|---|
| | ४। निःशुल्क सेनिटरी प्याड पाउने सामुदायिक विद्यालयको विवरण | ३० |
| | ५। दिवा खाजा कार्यक्रमको साप्ताहिक मेनु | ३० |
| | ६। बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत बालबालिका र किशोरीहरुको लागि विद्यालयमा वितरण गरिएका सामग्रीहरुको विवरण | ३३ |
| | ७। प्राविधिक छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण | ३४ |
| | ८। जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा पदक विजेता विद्यार्थीहरुको विवरण | ३७ |
| | ९। भानु नगरपालिकाका प्रधानाध्यापकहरुको विवरण | ३७ |
| | १०। भानु नगर शिक्षा समितिका पदाधिकारीहरुको विवरण | ४० |
| | ११। भानु नगरपालिकालाई प्राप्त सशर्त कार्यक्रम आव २०८०।०८१ | ४१ |
| | १२। आव २०८०।०८१ मा शिक्षक कर्मचारीहरुको तलबमान | ४३ |
| | १३। प्राविधिक शिक्षा छात्रवृत्ति वितरण कार्यविधि २०७९ | ४६ |
| | १४। स्वयमसेवक शिक्षक परिचालन कार्यविधि २०७९ | ५४ |
| | १५। धार्मिक प्रकृतिका शैक्षिक संस्थाहरुलाई अनुदान वितरण सम्बन्धी आन्तरिक कार्यविधि २०७९ | ६० |
| | १६। सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आन्तरिक कार्यविधि २०७९ | ६५ |
| | १७। विद्यालयमा शिक्षक कर्मचारी नियुक्ति तथा व्यवस्थापन सम्बन्धी नमूना कार्यविधि २०७९ | ७९ |
| १८ | सन्दर्भ सामग्री | ८७ |
| १९ | कार्यसम्पादनको दृश्यात्मक झलक | ८८ |

# भानु नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको
# वार्षिक स्थिति प्रतिवेदन २०७९/०८०

## १. पृष्ठभूमि (Background)

नेपालको संविधान बमोजिम शिक्षा नागरिकको मौलिक हकको रुपमा रहेको छ ।देशको विकास र समृद्धिका लागि शिक्षा तथा दक्ष जनशक्ति अपरिहार्य छ । यसका लागि स्थानीय स्तरमा रहेको विद्यालय तहको जगको रुपमा हरेको बाल विकास केन्द्रदेखि नै योजनावद्ध र व्यवस्थित रुपमा शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्नु जरुरी छ । नेपालमा संघीयता लागु भैसकेपछि तीन तहका सरकारहरु क्रियाशील रहेका छन् संघीय प्रदेश र स्थानीय सरकार । ती मध्ये जनताको प्रत्यक्ष संपर्कमा रहेर सेवा प्रवाह गर्ने जनताको सबैभन्दा नजिकको सरकार हो स्थानीय सरकार । लोक कल्याणकारी राज्यमा सरकारको मूल दायित्व हुन्छ जिम्मेवारी, जवाफदेहिता, पारदर्शिता र सुशासन । आजको युगमा सूचना एक महत्वपुर्ण पक्ष हो । सूचनाको हकसम्बन्धी ऐन २०६४ तथा नियमावली २०६५ ले हरेक सार्वजनिक निकायले जनसरोकारका हरेक कुराको बारेमा सूचना संप्रेषण गर्नु उसको दायित्व रहेको हुन्छ । कार्यालयको संस्थागत अभिलेख व्यवस्थापनलाई चुस्त बनाउनुका साथै सरोकारवालाहरुको जानकारीका लागि समेत यो स्थिति प्रतिवेदन जरुरी छ । यसमा विशेषतः आव २०७९।०८० मा संघीय सरकारबाट सशर्त कार्यक्रमको रुपमा प्राप्त शैक्षिक कार्यक्रमहरु स्थानीय तहबाट निर्माण गरिएका कार्यक्रम तथा शाखाको आफ्नै पहलमा सम्पादन भएका कार्यक्रमहरुलाई लिपिवद्ध गरी अभिलेखलाई अद्यावधिक गर्दै विभिन्न निकायमा संप्रेषित गर्ने उद्देश्यले यो स्थिति प्रतिवदेन तयार गरिएको हो ।

यस प्रतिवेदनमा खासगरी शिक्षा सम्बन्धमा संबैधानिक, नीतिगत र कानूनी प्रावधानहरु, संघीय स्वरुपमा शिक्षाका अधिकार क्षेत्रहरु र विभिन्न योजना र कार्यक्रमहरुमा शैक्षिक कार्यक्रमहरु र कार्यसम्पादनको अवस्थालाई प्रष्टसंग झल्काउन खोजिएको छ । यसबाट विगतका कमि कमजोरीहरुलाई आत्मसात गर्दै आगामी दिनमा अझ परिष्कृत रुपमा कार्यसम्पादनको मार्ग प्रसस्त पनि हुन जानेछ भन्ने अपेक्षा लिइएको छ ।

## २. स्थिति प्रतिवेदन लेखनको उद्देश्य

**क)** शिक्षा, युवा तथा खेलकुद शाखाका कार्यक्रमहरुको अभिलेख व्यवस्थित र अद्यावधिक गराउने ।

**ख)** समग्र भानु शैक्षिक अवस्थाको पहिचान र विश्लेषण गर्ने ।

ग) कार्यालयबाट प्रवाह भएका सेवाहरुलाई सरोकारवालाहरु समक्ष मूल्याङ्कन गराउने ।

**घ)** नगरपालिकाबाट सञ्चालित कार्यक्रमहरुको रिपोर्टिङ्लाई चुस्त र बस्तुनिष्ठ बनाउने ।

**ङ)** कार्यालयको काम कारवाहीलाई पारदर्शी र सेवाग्राहीमैत्री बनाउने ।

**च)** आगामी दिनमा सञ्चालन हुने कार्यक्रमहरुलाई मार्गनिर्देशन गर्ने ।

छ) कार्यालय र सरोकारवालाहरु बीचको सम्बन्ध सुमधुर बनाउने ।

## ३. प्रतिवेदन लेखन तथा तयारी प्रक्रिया

क) शिक्षा सम्बन्धी संबैधानिक, नीतिगत र कानूनी व्यवस्था, कार्यक्रम कार्यान्वयनको प्रक्रिया, अवलम्बन गरिएका कार्यविधिहरु र सोको प्राप्तिका अवस्थाहरुलाई सम्बोधन गर्ने प्रयास गरिएको

ख) भानु नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाबाट आ.व. २०७९।०८० मा सम्पादन भएका सबै कार्यक्रमको यथार्थ विवरण संकलन गरिएको

ग) कार्यसम्पादनको क्रममा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका (Program Implementation Manual - PIM) का प्रावधानहरुलाई आत्मसात गरी सो बमोजिम कार्य प्रगति समीक्षा गरिएको ।

घ) विद्यालयहरुमा निकासा भएका विभिन्न बजेट शीर्षकहरुका बारेमा लेखा शाखाबाट यथार्थ विवरण उतार गरिएको ।

ङ) स्थलगत अनुगमनको क्रममा प्राप्त विवरण र टिपोट तथा प्रतिवदेनलाई आधारको रुपमा लिइएको ।

च) प्रतिवेदन लेखनको ढाँचा बमोजिम सिलसिलेवार रुपमा विषयवस्तु संयोजन तथा लिपिबद्ध गरिएको ।

छ) कार्यसम्पादनको अवस्था र सोको प्रभाव मूल्याङ्कनको पक्षलाई समेत सम्बोधन गर्ने प्रयास गरिएको ।

ज) कार्यक्रम कार्यान्वयनका क्रममा स्थानीय शिक्षा ऐन, नगर कार्यपालिका, नगर शिक्षा समिति लगायत विभिन्न समितिहरु र प्रमुख प्रशासकीय अधिकृत र नगरप्रमुख स्तरीय निर्णय तथा निर्देशनका अतिरिक्त अन्य प्रचलित कानूनहरुलाई पनि पालना गरिएको ।

## ४. नेपालको संविधानमा शिक्षा

नागरिकको मौलिक हक अन्तर्गत नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हकमा भनिएको छ कि,

क) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

ख) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।

ग) अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

घ) दृष्टिविहिन नागरिकलाई ब्रेल लिपीमा तथा बहिरा र स्वर र बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साँकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क पाउने हक हुनेछ ।

ङ) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

## ३. नेपालको संविधानमा स्थानीय तहको अधिकारको सूची

संविधानको अनुसूची ८ मा रहेको स्थानीय तहको अधिकारको सूचीमा आधारभूत र माध्यमिक शिक्षा भनी स्पष्ट उल्लेख गरिएको छ । एकल अधिकारको सूची अन्तर्गत देहायका कुराहरु स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्दछन् ।

**अनुसूची—८**

(धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित)

स्थानीय तहको अधिकारको सूची

| क सं | विषयहरु |
|---|---|
| १ | नगर प्रहरी |
| २ | सहकारी संस्था |
| ३ | एफ. एम सञ्चालन |
| ४ | स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन |
| ५ | स्थानीय सेवाको व्यवस्थापन |
| ६ | स्थानीय तथ्यांक र अभिलेख संकलन |
| ७ | स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू |
| ८ | आधारभूत र माध्यमिक शिक्षा |
| ९ | आधारभूत स्वास्थ्य र सरसफाइ |

| | |
|---|---|
| १० | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता |
| ११ | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ |
| १२ | गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १३ | स्थानीय अभिलेख व्यवस्थापन |
| १४ | घर जग्गा धनी पुर्जा वितरण |
| १५ | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी |
| १६ | ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन |
| १७ | बेरोजगारको तथ्यांक संकलन |
| १८ | कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण |
| १९ | खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा |
| २० | विपद व्यवस्थापन |
| २१ | जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण |
| २२ | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास |

## ४ स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा शिक्षा तथा खेलकुद

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा शिक्षा, युवा तथा खेलकुद सम्बन्धमा देहायको कुरा उल्लेख गरिएको छ ।उक्त ऐनको परिच्छेद ३ दफा ११ (ज) मा शिक्षा सम्बन्धी काम कर्तव्य र अधिकारका बारेमा देहायका विषयहरु उल्लेख गरिएका छन् ।

**आधारभूत र माध्यधमक शिक्षा**

१) प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति सञ्चालन व्यवस्थापन र नियमन,

३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन

४) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन

५) गाभिएका वा बन्द गरिएका विद्यालयहरुको सम्पत्ति व्यवस्थापन

६) गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन

७) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन

८) विद्यालयको नामाकरण

९) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन

१०) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण

११) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान

१२) विद्यालयको नक्शाङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन

१३) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

१४) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन

१५) विद्यार्थीको सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन

१६) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन

१७) ट्युसन कोचिङ् जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति र नियमन

१८) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रबर्द्धन र स्तरीकरण

१९) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन र व्यवस्थापन

२०) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन

२१) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यववस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन

२२) शिक्षण सिकाइ शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास

२३) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

२४) स्थानीयस्तरका खेलकुद संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास

२५) स्थानीयस्तरका खेलकुद प्रशासन तथा सङ्घसंस्थाको नियमन र समन्वय

२६) खेलकुदको विकास र प्रवर्द्धन

२७) खेलकुद प्रतियोगिता आयोजना र सहभागिता

२८) खेलकुद सम्बन्धी पूर्वाधारको विकास

## ५) भानुको आधारभूत शैक्षिक तथ्याङ्क

### तहगत विद्यालय संख्या

| क सं | तह | संख्या | कैफियत |
|---|---|---|---|
| १ | कक्षा १-३ सञ्चालित विद्यालय | ११ | |

| | | | |
|---|---|---|---|
| २ | कक्षा १-५ सञ्चालित विद्यालय | १२ | |
| ३ | कक्षा १-८ सञ्चालित विद्यालय | ८ | |
| ४ | कक्षा १-१० सञ्चालित विद्यालय | ७ | |
| ५ | कक्षा १-१२ सञ्चालित विद्यालय | १३ | |
| | जम्मा | ५१ | |

## शिक्षकको तहगत लैंङ्गिक विवरण (सामुदायिक)

| क्र सं | तह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | प्राथमिक | १२० | ११७ | २३७ |
| २ | निम्न माध्यमिक | २० | ६९ | ८९ |
| ३ | माध्यमिक | १९ | ७१ | ९० |
| ४ | उच्च माध्यमिक | ० | १६ | १६ |
| | जम्मा | **१५९** | **२७३** | **४३२** |

## शिक्षक – विद्यार्थी अनुपातको अवस्था (सामुदायिक)

| क्र सं | तह | दरबन्दी | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाल विकास केन्द्र | ६३ | ७७४ | १:१२.२८ | |
| २ | कक्षा १-५ | २३७ | २७०६ | १:११.४१ | न्यून अनुपात |
| ३ | कक्षा ६-८ | ८९ | १८०२ | १:२०.२४ | |
| ४ | कक्षा ९-१० | ९० | १३९१ | १:१५.४५ | |
| ५ | कक्षा ११-१२ | १६ | ७५४ | १:४७.१२ | उच्च अनुपात |
| | जम्मा | **४९५** | **७४२७** | | |

- **प्राविधिक शिक्षालयहरु ३ (होरालो, भानु संस्कृत र त्रिभुवन)**
- **सामुदायिक कलेज ३ (तनहुँ शारदा, पूर्कोट कालिका र त्रिभुवन)**
- **सामुदायिक सिकाइ केन्द्र ७ (भानु सासिके, बरभञ्ज्याङ् सासिके, सतिस्वाँरा सासिके, बसन्तपुर सासिके, पूर्कोट सासिके, चोक चिसापानी सासिके र रुपाकोट सासिके)**

## ७ आव २०७९।०८० का लागि संघीय सरकारबाट प्राप्त सशर्त कार्यक्रमहरु

### (शिक्षा, युवा तथा खेलकुद शाखा)

| | | | | |
|---|---|---|---|---|
| | भानु नगरपालिका तनहुँ | | | |
| | अन्तर सरकारी वित्तीय हस्तान्तरण स्थानीय तह आर्थिक वर्ष २०७९/८० | | | |
| | | | | रु. हजारमा |
| 35000014 | सबैका लागि शिक्षा - आधारभूत तह | | | |
| 1.1.3.3 | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) | नेपाल सरकार | नगद | १९१५९९ |
| 35000015 | माध्यामिक तह | | | |
| 1.1.3.4 | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | नेपाल सरकार | नगद | ६८४४६ |
| 35000801 | विद्यालय क्षेत्र विकास कार्यक्रम- जिल्ला स्तर | | | |
| 1.1.4.1 | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | नेपाल सरकार | नगद | १३११३ |
| 1.1.4.1 | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | एस.इ.एस पी | शोधभर्ना हुने अनुदान | २३४२ |
| 1.1.4.1 | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | एस.इ.एस पी | शोधभर्ना हुने ऋण | ४७६७ |
| 2.4.6.1 | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | नेपाल सरकार | नगद | २९३४ |
| 2.4.6.1 | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | एस.इ.एस पी | शोधभर्ना हुने अनुदान | ५२२ |
| 2.4.6.1 | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | एस.इ.एस.पी. | शोधभर्ना हुने ऋण | १०६३ |
| 2.7.11.1 | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | नेपाल सरकार | नगद | ६२८६ |
| 2.7.11.1 | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | एस.इ.एस.पी. | शोधभर्ना हुने अनुदान | ११२० |
| 2.7.11.1 | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | एस.इ.एस.पी. | शोधभर्ना हुने ऋण | २२७९ |
| 2.7.13.10 | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | एस.इ.एस.पी. | शोधभर्ना हुने अनुदान | ५०३ |
| 2.7.13.10 | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | नेपाल सरकार | नगद | २८२६ |
| 2.7.13.10 | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | नेपाल सरकार | शोधभर्ना हुने ऋण | ३२९ |

| | | | | |
|---|---|---|---|---|
| 2.7.13.11 | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | एस.इ.एस.पी. | शोधभर्ना हुने अनुदान | १६२ |
| 2.7.13.11 | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | एस.इ.एस.पी. | शोधभर्ना हुने ऋण | ३२९ |
| 2.7.13.11 | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | नेपाल सरकार | नगद | ९०९ |
| 2.7.13.13 | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | नेपाल सरकार | नगद | ३८९४ |
| 2.7.13.13 | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | एस.इ.एस.पी. | शोधभर्ना हुने अनुदान | ६९४ |
| 2.7.13.13 | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | एस.इ.एस.पी. | शोधभर्ना हुने ऋण | १४१२ |
| 2.7.13.23 | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | नेपाल सरकार | नगद | १३१७ |
| 2.7.13.23 | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | एस.इ.एस.पी. | शोधभर्ना हुने अनुदान | २३५ |
| 2.7.13.23 | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | एस.इ.एस.पी. | शोधभर्ना हुने ऋण | ४७८ |
| 2.7.13.41 | आधारभूत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | एस.इ.एस.पी. | शोधभर्ना हुने ऋण | ८५ |
| 2.7.13.41 | आधारभूत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | एस.इ.एस.पी. | शोधभर्ना हुने अनुदान | ४२ |
| 2.7.13.41 | आधारभूत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | नेपाल सरकार | नगद | २३५ |
| 2.7.25.62 | कोभिड - १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम | एस.इ.एस.पी. | शोधभर्ना हुने अनुदान | ५८ |
| 2.7.25.62 | कोभिड - १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम | नेपाल सरकार | नगद | ३२४ |
| 2.7.25.62 | कोभिड - १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम | नेपाल सरकार | शोधभर्ना हुने ऋण | ११८ |
| 2.7.13.50 | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि विद्यालयलाई अनुदान | नेपाल सरकार | नगद | ११२४ |
| 2.7.13.50 | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि विद्यालयलाई अनुदान | एस.इ.एस.पी. | शोधभर्ना हुने अनुदान | २०० |

| | | | | |
|---|---|---|---|---|
| 2.7.13.50 | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि विद्यालयलाई अनुदान | एस.इ.एस.पी. | शोधभर्ना हुने ऋण | ४०७ |
| 2.7.13.51 | संस्थागत क्षमता विकास परीक्षा सञ्चालन एवम् विद्यार्थी मूल्याङ्कन | नेपाल सरकार | नगद | ७१९ |
| 2.7.13.51 | संस्थागत क्षमता विकास परीक्षा सञ्चालन एवम् विद्यार्थी मूल्याङ्कन | एस.इ.एस.पी. | शोधभर्ना हुने अनुदान | १२८ |
| 2.7.13.51 | संस्थागत क्षमता विकास परीक्षा सञ्चालन एवम् विद्यार्थी मूल्याङ्कन | एस.इ.एस.पी. | शोधभर्ना हुने ऋण | २६० |
| 7.2.1.1 | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | एस.इ.एस.पी. | शोधभर्ना हुने अनुदान | १९४ |
| 7.2.1.1 | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | नेपाल सरकार | नगद | १०१९ |
| 7.2.1.1 | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | नेपाल सरकार | शोधभर्ना हुने ऋण | ३७८ |
| 34341011 | राष्ट्रिय खेलकुद परिषद् | | | |
| 2.7.14.1 | राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता (स्थानीय तहस्तरीय) | नेपाल सरकार | नगद | १०० |
| | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम (चारकोठे भवन १ दुईकोठे भवन १ र सूचना प्रविधि प्रयोगशाला २) | नेपाल सरकार | नगद | ८८०० |
| | **कूल बजेट** | | | **३२१७५०** |

## ८ भानु नगरपालिकाको आन्तरिक स्रोतबाट सञ्चालन हुने कार्यक्रमहरु २०७९।०८०

| क सं | कार्यक्रमको नाम | जिम्मेवार निकाय | बजेट रु |
|---|---|---|---|
| १ | सका, कास तथा विद्यालय सहायक थप तलब | भानु नपा | ११९६०००० |
| २ | शैक्षिक क्यालेण्डर छपाइ र वितरण | भानु नपा | १००००० |
| ३ | कक्षा १-८ को स्थानीय विषयको पाठ्यपुस्तक तयारी छपाइ र वितरण | भानु नपा | १०००००० |
| ४ | कक्षा ८ को परीक्षा व्यवस्थापन | भानु नपा | ५००००० |
| ५ | शिक्षकहरुको अभिलेख अद्यावधिक | भानु नपा | १००००० |
| ६ | विद्यालयस्तरीय शैक्षिक तथ्याङ्क प्रवृष्टि सम्बन्धी शिक्षकलाई तालिम | भानु नपा | १५०००० |
| ७ | महिला शिक्षक सुत्केरी बिदामा रहँदा स्वयमसेवक शिक्षक सहयोग अनुदान | भानु नपा | २००००० |
| ८ | प्राविधिक शिक्षा छात्रवृत्ति अनुदान | भानु नपा | १३००००० |
| ९ | विद्यालय मर्मतसंभार अनुदान | भानु नपा | १०००००० |
| १० | राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता | भानु नपा | ९००००० |
| ११ | विद्यालयलाई खेल सामग्री खरीद तथा वितरण | भानु नपा | ५००००० |
| १२ | स्थानीय विषयको पाठ्यपुस्तक छपाइ | भानु नपा | ४००००० |

| | | | |
|---|---|---|---|
| | जम्मा रु | | १८११०००० |

९ सशर्त कार्यक्रमको वार्षिक कार्यप्रगति विवरण २०७९।०८०

| ब.शि.नं. | कार्यक्रमको नाम | वार्षिक बजेट | खर्च रु | वित्तीय प्रगति | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|---|---|
| 1.1.3.3 | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तर्गतका शिक्षक/ कर्मचारीहरु समेत) थप निकासा समेत | १९१५९९ | १९१५९९ | १०० | स्वीकृत तलबी प्रतिवेदन र PIM का आधारमा त्रैमासिक रुपमा निकासा गरिएको |
| 1.1.3.4 | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | ६८४४६ | ६६७०० | ९७.४४ | स्वीकृत तलबी प्रतिवेदन र PIM का आधारमा त्रैमासिक रुपमा निकासा गरिएको |
| 1.1.4.1 | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | २०२२२ | २०१३६ | ९९.५७ | PIM का आधारमा मासिक रु १० हजारका दरले १३ महिनाको निकासा |
| 2.4.6.1 | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | ४५१९ | २९५९ | ६५.४७ | कक्षा १ देखि १० सम्मका बालबालिकालाई IEMIS का आधारमा कक्षागत पापु सेटको तोकिएको दररेटका आधारमा निकासा |
| 2.7.11.1 | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ९६८५ | ९६८५ | १०० | IEMIS का आधारमा बाविके देखि कक्षा ६ सम्मका बालबालिकालाई हाजिरी प्रमाणित, सक्कल बील भरपाइ र विव्यस बाट खर्च अनुमोदनको निर्णयका आधारमा सोधभर्ना निकासा दिइएको |
| 2.7.13.10 | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ३६५८ | ३३४६ | ९१.४७ | PIM का आधारमा प्रावि, निमावि, मावि र उमावि लाई क्रमशः वार्षिक रु १५ हजार, रु २० हजार, रु २५ हजार र रु ३० हजारका दरले निकासा गरिएको |
| 2.7.13.11 | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | १४०० | १४०० | १०० | PIM का आधारमा भानुका ७ वटा सासिकेमा कार्यरत समुदाय परिचालकलाई मासिक रु ८ हजारका दरले १३ महिनाको पारिश्रमिक उपलब्ध गराइएको |
| 2.7.13.13 | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ६००० | ४८०० | ८० | भानु नगर शिक्षा समितिको निर्णय अनुसार ४ वटा विद्यालयमा पुस्तकालय, ३ वटा विद्यालयमा विज्ञान प्रयोगशाला र ५ वटा विद्यालयमा कार्यसम्पादनका आधारमा प्रोत्साहन अनुदान उपलब्ध गराइएको |

| | | | | | |
|---|---|---|---|---|---|
| 2.7.13.23 | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | २०३० | ७६० | ३७.४३ | सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ बमोजिम इ -टेण्डरको माध्यमबाट खरीद प्रक्रिया अघि बढेको (६२ प्रतिशत कम मूल्यमा टेण्डर परेको) |
| 2.7.13.41 | आधारभूत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ३६२ | ३६२ | १०० | PIM का आधारमा निमा तहमा एउटा पनि दरबन्दी नभएको एउटा निमाविमा एकजना शिक्षकका लागि तलब उपलब्ध गराइएको |
| 2.7.25.62 | कोभिड - १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम | ५०० | ५०० | १०० | कक्षा १-३ का लागि सुधारात्मक मूल्याङ्कक प्रणाली अन्तर्गत मूल्याङ्कन अभिलेखीकरण पुस्तिका र सबै शिक्षकका लागि शिक्षक डायरी निर्माणको चरणमा रहेको |
| 2.7.13.50 | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि विद्यालयलाई अनुदान | १७३१ | १५९८ | ९२.३१ | PIM का आधारमा IEMIS बमोजिम तोकिएको दरमा विद्यालयलाई अनुदान उपलब्ध गराइएको |
| 2.7.13.51 | संस्थागत क्षमता विकास परीक्षा सञ्चालन एवम् विद्यार्थी मूल्याङ्कन | ११०७ | ९५४ | ८६.१७ | SMC/PTA का अध्यक्षहरुलाई ३ वटा केन्द्रमा दुईदिवसीय तालिम र IT स्रोत शिक्षकहरुका लागि ५ दिवसीय तालिम (दुईवटा समूहमा) सञ्चालन गरिएको |
| 7.2.1.1 | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | १५९१ | १०८४ | ६८.१३ | PIM का आधारमा IEMIS बमोजिम कक्षा १ देखि ८ सम्मका सबै दलित र छात्राहरुलाई (दोहोरो नपर्ने गरी) जनही रु ४०० का दरले छात्रवृत्ति उपलब्ध गराइएको |
| 2.7.14.1 | राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता (स्थानीय तहस्तरीय) | १०० | १०० | १०० | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७६ बमोजिम नगरस्तरीय रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको । |
| थप निकासा | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम<br>• चारकोठे पक्की भवन १/५० लाख<br>• दुईकोठे पक्की भवन १/२५ लाख<br>• सूचना प्रविधि प्रयोगशाला २/६ लाख ५० हजार | ८८०० | ८८०० | १०० | PIM का आधारमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट छनौट भएका विद्यालयहरुसँग सम्झौता गरी सूचना प्रविधि प्रयोगशाला निर्माणको कार्य सम्पन्न भैसकेको र भुक्तानिको चरणमा रहेको तथा २ कोठे र ४ कोठे पक्की भवनको निर्माण कार्य सम्पन्न हुन बाँकी रहेकोले हाललाई विद्यालयको खातामा रकम निकासा गरी बैंक खाता रोक्का राखे र प्रगति एवं प्राविधिक प्रतिवेदनको आधारमा क्रमशः फुकुवा गर्दै जाने गरी निकासा गरिएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | कूल बजेट | ३२१७५० | ३१४७८३ | ९७.८३ | |

## १० स्थानीय तहबाट विनियोजित कार्यक्रम र बजेटको प्रगति विवरण २०७९।०८०

| क्रसं | कार्यक्रमको नाम | वार्षिक बजेट (रु. हजारमा) | खर्च (रु. हजारमा) | वित्तीय प्रगति | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|---|---|
| १ | सका, कास तथा विद्यालय सहायक थप तलब | ११९६०००० | ११०९४००० | ९२.७५ | सका र कासका लागि रु ७ हजार र लेपाका लागि रु ४५०० थप तथा आन्तरिक स्रोतबाट व्यवस्थापन गरिएका सकाका लागि रु १७ हजारका दरले १३ महिनाको पारिश्रमिक निकासा गरिएको |
| २ | शैक्षिक क्यालेण्डर छपाइ र वितरण | १००००० | १००००० | १०० | वार्षिक पाठयोजना सहितको सूचनामूलक शैक्षिक पात्रो ५०० प्रति छपाई वितरण गरिएको |
| ३ | कक्षा १-८ को स्थानीय विषयको पाठ्यपुस्तक तयारी छपाइ र वितरण | १०००००० | ६०९६२५ | ६०.९६ | कक्षा १-८ को पाठ्यपुस्तक निर्माणको लागि सम्झौता गरिएकोमा २०८० आषाढ २० गतेसम्म कक्षा १-५ को मात्र पापु निर्माण भएकोले पाँचवटा कक्षाका लागि मात्र भुक्तानि गरिएको । बाँकी कक्षाका पापु निर्माण श्रावण मसान्त भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको । |
| ४ | कक्षा ८ को परीक्षा व्यवस्थापन | ५००००० | ५००००० | १०० | नगरस्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा समितिको निर्णय अनुसार कक्षा ८ को परीक्षा स्वच्छ र मर्यादित रुपमा सञ्चालन गरी विद्यार्थीलाई प्रमाणपत्र उपलब्ध गराइएको । |
| ५ | शिक्षकहरुको अभिलेख अद्यावधिक | १००००० | १००००० | १०० | सबै विद्यालय तथा शिक्षक कर्मचारीको अभिलेख व्यवस्थापनलाई चुस्त र अद्यावधिक बनाउने प्रयास गरिएको । विद्यालयगत अलग अगल इन्डेक्स फाइल बनाई शिक्षकको व्यक्तिगत अभिलेखलाई सुरक्षित र अपडेट गर्न शुरु गरिएको । |
| ६ | विद्यालयस्तरीय शैक्षिक तथ्याङ्क प्रवृष्टि सम्बन्धी शिक्षकलाई तालिम | १५०००० | १५०००० | १०० | तीन वटा केन्द्रमा IEMIS सम्बन्धी अभिमुखीकरण सम्पन्न गरिएको । |
| ७ | महिला शिक्षक सुत्केरी बिदामा रहँदा स्वयमसेवक शिक्षक सहयोग अनुदान | २००००० | १५०००० | ७५ | महिला शिक्षक सुत्केरी हुँदा बिदाको अवधिका लागि ६ जना स्वयमसेवक शिक्षकलाई परिचालन गरिएको । |
| ८ | प्राविधिक शिक्षा छात्रवृत्ति अनुदान | १३००००० | १२००००० | ९२.३० | प्राविधिक शिक्षा छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि २०७९ बमोजिम २४ जना विद्यार्थीलाई छनोट गरी पहिलो वर्ष जनही ५० हजारका दरले विद्यालयमार्फत छात्रवृत्ति उपलब्ध गराइएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | विद्यालय मर्मतसंभार अनुदान | १०००००० | ९५०००० | ९५.० | नगर शिक्षा समितिको निर्णय अनुसार विद्यालयले पेश गरेको प्रस्तावका आधारमा २० वटा विद्यालय छनोट गरिएकोमा एउटा विद्यालयले काम नगरेको र बाँकी १९ वटाले प्रस्तावको आधारमा कार्यसम्पन्न गरेको प्राविधिक प्रतिवेदन र विल भरपाइका आधारमा र भुक्तानि दिइएको |
| १० | राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता | ९००००० | ९००००० | १०० | राष्ट्रपति रनिडशिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन कार्यविधि बमोजिम नगरस्तरीय खेलकुदमा सबै विधामा खेल प्रतियोगिता सञ्चालन गरिएको र सबै विद्यालयहरु सहभागी भएका । जिल्ला स्तरीय प्रतियोगितामा भानुले ६ स्वर्ण, १ रजत र ६ कास्य गरी जम्मा १३ पदकका साथ दोस्रो स्थान प्राप्त गरी ट्रफि हात पारेको । साथै विद्यालयगत उत्कृष्टताका आधारमा राष्ट्रिय मा.वि. भानु ११ मयाखु जिल्ला स्तरमा नै तृतीय स्थान प्राप्त गरी नगर रु १० हजार र प्रमाणपत्र प्राप्त गरेको । |
| ११ | विद्यालयलाई खेल सामग्री खरीद तथा वितरण | ५००००० | ५००००० | १०० | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई मध्यनजर गरी माध्यमिक विद्यालयहरुलाई र विभिन्न खेल सामग्री खरीद गरी वितरण गरिएको । |
| १२ | स्थानीय विषयको पाठ्यपुस्तक छपाइ | ४००००० | ० | ० | समय अभावका कारण र CRC तोकिएको समयमा नआइपुगेकोले पापु छपाउन नसकिएको । यसको छपाइ २०८० श्रावण महिनामा गर्ने लक्ष्य राखिएको । |
| | जम्मा रु | **१८११००००** | **१६३०३६२५** | ९०.०२ | |

## ११ वार्षिक प्रगति विवरण

| क्र. सं | बजेट शिर्षक | कूल बजेट (रु हजारमा) | खर्च भएको (रु हजारमा) | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | सशर्त अनुदान | ३२१७५० | ३१४७८३ | ९७.८३ |
| २ | स्थानीय स्रोत | १८११० | १६३०३ | ९०.०२ |
| जम्मा रु | | ३३९८६० | ३३१०८६ | ९७.४१ |

## १२. कार्यक्रम कार्यान्वयनको क्रममा आइपरेका समस्या तथा चुनौतीहरु

नेपाल संघीय प्रणालीमा आइसकेपछि हिजो संघीय (केन्द्रीय तह) मा निहित अधिकारहरु स्थानीय तहमा निक्षेपण (Deposition) भएको अवस्था छ । कतिपय अधिकार क्षेत्रका विषयहरुलाई कार्यान्वयन गर्ने चुनौतीहरु पनि विद्यमान रहेका छन् । पूर्वाधार र जनशक्तिको अभावमा कतिपय कार्यहरु चाहेर पनि सम्पादन गर्न सकिएको अवस्था छैन । कार्यक्रम कार्यन्वयनको क्रममा आइपरेका समस्या तथा चुनौतीहरुलाई यसप्रकार राख्न सकिन्छ ।

**समस्याहरुः**

क) साधन र स्रोतको अभावमा विद्यालयमा माग र आवश्यकताका आधारमा महत्वपूर्ण योजनाहरु कार्यान्वयन गर्न नसकिनु ।

ख) शिक्षा क्षेत्रको आन्तरिक स्रोतबाट विनियोजित बजेटमा चालु खर्च बढी हुन गई पूँजीगत खर्च न्यून रहनु ।

ग) स्थानीय नगर शिक्षा योजना प्रभावकारी रुपमा कार्यान्वयन हुन नसक्नु ।

घ) निर्वाचित जनप्रतिनिधिहरुलाई शिक्षाको महत्व र बालबालिकाको विकासका लागि बजेट विनियोजनका लागि कन्भिन्स गर्न नसकिनु ।

ङ) विगतमा जिल्ला शिक्षा कार्यालयबाट सम्पादन हुने कामकारवाहीहरु सबै स्थानीय तहबाट सम्पादन गर्नुपर्ने तथा सो बमोजिमको पर्याप्त जनशक्तिको व्यवस्था गर्न नसकिनु ।

च) विद्यालयको सघन रुपमा सुपरिवेक्षण कक्षा अवलोकन तथा पृष्ठपोषण गर्ने प्राविधिक तथा शिक्षकको पेशागत सहयोगका काम अपेक्षाकृत रुपमा अघि बढाउन नसकिनु ।

छ) प्राथमिक तहमा कक्षागत दरबन्दी र निमा र मावि तहमा सम्बन्धित तहको शिक्षक व्यवस्थापन हुन नसक्नु र तल्लो तहबाट येनकेन काम चलाउनुपर्ने वाध्यता सिर्जना हुनु

ज) स्थानीय तहको निर्वाचन लगायत अन्य विविध कारणले विद्यालयको भौतिक निर्माणको काम समयमा नै सम्पन्न गर्न नसकिनु ।

**चुनौतीहरु :**

क) भानु नगरपालिका शिक्षा, युवा तथा खेलकुद क्षेत्रमा पर्याप्त बजेटको व्यवस्था गर्ने ।

ख) स्थानीय नगर शिक्षा योजनाको प्राथमिकता अनुसार प्रभावकारी कार्यान्वयनमा गर्ने ।

ग) सबै विद्यालयमाको वातावरण प्रविधिमैत्री र सिकाइमैत्री बनाई बालबालिकामा उच्च सिकाइ सक्षमता कायम गराउने ।

घ) बालबालिका, शिक्षा तथा युवाको क्षेत्रमा लगानी गर्न जनप्रतिनिधिहरु तथा सरोकारवालाहरुलाई तयार गराउने ।

ङ) नगरपालिकाको कामकाज कुनै एउटा प्रशासनिक केन्द्रबाट सञ्चालन भई एकीकृत सेवा प्रवाहको वातावरण निर्माण गर्ने ।

च) विद्यालयको सघन रुपमा सुपरिवेक्षण कक्षा अवलोकन तथा पृष्ठपोषण गर्ने प्राविधिक तथा शिक्षकको पेशागत सहयोगका काम अघि बढाउने ।

छ) सबै विद्यालयहरुमा तोकिएको योग्यता तथा मापदण्ड पुगेका प्रधानाध्यापक नियुक्त गरी विद्यालयलाई योग्यता प्रणालीमा अघि बढाउने ।

ज) नगरका सबै प्राथमिक तहमा कम्तिमा कक्षागत दरबन्दी र नि.मा. र माध्यमिक तहमा सम्बन्धित तहको शिक्षक व्यवस्थापन गरी पठनपाठनलाई सहज बनाउने ।

झ) दरबन्दी कम भएका विद्यालयहरुमा स्वयमसेवक शिक्षक परिचालन गरी कक्षागत दरबन्दीको व्यवस्था गरी पठनपाठन प्रक्रियालाई सहज बनाउने ।

ञ) विद्यालयको भौतिक निर्माणको काम समयमा नै गुणस्तरीय रुपमा सम्पन्न गर्ने ।

ट) विद्यालयको बेरुजु शुन्यमा झार्ने ।

ठ) सामुदायिक सिकाइ केन्द्रहरुलाई लक्षीत उद्देश्य र मापदण्ड बमोजिम उत्तरदायी बनाउँदै प्रणालीगत रुपमा सञ्चालन गर्ने गराउने ।

ड) विद्यालय नक्शाङ्कनको काम व्यवहारिक रुपमा सम्पन्न गर्ने

ढ) स्थानीय शिक्षा ऐन २०७७ तथा शिक्षा नियमावली २०७८ लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ण) भानु नगरपालिकाको स्थानीय पाठ्यक्रम "हाम्रो भानु" बमोजिम कक्षा १ देखि ८ सम्मका सबै कक्षाका विद्यार्थीका लागि पाठ्यपुस्तक निर्माण गरी वितरण र कार्यान्वयन गर्ने ।

## १३. समस्या समाधानका लागि भएका प्रयासहरु

वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका (Annual Program Implementation Manual) का आधारमा कार्यक्रम सञ्चालन गर्ने प्रयास गरियो । समस्याको समाधानका लागि गरिएका प्रयासहरुलाई यसप्रकार उल्लेख गरिएको छ ।

- कार्यक्रम कार्यान्वयन पुस्तिका (PIM) बमोजिम कार्ययोजना बनाई सोको आधारमा कार्यप्रगति पुऱ्याउने गरी कार्यक्रम सञ्चालन गरिएको ।
- सामाजिक विकास समितिको बैठकमा वार्षिक कार्यक्रम (सशर्त र स्थानीय स्रोत) हरु कार्यान्वयन गर्नका लागि समयतालिका समेतको कार्ययोजना निर्माण गरी कार्यपालिकाबाट स्वीकृत गराई कार्यान्वयन गरिएको ।
- भानु नगरपालिकाको स्थानीय शिक्षा ऐन २०७७ तथा शिक्षा नियमावली २०७८ बमोजिम नगरस्तरीय कार्यक्रम कार्यान्वयनको प्रयास गरिएको ।
- कार्यसम्पादनका लागि नीतिगत मार्गदर्शन तथा सहजीकरणका लागि नगर शिक्षा समितिको बैठक निरन्तर राखी आवश्यक निर्णय लिइएको ।
- दिवा खाजा कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि सो सम्बन्धी स्थानीय व्यवस्थापन समितिको बैठकबाट निर्णय गराई साप्ताहिक मेनु समेत बनाई सबै विद्यालयहरुमा निर्देशन सहित सहजीकरण गरिएको । यसको प्रभावकारी कार्यान्वयनका लागि निरन्तर अनुगमन गरिएको ।
- नेपाल सरकारको प्राथमिकता प्राप्त कार्यक्रम मध्येको एक निःशुल्क सेनिटरी प्याड वितरण गर्ने कार्यक्रमलाई लक्षीत वर्ग (कक्षा ६ देखि १२ सम्म अध्ययनरत बालिका) सम्म पुऱ्याउन र सोको प्रभावकारी प्रयोगका लागि निर्देशन सहित महिला फोकल पर्सनको व्यवस्था समेत गरी वितरणको प्रबन्ध मिलाइएको ।
- लामो समयदेखि सम्पन्न हुन नसकेको बिद्यालयमा शिक्षक दरबन्दी मिलानको कार्यलाई केन्द्रको निर्देशन र विद्यालयमा शिक्षक दरबन्दी मिलान तथा समायोजन सम्बन्धी कार्यविधि बमोजिम समयमा नै पुरा गरी शिक्षक व्यवस्थापन गर्ने काम पनि कुशलतापूर्वक सम्पन्न गरिएको ।

- कार्यसम्पादनको सिलसिलामा अन्तर शाखागत समन्वय तथा सहकार्य गर्ने संस्कृतिलाई निरन्तरता दिइएको ।
- विद्यालय अनुगमनको कार्यलाई तिव्रता दिइएको ।
- प्रत्येक महिनाको ७ गते प्रधानाध्यापक बैठक बसी विद्यालयका राम्रा एवं अनुकरणीय पक्षहरुको शेयरिङ् तथा समस्या र समाधानका उपायहरुका बारेमा निरन्तर बहस छलफल गरी समाधानको प्रयासलाई निरन्तरता दिइएको ।
- नगर कार्यपालिकाका सदस्यहरुसँग शैक्षिक मुद्दाहरु र चाल्नुपर्ने कदमहरुका बारेमा निरन्तर छलफल गर्ने गरिएको ।
- कतिपय नीतिगत विषयमा शिक्षक समुदायको चाहना र आवश्यकतालाई सम्बोधन गर्नका लागि शिक्षकका पेशागत संगठनका प्रतिनिधिहरुसँग पनि निरन्तर समन्वय, छलफल र समझदारी कायम गर्दै सोको प्रक्रिया अघि बढाइएको ।
- दैनिक प्रशासनिक कार्यसम्पादनमा देखिएका समस्याको समाधान गर्नका लागि शिक्षा विकास तथा समन्वय एकाइसँग आवश्यक समन्वय र परामर्श गरी सहजीकरण गरिएको ।

## १४. आगामी कार्यदिशा (Way Forward)

शिक्षा आँफैमा अन्तरविषयक मुद्दा हो । शैक्षिक विषयसँग समाजका हरेक पक्षहरु प्रत्यक्ष र परोक्ष रुपमा जोडिएका हुन्छन् । संस्थागत कार्यसम्पादनका लागि सबैभन्दा महत्वपूर्ण कुरा भनेको सामुहिक भावना र प्रयत्न (Team Spirit and Effort) नै हो । तसर्थ सामुहिक भावनाका साथ सबैले आ आफ्नो कर्तव्य समयमा नै पुरा गरेको खण्डमा मात्र आशातीत सफलता प्राप्त हुनुका साथै सरोकारवालाहरुमा सन्तुष्टि पनि प्राप्त हुन्छ । हाम्रो आगामी कार्यदिशा देहायबमोजिम हुनेछ :

क) संघीय तहबाट सशर्त कार्यक्रमका रुपमा प्राप्त र स्थानीय तहबाट तय गरिएका शैक्षिक कार्यक्रमहरुलाई समन्वयात्मक रुपमा यथा समयमा कार्यसम्पादन गर्ने ।

ख) आगामी पाँच वर्षको लागि निर्माण गरिएको भानु नगर शिक्षा योजनाको मार्गदर्शनका आधारमा विभिन्न शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्ने ।

ग) उपलब्ध साधन र स्रोतको उच्चतम् उपयोग गर्दै आधुनिक सूचना प्रविधिको प्रयोगबाट सेवाप्रवाहको गणस्तरमा सुधार गर्ने ।

घ) आधारभूत तह (कक्षा १-८) का लागि निर्माण गरिएको भानुको स्थानीय पाठ्यक्रम बमोजिम तयार गरिएको पाठ्यपुस्तक सबै विद्यालयमा प्रभावकारी रुपले लागु गर्ने ।

ङ) स्थानीय शिक्षा ऐन तथा नियमावलीको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

च) विषयगत शिक्षक समूह समेतको टोली परिचालन गरी विद्यालय निरीक्षण तथा सुपरीवेक्षणलाई सघन मात्रामा अघि बढाउने ।

छ) विभिन्न निकायबाट बालबालिकाका लागि प्राप्त कार्यक्रमलाई लक्षित वर्गसम्म पुग्ने गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ज) शिक्षक अभिलेख व्यवस्थापन प्रणालीलाई निरन्तरता दिने र यसलाई डिजिटाइज्ड गर्ने ।

झ) विद्यालय तहको नयाँ एकीकृत पाठ्यक्रमलाई प्रभावकारी ढंगले लागु गर्ने गराउने र बालबालिकाको सिकाइ सक्षमतामा बढोत्तरी ल्याउने ।

अतः शिक्षा, युवा तथा खेलकुद शाखाको कार्यसम्पादनका क्रममा सरोकारवाला सम्बद्ध सबै पक्षबाट सकारात्मक र रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिइएको छ ।

## १४ शाखाबाट सम्पादित केही नवप्रवर्तनात्मक कार्यहरु

### क) सबै विद्यालयहरुमा योग्यता र मापदण्ड पुगेका शिक्षकहरुबाट प्रअ व्यवस्थापन

भानु नगरपालिका शिक्षा ऐन २०७७ तथा शिक्षा नियमावली २०७८ बमोजिम सबै विद्यालयहरुमा तोकिएको योग्यता र मापदण्ड पुगेको सम्बन्धित तहको स्थायी शिक्षकहरु मध्येबाट प्रधानाध्यापकको व्यवस्था गरी कानूनको प्रभावकारी कार्यान्वयन गरिएको छ । यसबाट सम्पूर्ण शिक्षकहरुको पेशागत मर्यादा कायम हुनुका साथै सिनियर कर्मचारीको मातहतमा अन्य शिक्षक कर्मचारी परिचालन हुने वातावरण निर्माण भएको छ । हाल सबै विद्यालयमा योग्यता र मापदण्ड पुगेका शिक्षकहरुले प्रधानाध्यापकको रुपमा आ आफ्नो जिम्मेवारी बहन गरिरहनु भएको छ ।

### ख) शिक्षक डायरी निर्माण वितरण र प्रयोग

शिक्षकको पेशागत क्षमता विकास तथा शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाई शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले शिक्षा युवा तथा खेलकुद शाखाबाट शिक्षक डायरी निर्माण गरी शिक्षकहरुका लागि निशुल्क वितरण गरिएको छ । यसको प्रभावकारी कार्यान्वयन गरिएको खण्डमा प्रत्येक शिक्षक पूर्ण तयारीका साथ कक्षा कोठामा जाने प्रवृत्तिको विकास हुने र बालबालिकाहरुमा सिकाइ सक्षमता अभिवृद्धि गर्नमा यसले सकारात्मक टेवा पुर्‍याउने विश्वास लिइएको छ ।यस डायरीमा दैनिक पाठयोजनाका अतिरिक्त एकजना शिक्षक तथा प्रधानाध्यापकका लागि अत्यावश्यक आधारभूत जानकारीहरु समेत दिइएको छ ।

### ग) आधारभूत तह कक्षा १-८ को स्थानीय पाठ्यक्रम (हाम्रो भानु) कार्यान्वयन

भानु नगरपालिकाले स्थानीय पाठ्यक्रम कक्षा १-८ का लागि "हाम्रो भानु" तयार गरी नगर शिक्षा समितिबाट स्वीकृत गराई लागु गरेको छ ।यसमा विशेषतः केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तु र भानुका स्थानीय विषयवस्तुहरुलाई विशेष जोड दिएको छ ।यसमा भानुको ऐतिहासिक, भौगोलिक, सामाजिक, साँस्कृतिक तथा पर्यटकीय विषयवस्तुका अतिरिक्त यहाँका स्थानीय भाषा, धर्म, संस्कृति र पहिचानहरुलाई चीर स्थायी बनाउन र प्रचार प्रसार समेत गर्नका लागि भानुको आफ्नो पहिचान कायम गराउने प्रयास गरेको छ । अव यस पाठ्यक्रम बमोजिम सबै विषयका पाठ्यपुस्तक निर्माण गरी वितरण गर्ने प्रक्रिया अघि बढाइएको छ ।

### घ) शिक्षक कर्मचारीको अभिलेख व्यवस्थापन

भानु नगरपालिका अन्तर्गत सञ्चालित सबै विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको वैयक्तिक विवरणलाई इकपि र हार्डकपिको रुपमा अभिलेख यद्यावधिक गरी व्यवस्थित

गर्ने कार्यको थालनि भएको छ । यसलाई अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

**ङ) सबै सामुदायिक विद्यालयका बाल विकास केन्द्रमा बाल सामग्री वितरण र व्यवस्थापन**

बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत भानुका सबै सामुदायिक विद्यालयहरुमा सञ्चालन भैरहेको बाल विकास केन्द्रहरुलाई स्रोतपूर्ण आकर्षक र सिकाइमैत्री बनाउने प्रयासको थालनि गरिएको छ । यसै क्रममा सबै बाल विकास केन्द्रमा Learning Item १३ प्रकारका सामग्रीहरु, खेल सामग्रीमा चिप्लेटी र ढिकिच्याउँ, एक थान सुन्याक र एउटा स्टील दराज वितरण गरिएको छ । यसबाट सबै बाल विकास केन्द्रमा बालकेन्द्रित क्रियाकलापहरु सञ्चालन गरी बालबालिकालाई सामाजिकीकरण गराउँदै उनीहरुमा अन्तरनिहित प्रतिभा प्रस्फूटनको लागि अनुकुल वातावरण निर्माण हुने अपेक्षा लिइएको छ ।

**च) सबै सामुदायिक विद्यालयहरुका लागि फिल्टर तथा युरोगार्ड वितरण**

भानुका सबै सामुदायिक विद्यालयहरु मध्ये मावि र आवि हरुमा युरोगार्ड (फिल्टर गर्ने क्षमता प्रतिदिन २०० लिटर) र सबै प्राविहरुका लागि एक एक थान फिल्टर वितरण भएको छ । यसबाट बालबालिकाहरुका लागि शुद्ध पिउने पानीको आपूर्तिमा टेवा पुग्ने विश्वास लिइएको छ ।

**छ) कक्षा ६-१२ का बालिकाहरुका लागि निशुल्क सेनिटरी प्याड वितरण तथा व्यवस्थापन**

सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६ देखि १२ सम्मका बालिकाहरुका लागि निशुल्क सेनिटरी प्याड वितरण गर्ने नेपाल सरकारको लक्ष्य बमोजिम सबै बालिकाहरुका लागि निशुल्क सेनिटरी प्याड वितरण भएको छ ।सो सम्बन्धी कार्यविधिमा न्यूनतम् २४० mm को भनिएकोमा भानुमा न्युनतम २८० mm को गुणस्तरीय प्याड वितरण भएको छ । साथै सोको वितरण अभिलेख तथा व्यवस्थापन र सहजीकरणका लागि एक एक जना महिला शिक्षक फोकल पर्सनको व्यवस्था पनि गरिएको छ ।ती फोकल पर्सनलाई एक दिवसीय अभिमुखीकरण समेत गरिएको छ ।

**ज) बाविके देखि कक्षा ६ सम्मका बालबालिकालाई दिवा खाजा कार्यक्रम**

बाल विकास केन्द्रदेखि कक्षा ६ सम्म अध्ययन गर्ने सामुदायिक विद्यालयका सबै बालबालिकाहरुलाई दिवा खाजा खुवाउने नेपाल सरकारको लक्ष्य र कार्यक्रम बमोजिम भानु नगरपालिकाले पनि सामुदायिक विदयालयमा दिवा खाजा मापदण्ड तथा सहजीकरण कार्यविधि २०७६ बमोजिम प्रति बालबालिका प्रतिदिन रु १५ रुपैयाँका

दरले विद्यालयको खातामा निकासा दिने र विद्यालयले सो बजेटबाट तोकिएको मेनु बमोजिमको परिकार बनाई बालबालिकालाई खुवाउने परिपाटीको विकास गरिएको छ । यसबाट गरिब तथा विपन्न दलित आदिवासी जनजाती र लोपोन्मुख समुदायका बालबालिकाहरुको विद्यालयमा भर्नादर र निरन्तरतामा उल्लेख्य वृद्धि हुने र यसबाट शैक्षिक गुणस्तर अभिवृद्धिमा टेवा पुग्ने अपेक्षा लिइएको छ ।

**झ) माध्यमिक विद्यालयहरुका लागि सेनिटरी प्याड डिस्पोजल मेशिन वितरण**

स्वास्थ्य र सरसफाइ कार्यक्रम अन्तर्गत बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत् सबै माध्यमिक विद्यालयहरुलाई सेनिटरी प्याड डिस्पोजल इलेक्ट्रिनिक मेशिन वितरण गरिएको छ ।यसबाट सेनिटरी प्याडको उचित विसर्जन हुन गई फोहरमैला व्यवस्थापनमा सुधार आउने अपेक्षा गरिएको छ ।

**ञ) सबै सामुदायिक विद्यालयहरुका लागि दिवा खाजाका लागि भान्साका सामग्री (भाँडाकुँडा) वितरण**

हाल नेपाल सरकारले दिवा खाजा कार्यक्रम बाल विकास केन्द्रदेखि कक्षा ६ सम्मका बालबालिकालाई खुवाउने र क्रमशः आधारभूत तहको कक्षा ८ सम्म नै पुऱ्याउने नीति लिएको छ ।यसका लागि विद्यालयलाई भान्सा व्यवस्थापनमा सहयोग गर्ने गरी प्रत्येक विद्यालयका लागि दिवा खाजा तयार गर्ने र खाने भाँडा वितरण गरिएको छ । यसमा ठूलो डेक्ची १ थान ठूलो कराई १ थान ठुलो डाडु १ थान ठूलो पन्यु १ थान थाल २५ थान गिलास २५ थान चम्चा २५ थान पानी खाने जग २ थान खाना बाँड्ने पन्यू २ थान र स्टील बाँटा १ थानका दरले सबै विद्यालयहरुमा वितरण भएको छ ।यसबाट दिवा खाजा व्यवस्थापनमा सहजता आउने विश्वास लिइएको छ ।

**ट) सबै प्राथमिक विद्यालयका बाल विकास केन्द्रका लागि वास बेसिंन वितरण**

बालबालिकाहरुलाई स्वास्थ्य सचेतना तथा असल बानीको विकास गर्ने उद्देश्यले सबै प्राथमिक तहका बालबालिकाहरुका लागि एक एक थान वास वेसिंन वितरण भएको छ ।यसबाट बालबालिकाहरुलाई साबुन पानीले राम्रोसंग हात धुने स्वस्थ रहने बानीको विकास तथा स्वास्थ्य सन्देश प्रवाह गर्न सकारात्मक टेवा पुग्न सक्छ भन्ने विश्वास लिइएको छ

**ठ) सबै माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला पुस्तकालय व्यवस्थापन र सूचना प्रविधि प्रयोगशाला निर्माण सम्पन्न**

भानु नगरपालिकाका सबै माविहरुमा विज्ञान प्रयोगशाला पुस्तकालय व्यवस्थापन र सूचना प्रविधि प्रयोगशाला स्थापना भैसकेको छ । अव क्रमशः आधारभूत

विद्यालयहरुमा आवश्यकता र प्राथमिकताका आधारमा वितरण भैरहेको छ ।यसका लागि नगर शिक्षा समितिको बैठकबाट निर्णय गराउने गरिएको छ ।

**ड) शैक्षिक पात्रो निर्माण र वितरण**

शिक्षा युवा तथा खेलकुद शाखाको संयोजनमा वि सं २०८० सालको शैक्षिक पात्रो (Academic Calendar) निर्माण गरी सबै विद्यालय, सामुदायिक अध्ययन केन्द्र, विभिन्न सेवाकेन्द्रहरु, वडा कार्यालयहरु लगायत सम्बद्ध स्थानमा वितरण गरिएको छ । शैक्षिक पात्रो बनाउँदा विशेषतः नगरस्तरीय शैक्षिक कार्यक्रम तथा विद्यालय स्तरीय शैक्षिक कार्यक्रमहरुलाई मध्यनजर राखी सूचनामूलक र विद्यालयहरुलाई समेत मार्गनिर्देश र सहजीकरण गर्ने उद्देश्यबाट निर्माण गरिएको छ ।यसपटकको क्यालेण्डरमा विद्यालय स्तरीय सबै कक्षा र विषयका वार्षिक पाठयोजनाहरु समेत समावेश गरिएको छ ।सयसका साथै क्यालेण्डमा नगरपालिकाबाट सञ्चालित विभिन्न शैक्षिक तथा अन्य गतिविधिहरुलाई समेत दृश्यात्मक रुपमा प्रस्तुत गरिएको छ ।

**ढ) सबै विद्यालय शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आवद्ध**

भानु नगरपालिकामा सञ्चालित सबै सामुदायिक र संस्थागत विद्यालयहरु वेववेस प्रणालीमा रहेको एकीकृत शैक्षिक सूचना व्यवस्थाप प्रणाली (IEMIS) मा आवद्ध गरिएको छ । यसबाट भानुका सबै विद्यालयहरुको शैक्षिक तथ्याङ्क अद्यावधिक हुन पुगेको छ ।

**ण) भानु नगर शिक्षा योजना स्वीकृत भई कार्यान्वयनमा**

भानु नगरपालिकाले पञ्चवर्षीय नगर शिक्षा योजना (२०७९।०८० - २०८३।०८४) नगर कार्यपालिकाबाट स्वीकृत भई पूर्णतयाः कार्यान्वयनमा आएको छ ।

**त) भानुमा सुधारात्मक मूल्याङ्कन प्रणाली लागु**

भानु नगरपालिकामा पाठ्यक्रमले निर्दिष्ट गरेबमोजिम कक्षा १ देखि ३ सम्म सुधारात्मक मूल्याङ्कन प्रणाली लागु गरिएको छ । यसका लागि भानु नगरपालिकाले आफ्नै स्रोतमा यसको छपाइ गरी सबै विद्यालयलाई वितरण गरेको छ भने यसको प्रयोगका सम्बन्धमा कक्षा १-३ मा अध्यापन गराउने शिक्षकलाई अभिमुखीकरण समेत गरेको छ ।

**थ) स्वयमसेवक शिक्षक परिचालन**

महिला शिक्षक सुत्केरी हुँदा नियमानुसार ९८ दिन सुत्केरी बिदा पाउने व्यवस्था छ ।यस अवधिमा विद्यालयको पठनपाठन प्रक्रिया अबरुद्ध नहोस् भन्ने हेतुले उक्त बिदामा रहेको बेला कम्तिमा तीन महिनाको लागि स्वयमसेवक शिक्षक परिचालन गर्ने व्यवस्था भानु नगरपालिका शिक्षा नियमावली २०७८ मा गरिएको छ । साथै यसको सहज

कार्यान्वयनका लागि भानु नगरपालिकाले विद्यालयमा स्वयमसेवक शिक्षक परिचालन कार्यविधि २०७९ समेत जारी गरेको छ ।

**द) प्राविधिक शिक्षा छात्रवृत्ति वितरण**

भानु नगरपालिका भित्र सञ्चालित प्राविधिक शिक्षालयहरुमा अध्ययनरत गरीब तथा जेहेन्दार विद्यार्थीका लागि तीनवर्षे कार्यक्रमका लागि जनही १ लाख ५० हजारका दरले प्रत्येक वडाका २ जनाका दरले २६ जना विद्यार्थीका लागि प्राविधिक शिक्षा छात्रवृत्ति वितरण गरिदै आएको छ । यसका लागि भानु नगरपालिकाले प्राविधिक शिक्षा छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि २०७९ पनि जारी गरेको छ ।

**ध) राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिताको निरन्तरता**

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७६ बमोजिम हरेक वर्ष भानुमा नगरस्तरीय रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरिदै आएको छ । यसमा निर्देशिकामा उल्लेख गरिएका सबै खेल विधाहरुलाई समेटेर भानुका सबै माविहरुलाई सहभागी गराउने गरिएको छ । नगरस्तरीय प्रतियोगितामा उत्कृष्ट खेलाडीलाई पुरस्कृत गरिने परिपाटी रहेको छ । यसैगरी जिल्लास्तरीय प्रतियोगितामा भानुले विगत दुईवर्षदेखि लगातार द्वितीय स्थान प्राप्त गर्न सफल भएको छ ।

**न) नगरस्तरीय परीक्षा समिति गठन**

भानु नगरपालिकामा सबै विद्यालयका त्रैमासिक परीक्षाहरु सञ्चालन गर्न, परीक्षामा एकरुपता कायम गर्न र गुणस्तरीय प्रश्नपत्र निर्माण गरी मर्यादित रुपमा परीक्षा सञ्चालन गर्नका लागि भानु नगरस्तरीय परीक्षा समिति गठन भएको छ । यसले विषयगत शिक्षकहरुलाई गुणस्तरीय प्रश्नपत्र निर्माणका लागि आवश्यक तालिम दिने र प्रश्नपत्र संगालो (Question Bank) निर्माण सम्बन्धी सहजीकरण गर्नेछ ।

**ऩ) वार्षिक स्थिति प्रतिवेदन (Annual Status Report)**

भानु नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाबाट प्रत्येक आर्थिक वर्षको अन्तमा वार्षिक स्थिति प्रतिवेदन तयार गर्ने परिपाटी बसालेको छ । यसमा विशेषतः संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदानबाट कार्यान्वयन हुने कार्यक्रम तथा स्थानीय स्रोतबाट सम्पादन हुने कार्यक्रम र बजेट कार्यान्वयनको अवस्था, भौतिक र वित्तीय प्रगति, सम्पादन भएका मुख्य मुख्य कार्यक्रमहरु, शाखाबाट सम्पादित अनुकरणीय अभ्यासहरु, कार्यक्रम कार्यान्वयनको क्रममा आइपरेका समस्याहरु, समाधानका लागि गरिएका प्रयासहरु र आगामी कार्यदिशाका बारेमा प्रष्टसँग उल्लेख गरिन्छ । यसबाट शाखाबाट सम्पादित

कार्यक्रमहरुका बारेमा सबैलाई जानकारी हुने हुँदा यसले सुचनाको हकको कार्यान्वयन हुनुको साथै समग्रमा सुशासन प्रबर्द्धनलाई पनि टेवा पुऱ्याउने विश्वास लिइएको छ ।

## अनुसूची १
## भौतिक पूर्वाधारका योजना प्राप्त गर्ने विद्यालयको विवरण

आ.व. २०७९।०८० मा यस भानु नगरपालिकाका देहायका विद्यालयहरुलाई सशर्त कार्यक्रमको रुपमा प्राप्त भौतिक पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रम परेका विद्यालयहरु

| विषय | क्र सं | विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| विज्ञान प्रयोशाला | १ | प्रभात मावि सिमपानी | भानु ६ | नियमित कार्यक्रम तर्फ |
| " " | २ | पूर्कोट मावि बसन्तपुर | भानु ७ | " " |
| " " | ३ | निर्जला आवि देउरालीटार | भानु ८ | " " |
| पुस्तकालय | १ | सरस्वती मन्दिर मावि घलेछाप | भानु १२ | " " |
| " " | २ | जनजागृति मावि चोकचिसापानी | भानु १० | " " |
| " " | ३ | नारायणी आवि बारीफाँट | भानु ५ | " " |
| " " | ४ | मर्स्याङ्दी आवि खहरे | भानु ३ | " " |

## अनुसूची २

**शिक्षण सहयोग अनुदान प्राप्त गर्ने विद्यालयको विवरण (अंग्रेजी, गणित र विज्ञान विषय मध्ये कुनै एक)**

| क्र सं | विद्यालयको नाम र ठेगाना | सञ्चालित कक्षा | हालको स्वीकृत दरबन्दी | थप गरिएको दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री सत्यवती देवी आ.वि भानु १ | १-८ | २ | १ | आन्तरिक स्रोतबाट |
| २ | श्री मर्स्याङदी आ.वि भानु ३ | १-८ | २ | १ | " " |
| ३ | श्री शान्ती आ.वि भानु ४ | १-८ | २ | १ | " " |
| ४ | श्री नारायणी आ.वि भानु ५ | १-८ | २ | १ | " " |
| ५ | श्री निर्जला आ.वि भानु ८ | १-८ | २ | १ | " " |
| ६ | श्री सरस्वती आ.वि भानु १० | १-८ | २ | १ | " " |
| ७ | श्री राष्ट्रिय आ.वि भानु १२ | १-८ | १ | १ | " " |
| ८ | श्री राष्ट्रिय जलदेवि आ.वि भानु १२ | १-८ | ० | २ | १ दरबन्दी सशर्तबाट |
| | जम्मा दरबन्दी | | | ९ | |

## अनुसूची ३

## आव २०७९।०८० मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम परेका विद्यालयहरु

| क्र.सं. | कार्यक्रमको नाम | विद्यायलयको नाम र ठेगाना | रकम रु |
|---|---|---|---|
| १ | ४ कोठे पक्की भवन | श्री चोक मावि भानु १० | ५० लाख |
| २ | २ कोठे ट्रस भवन | श्री मर्स्याङ्दी आवि खहरे भानु ३ | २५ लाख |
| ३ | सूचना प्रविधि प्रयोगशाला | श्री मनोहर मावि महन्तेहटिया | ६ लाख ५० हजार |
| ४ | सूचना प्रविधि प्रयोगशाला | श्री जनजागृति मावि चोकचिसापानी | ६ लाख ५० हजार |
| | जम्मा रु | | ८८ लाख |

## अनुसूची ४

## निःशुल्क सेनिटरी प्याड प्राप्त गर्ने सामुदायिक विद्यालयहरुको विवरण २०७९।०८०

कूल खरिद गरिएको सेनिटरी प्याड संख्या (प्यकेटमा) : १९२३८

प्रति विद्यार्थी प्याकेट : ८

| क्र सं | विद्यालयको नाम | ठेगाना | कक्षा ६ -१२ कूल छात्रा | कूल वितरित प्याकेट संख्या | महिला फोकल पर्सनको नाम थर | दस्तखत | विद्यालयको छाप |
|---|---|---|---|---|---|---|---|
| १ | नारायणी आवि | भानु ५ बारीफाँट | 23 | 327 | | | |
| २ | आदर्श सरस्वती मावि | भानु ६ नाबरुङ | 60 | 770 | | | |
| ३ | सरस्वतीसदन मावि | भानु ५ मैवल | 79 | 1100 | | | |
| ४ | पूर्कोट मावि | भानु ७ बसन्तपुर | 56 | 737 | | | |
| ५ | चन्द्रावती मावि | भानु ७ चुँदी | 116 | 1699 | | | |
| ६ | शान्ति आवि | भानु ४ खातीथोक | 19 | 270 | | | |
| ७ | सत्यवतीदेवी आवि | भानु १ भन्सार | 15 | 225 | | | |
| ८ | मर्स्याङ्दी आवि | भानु ३ खहरे | 23 | 285 | | | |
| ९ | होरालो शा शि स | भानु २ नारेश्वरटार | 290 | 4114 | | | |
| १० | भानु संस्कृत | भानु ४ चुँदी | 83 | 1079 | | | |
| ११ | हिमालय मावि | भानु ३ चामबास | 103 | 1364 | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | जनजागृति मावि | भानु ३ तुरतुरे | 99 | 1313 | | | |
| १३ | चोक मावि | भानु १० रामपुरटार | 101 | 1419 | | | |
| १४ | सरस्वती आवि | भानु १० दुधेकुना | 14 | 199 | | | |
| १५ | जनजागृति मावि | भानु १० चोक चिसापानी | 46 | 625 | | | |
| १६ | निर्जला आवि | भानु ८ देउरालीटार | 24 | 360 | | | |
| १७ | मनोहर मावि | भानु ८ महन्तेहटिया | 205 | 2635 | | | |
| १८ | कालिका मावि | भानु ९ डुम्रिखर्क | 164 | 2334 | | | |
| १९ | कर्मदा मावि | भानु ९ बाइसजँघार | 102 | 1529 | | | |
| २० | त्रिभुवन मावि | भानु ११ मानेचौका | 124 | 1962 | | | |
| २१ | राष्ट्रिय मावि | भानु ११ मयाखु | 98 | 1352 | | | |
| २२ | जनसहयोगी मावि | भानु १३ समजुर | 77 | 1072 | | | |
| २३ | प्रभात मावि | भानु १२ सिमपानी | 37 | 442 | | | |
| २४ | राष्ट्रिय जलदेवी आवि | भानु १२ रतनपुर | 9 | 116 | | | |
| २५ | राष्ट्रिय आवि | भानु १२ कवाचित | 14 | 181 | | | |
| २६ | अरनिको मावि | भानु १३ ठुलोढुङ्गा | 97 | 1164 | | | |
| २७ | सरस्वती मन्दिर मावि | भानु १३ घलेछाप | 48 | 635 | | | |
| २८ | विद्या निकुञ्ज मावि | भानु १२ बयापानी | 47 | 651 | | | |
| | जम्मा | | **2173** | **29960** | | | |

# अनुसूची ५

## दिवा खाजा कार्यक्रमको साप्ताहिक मेनु

| क्र.सं. | बार | परिकार | कैफियत |
|---|---|---|---|
| १ | आइतवार | जाउलो /खिचडी (चामल, दाल, साग, आलु, गाजर, गेडागुडी, घ्यु आदि मिसाएर पकाउने) | |
| २ | सोमवार | मकै र सिजन अनुसारको हरियो तरकारी (भुटेको वा उसिनेको वा पोलेको मकै) | |
| ३ | मंगलवार | खिर अथवा हलुवा र हरियो तरकारी ( खिर -दुध, चामल, चिनी, घ्यु आदि मिसाएर पकाउने र हलुवा - सुजी, चिनी, घ्यु आदि मिसाएर पकाउने) | |
| ४ | बुधवार | च्युरा, तरकारी र फलफुल (भुटेको च्युरा र सिजन अनुसारको तरकारी र स्थानीय स्तरमा उपलब्ध फलफुल) | |
| ५ | विहिवार | समोसा / पुरी / सुख्खा रोटी, तरकारी र सलाद (गाजर, काँक्रो, मुला आदि) | |
| ६ | शुक्रवार | च्युरा अण्डा भुटेको र सलाद | |
| नोट : दिवा खाजा व्यवस्थापन स्थानीय समितिको मिति २०७७।१०।११ को बैठकको निर्णय अनुसार निर्धारण गरिएको | | | |

# अनुसूची ६

## बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत बालबालिका र किशोरीहरुका लागि विद्यालयमा वितरण गरिएका सामग्रीको विवरण

| क सं | विषय क्षेत्र | सामग्रीको नाम | वितरित विद्यालय |
|---|---|---|---|
| १ | बाल सिकाइ तथा खेलकुद | बाल सिकाइ तथा खेल सामग्रीमा प्रति केन्द्रः दश प्रकारका सिकाइ चार्टहरु, बाह्रखरी मोडल, Shape board, Colour tower, Building block, Kitchen set, A to Z puzzle, Form ball set, Abacus, Wild animals, Domestic animals, doll, 1 to 10 box, चिप्लेटी, ढिकीच्याउँ, सुऱ्याक र स्टील दराज | ५५ विद्यालयका बाल विकास केन्द्रका लागि |
| २ | पोषण तथा भान्सा व्यवस्थापन | प्रति सेट : खाजा पकाउने आलमुनियम डेक्ची ठूलो १, खाजा पकाउने फलामको कराइ ठूलो १, ठुलो डाडु १, ठूलो पन्यु १, स्टील बाँटा १, खाजा खाने प्लेट २५, चम्चा २५, गिलास २५, स्टिल जग २ र खाजा बाँड्ने डाडु २ र स्टील बाँटा १ | भानुका सबै ५५ वटा सामुदायिक विद्यालयका लागि |
| ३ | खानेपानी तथा सरसफाइ | युरोगार्ड र फिल्टरमा : युरोगार्ड ठुलो (पानी छान्ने क्षमता प्रतिदिन २०० लिटर) र फिल्टर (पानी छान्ने क्षमता प्रति दिन १०० लिटर) | युरोगार्ड मागका आधारमा सबै २० मावि र ८ आविका लागि र फिल्टर सबै २७ वटा प्राविका लागि |
| ४ | खानेपानी तथा सरसफाइ | सेनिटरी प्याड डिस्पोजल इलेक्ट्रोनिक मेशिन (कक्षा ६ देखि १२ सम्म अध्ययनरत किशोरीहरुका लागि) | सबै २० वटा मावि का लागि |
| ५ | खानेपानी तथा सरसफाइ | वास वेंशिनः हात धुने स्टिलको वास वेंशिन र सोको लागि आवश्यक धारा, टुटी, नटबोल्ट, पाइप लगायतका सामग्रीको सेट | सबै २७ वटा प्राविका लागि |

# अनुसूची ७

## भानु नगरपालिका
## प्राविधिक शिक्षा छात्रवृत्ति पाउने विद्यार्थीको नामावली २०७९।०८०

| प्राविधिक शिक्षा छात्रबृत्ति कार्यक्रम २०७९/०८० को लागि सिफारिस भएका विद्यार्थीहरुको विवरण | | | | | |
|---|---|---|---|---|---|
| क सं. | विद्यार्थीको नाम | स्थायी ठेगाना | अध्ययन गरेको विषय ( तीन वर्षे कार्यक्रम) | SEE GPA/ % | शिक्षालयको नाम र ठेगाना |
| १ | उज्वल पौडेल | भानु ५ | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | ३.५ | श्री होमराज लोहनी शारदा शिक्षा सदन मावि भानु २ नारेश्वरटार |
| २ | इश्वारी थापा | भानु १२ | " " | ३.४५ | " " |
| ३ | कमला तिमिल्सिना | भानु २ | " " | ३.२ | " " |
| ४ | कृषा तामाङ | भानु ३ | " " | २.९५ | " " |
| ५ | रोजिना नेपाली | भानु २ | " " | २.९ | " " |
| ६ | आशिष राना मगर | भानु ३ | " " | २.७ | " " |
| ७ | नरेश बोटे | भानु १ | " " | २.६५ | " " |
| ८ | अनिल कडेल | भानु ३ | " " | २.६५ | " " |
| ९ | विसाल कुमाल | भानु १ | " " | २.२५ | " " |
| १० | विकास अधिकारी | भानु १३ | " " | २.२५ | " " |
| ११ | सन्तोषी तिवारी | भानु १ | " " | २.२ | " " |
| १२ | आयुष गुरुङ्ग | भानु ४ | " " | २.१५ | " " |
| १३ | अभिषेक नेपाली | भानु २ | " " | १.७ | " " |
| १४ | रोशनी तामाङ | भानु २ | " " | १.६ | " " |
| १५ | सन्दिप शाही | भानु २ | " " | ४४.२५ | " " |
| १६ | बर्षा कुवँर | भानु ११ | डिप्लोमा इन एग्रीकल्चर (वाली विज्ञान) | २.९ | श्री त्रिभुवन मा.वि भानु ११ मानेचौका |
| १७ | कुशल अधिकारी | भानु १२ | " " | २.६ | " " |
| १८ | अस्मिता परियार | भानु १० | डिप्लोमा इन एग्रीकल्चर (पशु विज्ञान) | २.८५ | " " |
| १९ | सुशान परियार | भानु ११ | " " | २.८ | " " |
| २० | मुस्कान सापकोटा | भानु १० | " " | २.७५ | " " |
| २१ | आशिका गूरुङ्ग | भानु ११ | " " | २.६ | " " |
| २२ | सन्देश थापा | भानु ११ | " " | २.४ | " " |
| २३ | भुमिका सुनार | भानु १० | " " | २.२ | " " |
| २४ | श्रीजल पण्डित | भानु १२ | " " | २.१५ | " " |

छात्रवृत्ति प्राप्त गर्ने संपूर्ण विद्यार्थीहरुलाई हार्दिक बधाइ दिंदै प्राविधिक शिक्षाको माध्यमबाट देशको एक दक्ष जनशक्तिको रुपमा देशको विकास र समृद्धिमा उल्लेखनीय योगदान पुग्ने विश्वासका साथ सबैको उज्वल भविष्यको कामना गर्दछौं ।

भानु नगरपालिका
**शिक्षा, युवा तथा खेलकुद शाखा**
फुस्रेटार तनहुँ गण्डकी प्रदेश

अनुसूची ८

# नगरस्तरीय र जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा पदक विजेता विद्यार्थीको विवरण

भानु नगरपालिका तनहुँ

नगरस्तरीय चौथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०७९



प्रतियोगिताको विद्यालयगत पदक विवरण (फाइनल)

| क सं | विद्यालय | स्वर्ण पदक | रजत पदक | कास्य पदक | जम्मा | स्थान |
|---|---|---|---|---|---|---|
| १ | होमराज लोहनी शाशिस मावि भानु २ नारेश्वरटार | ८ | ४ | ३ | १५ | सर्वप्रथम तथा रनिङ् शिल्ड प्राप्त |
| २ | कालिका मावि भानु ९ डुम्रिखर्क | ५ | ४ | ४ | १३ | सर्वद्वितीय |
| ३ | राष्ट्रिय मावि भानु ११ मयाखु | ४ | ३ | १ | ८ | सर्वतृतीय |
| ४ | त्रिभुवन मावि भानु ११ मान्चेचौका | ३ | २ | २ | ७ | |
| ५ | फिस्टेल इ बो भानु १ भन्सार | ३ | २ | - | ५ | |
| ६ | जनजागृति मावि भानु ३ ढुकुर्दी | २ | १ | ३ | ६ | |
| ७ | मनोहर मावि भानु ८ महन्तेहटिया | १ | ३ | ३ | ७ | |
| ८ | चोक मावि भानु १० रामपुरटार | १ | ३ | ३ | ७ | |
| ९ | हिमालय मावि भानु ३ चामबास | १ | १ | १ | ३ | |
| १० | पूर्कोट मावि भानु ७ बसन्तपुर | १ | १ | - | २ | |
| ११ | जनजागृति मावि भानु १० चोकचिसापानी | १ | - | - | १ | |
| १२ | आदर्श सरस्वती मावि भानु ६ नावरुङ | - | २ | २ | ४ | |
| १३ | जय बुद्ध इ बो भानु ३ खहरे | - | १ | १ | २ | |
| १४ | नारायणी आवि भानु ५ बारीफाँट | - | १ | १ | २ | |
| १५ | सरस्वतीसदन मावि भानु ५ मैवल | - | १ | - | १ | |
| १६ | चन्द्रावती मावि भानु ७ चुँदी | - | १ | - | १ | |
| १७ | भानु संस्कृत मावि भानु ४ चुँदीगाउँ | - | - | २ | २ | |
| १८ | अरनिको मावि भानु १३ ठूलोढुङ्गा | - | - | १ | १ | |
| १९ | जनसहयोगी मावि भानु १३ समजुर | - | - | १ | १ | |
| २० | कर्मदा मावि भानु ९ बाइसजंघार | - | - | १ | १ | |
| २१ | सरस्वती मन्दिर मावि भानु १२ घलेछाप | - | - | १ | १ | |
| | जम्मा | ३० | ३० | ३० | ९० | |

नोट: कूल सहभागी २४ विद्यालय मध्ये ३ वटा विद्यालयहरु (प्रभात मावि, विद्यानिकुञ्ज मावि र तनहुँ मनकामना इ बो) ले कुनै पनि पदक प्राप्त गर्न नसकेको अवस्था देखिन्छ ।

# राष्ट्रपति रनिङ शिल्ड जिल्लास्तरीय प्रतियोगिता, २०७९ तनहुँ

सञ्चालित मितिः २०७९ फागनु १२ र १३ गते

## स्थानीय तहगत पदक विवरण (फाइनल)

| क सं | स्थानीय तहको नाम | स्वर्ण पदक | रजत पदक | कास्य पदक | जम्मा | स्थान |
|---|---|---|---|---|---|---|
| १ | व्यास नगरपालिका | ११ | ५ | ६ | २२ | प्रथम |
| २ | भानु नगरपालिका | ६ | १ | ६ | १३ | द्वितीय |
| ३ | भिमाद नगरपालिका | ४ | ४ | ४ | १२ | तृतीय |
| ४ | शुक्लागण्डकी नगरपालिका | ३ | ७ | २ | १२ | चौथो |
| ५ | घिरिङ गाउँपालिका | ३ | ३ | ३ | ९ | पाँचौं |
| ६ | म्याग्दे गाउँपालिका | २ | ३ | ६ | ११ | छैठौं |
| ७ | बन्दीपुर गाउँपालिका | १ | १ | १ | ३ | सातौं |
| ८ | आँबुखैरेनी गाउँपालिका | ० | ४ | १ | ५ | आठौं |
| ९ | ऋषिङ गाउँपालिका | ० | २ | ० | २ | नवौं |
| १० | देवघाट गाउँपालिका | ० | ० | १ | १ | दशौं |
| | जम्मा | ३० | ३० | ३० | ९० | |

उत्कृष्ट विद्यालयहरुः

प्रथमः श्री सत्यवती मा.वि. दमौली व्यास तनहुँ (नगद पुरस्कार रु. २० हजार र सम्मान पत्र)

द्वितीयः श्री महेन्द्रज्योति मा.वि. घिरिङ् तनहुँ (नगद पुरस्कार रु. १५ हजार र सम्मान पत्र)

तृतीयः श्री राष्ट्रिय मा.वि. मयाखु भानु तनहुँ (नगद पुरस्कार रु. १० हजार र सम्मान पत्र)

*स्रोतः जिल्ला खेलकुद विकास समिति, तनहुँ*

# अनुसूची ९

## भानु नगरपालिकाका प्रधानाध्यापहरुको विवरण

| क्र.सं. | विद्यालयको नाम | प्र.अ.को नामथर | संपर्क नम्बर |
|---|---|---|---|
| १ | श्री होरा.लो.शा.शि.स.मा.वि भानु २ नरेश्वरटार. | गोविन्द प्रसाद भट्टराई | 9856043626 |
| २ | श्री जनजागृति मावि भानु ३ तुरतुरे. | विष्णु प्रसाद न्यौपाने | 9856037066 |
| ३ | श्री हिमालय मावि भानु ३ चाम्वास. | अशोक खत्री | 9846577635 |
| ४ | श्री चन्द्रावती मावि भानु ७ बसन्तपुर. | प्रेम नाथ ढकाल | 9846487149 |
| ५ | श्री मनोहर मावि. भानु ८ महन्तेहटीया. | हरिमान नेपाली | 9856060034 |
| ६ | श्री कालिका मावि भानु ९ डुम्रीखर्क. | विरेन्द्र रिमाल | 9856045875 |
| ७ | श्री चोक मावि भानु १० रामपुरटार. | अमृत नेपाली | 9846244835 |
| ८ | श्री त्रिभुवन मावि भानु ११ मानेचौका. | हिरामणी ढुङ्गाना | 9856063355 |
| ९ | श्री राष्ट्रिय मावि भानु ११ मयाखु. | देवेन्द्र थापा | 9846234351 |
| १० | श्री विद्या निकुञ्ज मावि भानु १२ वयापानी. | बसन्ती शर्मा घिमिरे | 9847358030 |
| ११ | श्री सरस्वती मन्दिर मावि भानु १२ घलेछाप. | अमृत बहादुर थापा | 9846090645 |
| १२ | श्री जनसहयोगी मावि भानु १३ सम्जुर. | राम शरण पौडेल | 9849006348 |
| १३ | श्री अरनिको मावि भानु १३ ठुलोढुङ्गा. | महेशबहादुर पुजारा | 9745693106 |
| १४ | श्री भानु संस्कृत मावि भानु ४ चुँदी. | कृष्ण पोखरेल | 9745457479 |
| १५ | श्री सरस्वती सदन मावि भानु ५ मैबल. | होमनारायण श्रेष्ठ | 9846067383 |
| १६ | श्री आदर्श सरस्वती मावि भानु ६ नाबरुङ्ग. | प्रकाश पाण्डे | 9846075030 |
| १७ | श्री प्रभात मावि भानु ६ सिम्पानी. | चिजकुमार सुर्खाली | 9841161767 |
| १८ | श्री पुर्कोट मावि भानु ७ बसन्तपुर. | सुरेश कार्की | 9846494002 |
| १९ | श्री कर्मदा मावि भानु ९ बाइसजघार. | संजय कुमार वि.क. | 9846181126 |
| २० | श्री जनजागृति मावि भानु १० चोक चिसापानी. | भानुभक्त जोशी | 9864493511 |

| | | | |
|---|---|---|---|
| २१ | श्री सत्यवती देवी आवि भानु १ सालबिस्ने | इश्वर बहादुर देवकोटा | 9846542593 |
| २२ | श्री मर्स्याङदी आवि भानु ३ खहरे. | शम्भु प्रसाद न्यौपाने | 9841590665 |
| २३ | श्री शान्ती आवि भानु ४ खातीथोक. | प्रसाद रानाभाट | 9846195378 |
| २४ | श्री नारायणी आवि भानु ५ बारीफाँट. | गणेशराज पन्थ | 9846200526 |
| २५ | श्री निर्जला आवि भानु ८ देउरालीटार. | प्रतिमा खनाल | 9860205584 |
| २६ | श्री सरस्वती आवि भानु १० दुधेकुना. | सन्तनु अधिकारी | 9846556911 |
| २७ | श्री राष्ट्रिय आ वि भानु १२.कवाजित | सन्तोष ढकाल | 9846579232 |
| २८ | श्री राष्ट्रिय जलदेवी आवि भानु १२ अर्चले. | वनमाली पण्डित | 9846244179 |
| २९ | श्री देवी प्रावि भानु १ नयावस्ती. | केदार अधिकारी | 98647007 |
| ३० | श्री विश्वज्योती प्रावि भानु २ भकुन्थोक. | नारायण बहादुर बसेल | 9856057822 |
| ३१ | श्री सुन्दर प्रावि भानु २. | महेन्द्र बहादुर कुमाल | 9845550365 |
| ३२ | श्री दोरदोर प्रावि भानु ३. | बिरेन्द्र भण्डारी | 9867758901 |
| ३३ | श्री गंगा प्रावि भानु ४. | बिन्दु पन्त | 9846065021 |
| ३४ | श्री नागनागिनी प्रा वि.भानु ५ | सुर्य राज कैनी | 9846455378 |
| ३५ | श्री शिवालय प्रावि भानु ५. | विष्णु नेपाली | 9861235718 |
| ३६ | श्री चन्द्रोदय प्रावि भानु ५. | दामोदर बराल | 9846949997 |
| ३७ | श्री कालिका प्रावि भानु ६. | कल्पना अधिकारी | 9842762964 |
| ३८ | श्री बुद्ध प्रावि भानु ६. | जीवन चन्द्र खनाल | 9862409366 |
| ३९ | श्री जय मंगल प्रावि भानु ७. | संगिता नेपाली | 9845530304 |
| ४० | श्री चण्डिकालाल अमर प्रावि भानु ७. | इन्दु कान्त पण्डित | 9846172455 |
| ४१ | श्री मर्स्याङदी प्रावि भानु ९. | धन कृष्ण श्रेष्ठ | 9847607801 |
| ४२ | श्री चितिखोला प्रावि भानु ९. | कृष्ण तामाङ | 9846088602 |
| ४३ | श्री पुर्णिमा प्रावि भानु ९. | तिलक बहादुर थापा | 9825170216 |

| | | | |
|---|---|---|---|
| ४४ | श्री बुद्ध जयन्ति प्रावि भानु १०. | उद्धव बहादुर उप्रेती | 9846770462 |
| ४५ | नारायण प्राविं भानु १०. | राजेन्द्र बानिया | 9846194400 |
| ४६ | श्री कालिका प्रवि भानु १०. | चन्द्र बहादुर पुन | 9848179024 |
| ४७ | श्री राष्ट्रिय प्रावि भानु ११. | विष्णुकान्त अधिकारी | 0 |
| ४८ | श्री सत्यवती प्रावि भानु ११. | ध्रुव बहादुर कार्की | 9846194835 |
| ४९ | सरस्वती प्रवि भानु ४ चिसापानी. | हरिश्चन्द्र गैह्रे | 9864420281 |
| ५० | श्री राष्ट्रिय प्रावि भानु १२. | भानु कुमारी केसी | 9846460796 |
| ५१ | श्री नेपाल इह.प्रा.वि भानु १३. | सिमारानी मिया | 9846656074 |

## भानु नगरपालिका अन्तर्गत सञ्चालित संस्थागत विद्यालयहरुको विवरण

| क्र.सं. | विद्यालयको नाम | प्र.अ.को नामथर | संपर्क नम्बर |
|---|---|---|---|
| १ | श्री फिस्टेल बोडिङ्ग स्कुल भानु १ | सुन्दर खनाल | 9846132893 |
| २ | श्री भन्सार इ बो स्कुल भानु १ भन्सार | राजिव रावत | 9846835812 |
| ३ | मनकामना सामुदायिक बोडिङ स्कुल भानु २ | धर्म परियार | 9861347920 |
| ४ | जयबुद्ध बोडिङ्ग स्कुल भानु ३ खहरे | तुलसी बहादुर कार्की | 9846322652 |
| ५ | छिम्केश्वरी बोडिङ स्कुल भानु ३ तुरतुरे | शुमित्रा थापा | 9841976580 |
| ६ | श्री तनहुँ मनकामना बोर्डिङ स्कुल भानु ५ पन्चनगर | निर्देश आले | 9825169479 |
| ७ | एकता बोडिङ स्कुल भानु ५ सेपाबगैचा | अर्जन बहादुर अधिकारी | 9851049505 |
| ८ | सह रामज्योती बोडिङ्ग स्कुल भानु ६ टुहुरेपसल | सहदेव अधिकारी | 9846040384 |
| ९ | वसन्तपुर एसा एण्ड टेक्नोलोजी भानु ७ बसन्तपुर.अफ. | मंगल बहादुर रानाभगर | 9856060178 |
| १० | श्री चिल्ड्रेन हेराल्ड बोडिङ्ग स्कुल भानु ८ महन्तेहटीया | बाबुराम घिमिरे | 9851128591 |
| ११ | श्री पुर्कोट ल्याड बोडीङ्ग स्कुल | भुवन अधिकारी | 9844193789 |
| १२ | श्री शिशु शिक्षा सदन बोडिङ्क स्कुल भानु ९ रानीपानी | शंकर कुमार श्रेष्ठ | 9860737049 |
| १३ | श्री शान्ति इ बो स्कुल  भानु १३ पोखरीछाप | दुर्गा अर्चाय | 9846436938 |
| १४ | श्री मिर्लुङ्ग स्टार जेविएस बोडिङ्क स्कुल भानु १३ चन्द्रावती | छबी श्रेष्ठ | 9846151603 |

# अनुसूची १०

## भानु नगर शिक्षा समितिका पदाधिकारीहरुको विवरण

| क सं | पद | व्यक्तिको नाम | कार्यालय प्रतिनिधित्वको क्षेत्र |
|---|---|---|---|
| १ | अध्यक्ष | आनन्दराज त्रिपाठी | प्रमुख, भानु नगरपालिका |
| २ | सदस्य | हरिहर उप्रेती | कार्यपालिका सदस्यहरु मध्येबाट नगर कार्यपालिकाबाट मनोनित |
| ३ | सदस्य | सकिना खातुन | कार्यपालिका सदस्यहरु मध्येबाट नगर कार्यपालिकाबाट मनोनित |
| ४ | सदस्य | नवीनराज दाहाल | वि व्य स अध्यक्षहरुका तर्फबाट नगर शिक्षा समितिबाट मनोनित |
| ५ | सदस्य | अमृतबहादुर थापा | सामुदायिक विद्यालयका प्रअहरु मध्येबाट नगर कार्यपालिकाबाट मनोनित |
| ६ | सदस्य | विन्दु पन्त | सामुदायिक विद्यालयका महिला प्रअहरु मध्येबाट नगर कार्यपालिकाबाट मनोनित |
| ७ | सदस्य | राजिब रावत | संस्थागत विद्यालयका प्राचार्यहरु मध्येबाट नगर कार्यपालिकाबाट मनोनित |
| ८ | सदस्य | ……………….. | आदिवासी जनजाती |
| ९ | सदस्य | ……………….. | दलित समुदाय |
| १० | सदस्य | ……………….. | महिला |
| ११ | सदस्य | ……………….. | नेपाल शिक्षक महासंघ भानु नगर समितिका अध्यक्ष वा प्रतिनिधि |
| १२ | सदस्य सचिव | ध्रुवराज पौडेल | नगर शिक्षा अधिकारी, भानु नगरपालिका |

# अनुसूची ११

## *भानु नगरपालिका*

## *नगर कार्यपालिकाको कार्यालय*

### ***भानु नगरपालिकाको आ.व. २०८०।०८१ को लागि सशर्त कार्यक्रमहरु***

**कार्यालय कोडः 80438401300 (शिक्षा तथा खेलकुद)**

| सि.नं. | आयोजनाको नाम | प्रस्तावित बजेट | सर्शत अनुदान श्रोत | आन्तरिक श्रोत |
|---|---|---|---|---|
| | ***शिक्षा युवा तथा खेलकुद*** | | | |
| १ | राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता (स्थानिय तहस्तरीय) | | 1.0 | |
| २ | शैक्षिक पहुँच सुनिस्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय वैकल्पिक विद्यालय साक्षरता र निरन्तरता शिक्षाका कार्यक्रम समेत) | | 17.5 | |
| ३ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | | 85.35 | |
| ४ | विद्यालयमा शैक्षिक गुणस्तर सुद्धृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान | | 60.45 | |
| ५ | CTEVT को मापदण्डबमोजिम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा संचालनमा अनुदान | | 28 | |
| ६ | प्रारम्भिक बालविकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | | 176.52 | |
| ७ | सार्वजानिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | | 42.45 | |
| ८ | आधारभुत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अर्न्तगतका शिक्षक/कर्मचारीहरु समेत) | | 1989 | |
| ९ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास विद्यार्थी परीक्षण मुल्याङ्कन शिक्षक मेन्टरिङ्ग तथा विद्यालय सुपरिवेक्षण | | 15.41 | |

| | | | | |
|---|---|---|---|---|
| १० | कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपुर्ण तथा अन्य विपद्धको समयमा सिकाई निरन्तरताका लागि कार्यक्रम | | 5.0 | |
| ११ | माध्यमिक तहका स्विकृत दरबन्दीका शिक्षक,राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अर्न्तगतका शिक्षक/कर्मचारी प्राविधिक धारका प्रशिक्षक समेत) | | 748 | |
| १२ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | | 18.45 | |
| १३ | आधारभुत तह कक्षा (६-८) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | | 4.51 | |
| १४ | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | | 35.33 | |
| १५ | प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामग्री तथा डिजिटल सिकाई सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान | | 15.47 | |
| १६ | सार्वजानिक विद्यालयमा अध्ययनरत विद्यार्थिहरुका लागि छात्रावृति (आवसिय तथा गैरआवसिय) | | 16.56 | |
| *शिक्षा युवा तथा खेलकुद तर्फको जम्मा* | | | 3259 | |

# अनुसूची १२

## शिक्षक कर्मचारीहरुको स्वीकृत तलबमान २०८०।०८१

## (अघिल्लो आवको निरन्तरता)

२०७९ साउन १ गतेदेखि लागू हुने तलबमान

नेपाल सरकार अर्थ मन्त्रालय

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक

अनुसूची ७

| क.सं. | पद/श्रेणी | शुरू तलब स्केल | ग्रेड संख्या | ग्रेड दर | कायम जम्मा |
|---|---|---|---|---|---|
| | माध्यामिक | | | | |
| १ | माध्यामिक (प्रथम श्रेणी) | ५६,७८७ | ६ | १८९३ | ६८,१४५ |
| २ | माध्यामिक (द्वितीय श्रेणी) | ४८,७३७ | ८ | १६२५ | ६१,७३७ |
| ३ | माध्यामिक (तृतीय श्रेणी) | ४३,६८९ | ८ | १४५६ | ५५,३३७ |
| | निम्न माध्यामिक | | | | - |
| ४ | निम्न माध्यामिक (प्रथम श्रेणी) | ४५,८६२ | ८ | १५२९ | ५८,०९४ |
| ५ | निम्न माध्यामिक (द्वितीय श्रेणी) | ४३,६८९ | ८ | १४५६ | ५५,३३७ |
| ६ | निम्न माध्यामिक (तृतीय श्रेणी) | ३४,७३० | ८ | ११५८ | ४३,९९४ |
| | प्राथमिक | | | | - |
| ७ | एस.एल.सी.उत्तीर्ण (प्रथम श्रेणी) | ४३,६८९ | ८ | १४५६ | ५५,३३७ |
| ८ | एस.एल.सी.उत्तीर्ण (द्वितीय श्रेणी) | ३४,७३० | ८ | ११५८ | ४३,९९४ |
| ९ | एस.एल.सी.उत्तीर्ण (तृतीय श्रेणी) | ३२,९०२ | ६ | १०९७ | ३९,४८४ |
| १० | दुई विषयसम्म एस.एल.सी. अनुत्तीर्ण | २७,६१२ | ६ | ९२० | ३३,१३२ |
| ११ | दुई विषयभन्दा बढी एस.एल.सी. अनुत्तीर्ण | २६,०८२ | ६ | ८६९ | ३१,२९६ |

सचिव (राजस्व)

## अनुसूची १३

# प्राविधिक शिक्षा छात्रवृत्ति वितरण कार्यविधि, २०७९

नगर शिक्षा समितिबाट स्वीकृत मितिः २०७९।०५।२१
नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।०५।३१

भानु नगरपालिकाका युवा विद्यार्थीलाई प्राविधिक शिक्षा प्रति आकर्षित गर्न, विपन्न तथा लक्षीत वर्गका विद्यार्थीलाई आर्थिक सहयोग गरी प्राविधिक शिक्षा प्राप्त गर्न अनुकूल वातावरण सिर्जना गरी भानुमा सञ्चालित प्राविधिक शिक्षालयको संस्थागत क्षमता अभिवृद्धि एवम् शैक्षिक कार्यक्रमलाई प्रबर्द्धन र दिगो बनाउनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ तथा भानु नगरपालिका शिक्षा ऐन २०७७ को दफा ३८ तथा ले दिएको अधिकार प्रयोग गरी भानु नगर कार्यपालिकाले **प्राविधिक शिक्षा छात्रवृत्ति वितरण कार्यविधि, २०७९** जारी गरेको छ ।

परिच्छेद १

प्रारम्भिक, संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "**प्राविधिक शिक्षा छात्रवृत्ति वितरण कार्यविधि, २०७९ रहेको छ ।**

(२) यो कार्यविधि भानु नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) "ऐन" भन्नाले भानु नगरपालिका शिक्षा ऐन २०७७ लाई सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले भानु नगरपालिका कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) "प्राविधिक शिक्षा छात्रवृत्ति" भन्नाले भानु नगरपालिका अन्तर्गत सञ्चालन भएका प्राविधिक शिक्षालयहरुमा अध्ययन गर्ने गरीब तथा जेहेन्दार विद्यार्थीका लागि दिइने छात्रवृत्ति सम्झनुपर्छ ।

(घ) “नगरपालिका” भन्नाले भानु नगरपालिका सम्झनुपर्छ ।

(ङ) "प्राविधिक शिक्षालय" भन्नाले भानु नगरपालिका अन्तर्गत सञ्चालन भएका र हुने शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट सम्बन्धन लिई सञ्चालित प्राविधिक धारका विभिन्न विषयहरु अध्यापन गराउने सामुदायिक विद्यालयहरुलाई सम्झनुपर्छ ।

(च) “प्राविधिक विषय” भन्नाले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्धारण गरेका तथा पाठ्यक्रम विकास केन्द्र र राष्ट्रिय परीक्षा बोर्डले स्वीकृत गरेका कृषि शिक्षा, पशु विज्ञान, इन्जिनियरिङ्, चिकित्सा विज्ञान, सूचना तथा प्रविधि, संगीत, ललितकला आदि विषयहरु सम्झनुपर्छ ।

(छ) “विद्यार्थी” भन्नाले भानु नगरपालिका अन्तर्गत सञ्चालित प्राविधिक शिक्षालयमा अध्ययनरत छात्र छात्रालाई सम्झनुपर्छ ।

(ज) “प्रमुख” भन्नाले भानु नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(झ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले भानु नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ञ) "नगर शिक्षा अधिकारी" भन्नाले भानु नगरपालिकाकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

(ट) “शिक्षा युवा तथा खेलकुद शाखा” भन्नाले भानु नगरपालिकामा रहेको शिक्षा, युवा र खेलकुद क्षेत्र हेर्ने विभाग वा शाखालाई सम्झनुपर्छ ।

(ठ) “नगर शिक्षा समिति” भन्नाले ऐनको दफा ८ बमोजिम गठित भानु नगर शिक्षा समितिलाई सम्झनुपर्छ ।

(ड) "वडा समिति" भन्नाले भानु नगरपालिकाका वडामा गठित जनप्रतिनिधिहरुको पाँच सदस्सीय समितिलाई सम्झनुपर्छ ।

परिच्छेद २

## प्राविधिक शिक्षा छात्रवृत्तिका लागि कोटा निर्धारण, दरखास्त आह्वान, छनौट तथा सिफारिस

३. प्राविधिक शिक्षा छात्रवृत्तिका लागि नगरपालिकाले प्रत्येक वर्ष प्रत्येक वडाका लागि एकजना छात्र र एकजना छात्रा गरी दुईवटा कोटा निर्धारण गर्नेछ । यो छात्रवृत्ति भानु नगरपालिका अन्तर्गत सञ्चालित प्राविधिक शिक्षालयमा तीनवर्षे प्राविधिक शिक्षा कार्यक्रम अन्तर्गत अध्ययनरत विद्यार्थीले कार्यक्रम अवधिभरका लागि प्रत्येक वर्ष रु. पचास हजारका दरले तीनवर्षसम्म प्राप्त गर्न सक्नेछ ।

४. प्राविधिक शिक्षा छात्रवृत्तिका लागि दरखास्त आह्वान : (१) हरेक वर्ष भानु नगरपालिका अन्तर्गतका वडा कार्यालयहरुले प्राविधिक शिक्षा छात्रवृत्ति प्राप्त गर्न चाहने विद्यार्थीहरुबाट १५ दिनको सूचना दिई दरखास्त आह्वान गर्नेछ । दरखास्त दिँदा विद्यार्थीले तोकिएको ढाँचामा निवेदनका साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि तथा हाल अध्ययन गरिरहेको प्राविधिक विद्यालयको सिफारिस संलग्न राखी पेश गर्नुपर्नेछ । निवेदन दिँदा कुनैपनि शुल्क लाग्नेछैन । प्राविधिक शिक्षा छात्रवृत्तिका लागि दिइने निवेदनको ढाँचा अनुसूची १ बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनहरु संकलन गरी वडा कार्यालयले विद्यार्थी छनोटका लागि भानु नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ । तर वडामा तोकिएको समयावधि भित्र एकजना छात्र र एकजना छात्राको मात्र निवेदन पर्न आएमा विद्यार्थी छनोटका लागि प्रतिस्पर्धा गराउनु पर्नेछैन र निजहरु स्वतः छनोट भएको मानिनेछ । साथै कुनै वडामा छात्र वा छात्राले मात्र निवेदन दिएको खण्डमा बढीमा दुईजना सम्म मात्र सिफारिस गर्नुपर्नेछ ।

५. दफा (४) बमोजिम सबै वडा कार्यालयबाट प्राप्त निवेदनका आधारमा दुई वा सो भन्दा बढी प्रतिस्पर्धी विद्यार्थी भएको अवस्थामा छात्रवृत्ति पाउने विद्यार्थी छनोटका लागि देहायबमोजिमको छनोट तथा सिफारिस समिति रहनेछ ।

(क) नगर शिक्षा अधिकारी, भानु नगरपालिका - संयोजक

(ख) सामाजिक विकास समितिका संयोजक - सदस्य

(ग) प्राविधिक शिक्षालयका प्राचार्यहरु मध्येबाट नगर प्रमुखले तोकेको एकजना - सदस्य

(घ) नगर शिक्षा समितिका सदस्यहरु मध्येबाट नगर प्रमुखले तोकेको एकजना - सदस्य

(ङ) शिक्षा अधिकृत - सदस्य सचिव

६. दफा (५) बमोजिम गठित समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ

क) छात्रवृत्तिका लागि प्राप्त निवेदनको जाँचबुझ गर्ने

ख) निवेदक विद्यार्थीहरु बीच स्वस्थ प्रतिस्पर्धात्मक परीक्षाका लागि सम्बन्धित विषयका विज्ञहरु मार्फत प्रश्नपत्र तयार गर्ने

ग) परीक्षा केन्द्र तोक्ने र मर्यादित र निष्पक्ष ढंगले परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्ने

घ) परीक्षाका उत्तरपुस्तिका परीक्षण गराई नतिजा प्रकाशन गर्ने

ङ) वडागत रुपमा उत्कृष्ट अंक ल्याउने एकजना छात्र र एकजना छात्रालाई छात्रवृत्तिका लागि सिफारिस गर्ने

च) कुनै वडाबाट छात्रवृत्तिका लागि कुनैपनि उम्मेदवार सिफारिस भई नआएमा कूल संख्या (छब्बिस) मा नबढ्ने गरी उत्कृष्ट नम्बर ल्याउने उम्मेदबारलाई छनोट गरी छात्रवृत्तिका लागि सिफारिस गर्ने

## परिच्छेद ३

## परीक्षाको पाठ्यक्रम तथा सहुलियत सम्बन्धी व्यवस्था

७. (१) प्राविधिक शिक्षा छात्रवृत्तिका लागि लिइने छनोट परीक्षाको पाठ्यक्रम माध्यमिक शिक्षा परीक्षा (SEE) वा सो सरहको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको परीक्षामा मुख्यतः अंग्रेजी, गणित र विज्ञान विषयलाई आधार मानी सोही स्तरमा १०० पूर्णाङ्कको प्रश्नपत्र निर्माण गरिनेछ । यसमा कूल अंग्रेजीको ३० प्रतिशत, गणितको ३० प्रतिशत र विज्ञानको ४० प्रतिशत अंकभार रहनेछ ।

(३) उपदफा (२) बमोजिमको परीक्षामा विद्यार्थीले प्राप्त गरेको अंकको अतिरिक्त देहाय बमोजिमका अंक समेत थप गरी कूल प्राप्ताङ्क निर्धारण गरिनेछ र सो बमोजिम सर्वोच्च अंक ल्याउने विद्यार्थीलाई वडागत रुपमा सिफारिस गरिनेछ ।

| क सं | क्षेत्र | कूल अंक | मापदण्ड |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | माध्यमिक शिक्षा परीक्षामा प्राप्त ग्रेड | ३ | GPA ४ प्राप्त गरेको लाई ३ अंक, ३.६ प्राप्त गरेकोलाई २ अंक र ३.२ वा सोभन्दा कम प्राप्त गरेकोलाई १ अंकका दरले<br>अक्षराङ्कन पद्धति लागु हुनुपूर्व जारी मार्कसिट रहेकोमा वशिष्ट श्रेणीलाई ३ अंक प्रथम श्रेणीलाई २ अंक र द्वितीय श्रेणीलाई १ अंकका दरले |
| २ | लक्षीत समूहका विद्यार्थी | २ | आवेदक विद्यार्थी दलित, अल्पसंख्यक, अपाङ्ग र आदिवासी जनजाती समुदायको भएमा कुनै एक वर्गका लागि मात्र २ अंक |
| ३ | सामुदायिक विद्यालयमा कक्षा ६ देखि १० सम्म अध्ययन गरेको | ५ | कक्षा ६-१० अध्ययन गरेको सामुदायिक विद्यालयले प्रमाणित गरी पठाएको पत्रका आधारमा |
| ४ | गरीब समुदायको लागि | १ | सम्बन्धित वडा कार्यालयबाट गरिब परिवारको विद्यार्थी रहेको कुरा सिफारिस भई आएको |

(३) प्राविधिक शिक्षा छात्रवृत्तिको रकम प्रत्येक वर्ष जनही रु पचास हजारको दरले कार्यक्रमको अवधि तीन वर्षसम्म नगरपालिकाबाट सम्बन्धित शिक्षालयको खातामा पठाइनेछ । सो रकमबाट शिक्षालयले छात्रवृत्ति पाउने विद्यार्थीका लागि हुने खर्च मध्ये छात्रवृत्ति रकम बमोजिमको खर्च छुट दिनेछ । यदि छात्रवृत्तिका लागि छनोट भएको विद्यार्थीले उक्त शिक्षालयको अध्ययन छोडेमा वा तोकिए बमोजिमको क्रेडिट आवर पुरा नहुने गरी अनुपस्थित भएमा उक्त रकम पाउनेछैन । यस कार्यविधिको दफा ७ को उपदफा (५) बमोजिमको कबुलियतनामामा उल्लेख गरे विपरित कार्य भए गरेमा सम्बन्धित शिक्षालयले भानु नगरपालिकामा समयमा नै जानकारी गराउनुपर्नेछ ।विद्यार्थीले बीचैमा कक्षा छाडेमा बाँकी रकम शिक्षालयले उक्त विद्यार्थीबाट असुल गरी नगरपालिकाको खातामा जम्मा गर्नुपर्नेछ ।

(४) प्राविधिक शिक्षा छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्दा भानु नगरपालिकाको स्थायी बासिन्दालाई पहिलो प्राथमिकता दिइनेछ । भानुको स्थायी बासिन्दा उम्मेदवार नभएमा अन्य छिमेकी जिल्ला वा पालिकामा स्थायी ठेगाना भई भानुवासी कुनै अभिभावक वा संरक्षकको मातहतमा रही अध्ययन गरेका विद्यार्थीले पनि यस प्रकारको सुविधा प्राप्त गर्न सक्नेछन् । यसका लागि एस इ इ परीक्षा उत्तीर्ण भएको विद्यालयको अभिलेख, संरक्षक वा अभिभावकको नागरिकता तथा सम्बन्धित वडा कार्यालयको सिफारिस अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(५) प्राविधिक शिक्षा छात्रवृत्तिका लागि छनोट भएको विद्यार्थीसँग सम्बन्धित शिक्षालयले पुरा अवधिभर सोही शिक्षालयमा अध्ययन गर्नुपर्ने कबुलियतनामा गराउनु पर्नेछ । यदि बीचैमा

कक्षा छाडी गएमा खर्च भएको संपूर्ण रकम निजबाट असुल उपर गरिनेछ । कबुलियतनामाको ढाँचा अनुसूची २ बमोजिम हुनेछ ।

(६) प्राविधिक शिक्षा छात्रवृत्ति छनोट परीक्षाका आवश्यक स्रोत स्टेशनरी, बैठक भत्ता, खाजा, खाना, उपकरण तथा यातायात खर्च नगरपालिकाको आन्तरिक स्रोतबाट व्यवस्थापन गरिनेछ ।

८. प्राविधिक शिक्षा छात्रवृत्ति वितरण कार्यविधि २०७९ मा कुनै संशोधन थपघट नगर कार्यपालिकाले गर्न सक्नेछ ।

अनुसूची १

प्राविधिक शिक्षा छात्रवृत्तिका लागि दिइने निवेदनको ढाँचा

(परिच्छेद २, दफा ४ (१) संग सम्बन्धित)

मितिः २०.....। ...... ।.....

श्री वडाध्यक्षज्यू

भानु नगरपालिका वडा नं ....... तनहुँ ।

**विषयः प्राविधिक शिक्षा छात्रवृत्ति पाउँ ।**

उपर्युक्त सम्बन्धमा भानु नगरपालिकाको घोषित नीति बमोजिम प्रत्येक वर्ष वडागत रुपमा प्रदान गरिने प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रमका लागि देहाय बमोजिमका विवरण सहित यो निवेदन पेश गरेको छु । नगरपालिकाबाट उपलब्ध हुने प्राविधिक शिक्षा छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने अवसर प्रदान गरिदिनु हुन अनुरोध गर्दछु ।

संलग्न काजगातहरु

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

ख) माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) को ग्रेडसिट तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि

ग) अध्ययनरत विद्यालयको सिफारिस पत्र

घ) कबुलियतनामा

निवेदकको विद्यार्थीकोः

दस्तखत : .........................

नामथर : .........................

ठेगाना : .........................

संपर्क नं : .........................

अनुसूची २

कबुलितनामा

(परिच्छेद ३, दफा ७ (४) संग सम्बन्धित)

मितिः २०.....। ...... ।.....

तनहुँ जिल्ला भानु नगरपालिका वडा नं ........ निवासी श्री ............................... को छोरा/छोरी म यस नगरपालिका स्थित श्री ............................................. विद्यालयको प्राविधिक धार तर्फको तीनवर्षे अबिधिको .................................. विषयमा अध्ययनरत छु / अध्ययन गर्न इच्छुक छु । मैले नगरपालिकाबाट प्राप्त प्राविधिक शिक्षा छात्रवृत्तिको उद्देश्य अनुसार अनुशासित र लगनशील रुपमा अध्ययन गर्ने र अध्ययनको सिलसिलामा आवश्यकतानुसार सेवाकालीन तालिम (On the Job Training - OJT) तथा तत्पश्चातको स्वयमसेवकीय कार्य यसै नगरपालिका अन्तर्गतका कार्यालय तथा संस्थाहरुमा गर्नेछु । छात्रवृत्ति पाएपछि बीचैमा अध्ययन छाड्ने छैन र यदि छाडेमा हालसम्म विद्यालयको तर्फबाट भएको संपूर्ण खर्च सरकारी बाँकी सरह फिर्ता गर्न मञ्जुर गर्दछु भनी शिक्षालयका नाममा यो कबुलियतनामा पेश गर्दछु ।

कबुलियतनामा गर्ने विद्यार्थीकोः

दस्तखत : .........................

नामथर : .........................

ठेगाना : .........................

संपर्क नं : .........................

रोहोबरः

सम्बन्धित वडाका वडाध्यक्ष

दस्तखत : .........................

नामथर : .........................

वडा नं : .........................

संपर्क नं : .........................

## अनुसूची १४

# विद्यालयमा स्वयमसेवक शिक्षक परिचालन कार्यविधि, २०७९

नगर शिक्षा समितिबाट स्वीकृत मितिः २०७९।०५।२१
नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।०५।३१

सामुदायिक विद्यालयको पठनपाठनमा सुधार गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने तथा विद्यालयमा कार्यरत महिला शिक्षक सुत्केरी बिदामा बसेको समयमा विद्यालयको दैनिक पठनपाठनलाई सुचारु गरी शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिई बालबालिकाको सिकाइलाई व्यवस्थित गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ तथा भानु नगरपालिका शिक्षा ऐन २०७७ को दफा ३८ तथा ले दिएको अधिकार प्रयोग गरी भानु नगर कार्यपालिकाले **विद्यालयमा स्वयमसेवक शिक्षक परिचालन कार्यविधि, २०७९** जारी गरेको छ ।

परिच्छेद १

प्रारम्भिक, संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "**विद्यालयमा स्वयमसेवक शिक्षक परिचालन कार्यविधि, २०७९" रहेको छ ।**

(२) यो कार्यविधि भानु नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो कार्यविधि भानु नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "ऐन" भन्नाले भानु नगरपालिका शिक्षा ऐन २०७७ लाई सम्झनुपर्छ ।

(ख) नियमावली भन्नाले भानु नगरपालिका शिक्षा नियमावली २०७८ लाई सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले भानु नगरपालिका कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) "स्वयमसेवक शिक्षक" भन्नाले भानु नगरपालिकाले स्वयमसेवाका लागि सूचीकृत गरेका र निश्चित समयका लागि कुनै स्वयमसेवकको रुपमा सामुदायिक विद्यालयमा अध्यापनका लागि खटिएका शिक्षक सम्झनुपर्छ ।

(घ) “नगरपालिका” भन्नाले  भानु नगरपालिका सम्झनुपर्छ ।

(ङ) "पारिश्रमिक" भन्नाले भानु नगरपालिका अन्तर्गत विभिन्न विद्यालयमा कार्यरत स्वयमसेवक शिक्षकले पाउने सुविधाको रकम सम्झनुपर्छ ।

(च) “सुत्केरी बिदाको अवधि” भन्नाले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ बमोजिम महिला शिक्षक सुत्केरी हुँदा निजले पाउने सुत्केरी बिदाको अबधि सम्झनुपर्छ ।

(छ) “विद्यालय” भन्नाले भानु नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालय सम्झनुपर्छ ।

(ज) “प्रमुख” भन्नाले भानु नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(झ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले भानु नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ञ) "नगर शिक्षा अधिकारी" भन्नाले भानु नगरपालिकाकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख  वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

(ट) “शिक्षा युवा तथा खेलकुद शाखा” भन्नाले भानु नगरपालिकामा रहेको शिक्षा, युवा र खेलकुद क्षेत्र हेर्ने विभाग वा शाखालाई सम्झनुपर्छ ।

(ठ) “नगर शिक्षा समिति” भन्नाले ऐनको दफा ८ बमोजिम गठित भानु नगर शिक्षा समितिलाई सम्झनुपर्छ ।

(ड) "वडा शिक्षा समिति" भन्नाले भानु नगरपालिका शिक्षा नियमावलीको नियम ९३ बमोजिम वडामा गठित समिति सम्झनुपर्छ ।

## परिच्छेद २

## स्वयमसेवक शिक्षकको दरखास्त आह्वान, सूचीकरण र अद्यावधिक

३. भानु नगरपालिकाले प्रत्येक वर्ष स्वयमसेवक शिक्षक परिचालनका लागि सूचीकरण गर्न खुला दरखास्त आह्वान गर्नेछ र हरेक छ छ महिनामा यसलाई अद्यावधिक गर्नेछ ।यसरी शुरुको दरखास्त आह्वान गर्दा न्यूनतम १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

४. दफा (३) बमोजिम दरखास्त आह्वान गर्दा आधारभूत तह कक्षा १-५ का लागि साधारण र आधारभूत तह कक्षा ६-८ तथा माध्यमिक तह कक्षा ९-१२ का लागि तहगत र विषयगत रुपमा दरखास्त आह्वान गरिनेछ ।सूचनामा तोकिएको समय भित्र निवेदकले नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता तथा तालिमको प्रमाणपत्र, अध्यापन अनुमति पत्रको प्रतिलिपि तथा अन्य अनुभव सम्बन्धी कागजातहरु संलग्न गरी शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ । स्वयमसेवक शिक्षकले दिने निवेदनको ढाँचा अनुसूची १ बमोजिम हुनेछ ।

५. दफा (४) बमोजिम दरखास्त पेश गर्ने शिक्षकहरुको योग्यता र अन्य मापदण्ड शिक्षक सेवा आयोगले तोकेबमोजिम हुनेछ । तर निम्न माध्यमिक र माध्यमिक तहको विज्ञान र गणित विषयमा अध्यापन अनुमति पत्र नभएका व्यक्तिले पनि दरखास्त पेश गर्न सक्नेछन् । यसरी दरखास्त पेश गर्ने स्वयमसेवक शिक्षकहरुको छनोट गर्दा अध्यापन अनुमति पत्र प्राप्त व्यक्तिलाई प्राथमिकताको आधारमा सिफारिस गरिनेछ । स्वयमसेवक शिक्षक सिफारिस गर्दा नेपाल सरकारको स्रोतबाट तलब भत्ता खाने स्वीकृत दरबन्दी, करार, राहत तथा सट्टा दरबन्दी र बाल विकास केन्द्रको सहयोगी कार्यकर्ताको पदमा कार्यरत महिला शिक्षकहरु सुत्केरी हुँदाका बखत मात्र सामुदायिक विद्यालयले यसप्रकारको सुविधा प्राप्त गर्न सक्नेछन् ।तर बाल विकास केन्द्र सहयोगी कार्यकर्ताको रुपमा स्वयमसेवक शिक्षक हुनका लागि माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ तर निजलाई अध्यापन अनुमति पत्र अनिवार्य हुनेछैन ।

६. दफा (४) बमोजिम स्वयमसेवक शिक्षकका लागि प्राप्त निवेदन तथा अन्य कागजातहरु अध्ययन तथा मूल्याङ्कन गरी अन्तरवर्ताको माध्यमबाट छनोट गरी सूचिकृत तथा सिफारिस गर्न देहाय बमोजिमको मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ ।

(क) नगर शिक्षा अधिकारी, भानु नगरपालिका - संयोजक

(ख) नगर कार्यपालिकाका सदस्यहरु मध्ये नगर प्रमुखले तोकेको दुईजना - सदस्य

(ग) नगर शिक्षा समितिका सदस्यहरु मध्ये नगर प्रमुखले तोकेको एकजना - सदस्य

(घ) सामुदायिक विद्यालयका प्रअहरु मध्येबाट नगर प्रमुखले तोकेको एकजना - सदस्य

(ङ) नेपाल शिक्षक महासंघको प्रतिनिधि एकजना -सदस्य

(च) शिक्षा अधिकृत, भानु नगरपालिका - सदस्य सचिव

७. दफा (६) बमोजिम गठित समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ

छ) स्वयमसेवक शिक्षक सूचीकरणका लागि दरखास्त आह्वान गर्ने

ज) प्राप्त निवेदनका बारेमा छानबीन तथा मूल्याङ्कन गरी सूचीकरणका लागि सिफारिस गर्ने

झ) सूचीकृत शिक्षकहरुको विवरण अद्यावधिक गर्ने गराउने

ञ) विद्यालयबाट महिला शिक्षक सुत्केरी बिदामा बसेको अवस्थामा उक्त अवधिका लागि सट्टा स्वयमसेवक शिक्षकको माग भई आएमा सूचीकृत शिक्षकहरु मध्ये प्राथमिकताका आधारमा तहगत र विषयगत रुपमा उपयुक्त शिक्षकलाई बढीमा तीन महिना (नब्बे दिन) का लागि नियुक्ति गर्न प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने ।

ट) स्वीकृत दरबन्दी, करार, राहत तथा सट्टा दरबन्दीमा कार्यरत महिला शिक्षक सुत्केरी बिदामा रहेको अवस्थामा बाहेक कुनै विद्यालयबाट निजी स्रोतबाट तलब भत्ता खुवाउने गरी नियुक्तिका लागि स्वयमसेवक शिक्षक माग भई आएमा सूचीकृत शिक्षकहरु मध्येबाट सिफारिस गरी पठाउने ।

८. दफा (७) को खण्ड (घ) बमोजिम सिफारिस भई विद्यालयमा कार्यरत स्वयमसेवक शिक्षकको लागि तोकिएको सुविधा बापतको रकम सम्बन्धित विद्यालयको खातामा निकासा दिइनेछ ।उक्त रकम स्वयमसेवक शिक्षकको हाजिरी प्रमाणित तथा भरपाइ गरी प्रधानाध्यापकले निज शिक्षकलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद ३

## स्वयमसेवक शिक्षकको पारिश्रमिक तथा अन्य सुविधा

९. भानु नगरपालिकाले महिला शिक्षक सुत्केरी बिदामा रहेको अवधिका लागि स्वयमसेवक शिक्षकको पारिश्रमिक देहाय बमोजिम हुनेछ ।

क) बाल विकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताका लागि मासिक रु पन्ध्र हजार

ख) आधारभूत तह कक्षा १-५ मा अध्यापन गर्ने शिक्षकका लागि मासिक रु अठार हजार

ग) आधारभूत तह कक्षा ६-८ मा अध्यापन गर्ने शिक्षकका लागि मासिक रु बीस हजार

घ) माध्यमिक तह कक्षा ९-१० मा अध्यापन गर्ने शिक्षकका लागि मासिक रु पच्चीस हजार

ङ)  माध्यमिक तह कक्षा ११-१२ मा अध्यापन गर्ने शिक्षकका लागि मासिक रु अठ्ठाइस हजार

१०. स्वयमसेवक शिक्षकहरुले दफा (९) बमोजिम प्राप्त गर्ने पारिश्रमिकको अतिरिक्त महिनामा एक दिन भैपरि आउने बिदा र एक दिन बिरामी बिदा पाउनेछन् ।

११. भानु नगरपालिकाले खटाएको विद्यालयमा नियमित रुपमा गई तोकिएको अबधि भरी लगनशीलता र इमान्दारिताका साथ शिक्षण गर्ने स्वयमसेवक शिक्षकलाई नगरपालिकाले उक्त अवधिको सेवा प्रमाणित गरी प्रशंसा-पत्र समेत उपलब्ध गराउनेछ ।

## परिच्छेद ४

## विविध

१२ स्वयमसेवक शिक्षक छनोट सूचीकरण अध्यावधिक तथा सिफारिस लगायतका कार्यसम्पादनका लागि आवश्यक स्रोत स्टेशनरी, बैठक भत्ता, खाजा, खाना, उपकरण तथा यातायात खर्च नगरपालिकाको आन्तरिक स्रोतबाट व्यवस्थापन गरिनेछ ।

१३. विद्यालयमा स्वयमसेवक शिक्षक परिचालन कार्यविधि २०७९ मा कुनै संशोधन गर्नुपरेमा नगर कार्यपालिकाले गर्न सक्नेछ ।

अनुसूची १

स्वयमसेवक शिक्षकले दिने निवेदनको ढाँचा

(परिच्छेद २, दफा ४ संग सम्बन्धित)

मितिः २०.....। ...... ।.....

श्री नगर शिक्षा अधिकारीज्यू

भानु नगरपालिका तनहुँ ।

**विषयः स्वयमसेवक शिक्षकमा सूचीकृत हुन पाउँ ।**

उपर्युक्त सम्बन्धमा भानु नगरपालिकाको मिति २०.....। ....।.... को सूचना बमोजिम म स्वयमसेवक शिक्षकको रुपमा नगरपालिकाले खटाएको जुनसुकै विद्यालयमा पनि शिक्षण गर्न इच्छुक र तयार भई देहायको विवरण सहित यो निवेदन पेश गरेको छु । मलाई नियमानुसार स्वयमसेवक शिक्षकको रुपमा सूचीकृत गरिदिनु हुन अनुरोध गर्दछु ।

**तपशिल**

स्वयमसेवक शिक्षक हुन चाहेको तहः .......................

विषयः ......................................................................

शैक्षिक योग्यताः ...........................................

**संलग्न काजगातहरु**

ङ) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
च) शैक्षिक योग्यता र तालिमका प्रमाणपत्रको प्रतिलिपि
छ) अध्यापन अनुमति पत्रको प्रतिलिपि
ज) सेवा अनुभव तथा अन्य कागजातहरु

निवेदककोः
दस्तखत : .........................
नामथर : .........................
ठेगाना : .........................
संपर्क नं : .........................
इमेल ठेगानाः .......................

# अनुसूची १५

## धार्मिक प्रकृतिका शैक्षिक संस्थाहरुलाई अनुदान वितरण सम्बन्धी आन्तरिक कार्यविधि, २०७९

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।०९।२४

प्रस्तावनाः नेपालको संविधानको धारा २६ (१) बमोजिम प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन अभ्यास र संरक्षण गर्ने हक, धारा ३१ (५) बमोजिम बालबालिकाले आफ्नो मातृभाषामा शिक्षा पाउने हक तथा धारा ३२ (३) बमोजिम प्रत्येक व्यक्तिलाई आफ्नो भाषा, लिपि, संस्कृति र साँस्कृतिक सभ्यताको संरक्षण र सम्बर्द्धन गर्न पाउने हकको प्रत्याभूति गर्दै भानु नगरपालिकामा हाल सञ्चालन भैरहेका र हुने धार्मिक संस्थाहरुका माध्यमबाट सञ्चालन हुने शैक्षिक चेतना, जागरण, सदाचार, अनुशासन, योग, धार्मिक सहिष्णुता एवम् नैतिकता प्रबर्द्धन तथा जीवनोपयोगी सीपको प्रबर्द्धन गर्ने खालका धार्मिक प्रकृतिका शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्ने गुरुकुल/आश्रम, गुम्बा/बिहार, मदर्शा जस्ता शैक्षिक संस्थाहरुलाई दिइने अनुदान वितरणका लागि स्थानीय मापदण्ड भानु नगरपालिकाका लागि आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड फ (१) को क्षेत्राधिकार भित्र रही सोही ऐनको दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी भानु नगर कार्यपालिकाले यस "धार्मिक प्रकृतिका शैक्षिक संस्थाहरुलाई अनुदान वितरण सम्बन्धी आन्तरिक कार्यविधि, २०७९" जारी गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

१. (१) यस कार्यविधिको नाम "धार्मिक प्रकृतिका शैक्षिक संस्थाहरुलाई अनुदान वितरण सम्बन्धी आन्तरिक कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि भानु नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि लागु भएपछि भानु नगरपालिकामा हाल सञ्चालन भैरहेका र भविष्यमा हुने सबै प्रकारका धार्मिक संस्थाहरुबाट हुने शैक्षिक कार्यक्रमहरु यसै कार्यविधि बमोजिम सञ्चालन हुनेछन् र ती संस्थाहरुलाई नगरपालिकाको तर्फबाट दिइने अनुदान तथा सहयोग यसै कार्यविधिमा उल्लेखित मापदण्ड बमोजिम हुनेछन् ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "कार्यविधि" भन्नाले भानु नगर कार्यपालिकाबाट जारी "धार्मिक प्रकृतिका शैक्षिक संस्थाहरुलाई अनुदान वितरण सम्बन्धी आन्तरिक कार्यविधि, २०७९" सम्झनुपर्छ ।

(ख) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

(ग) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ ।

(घ) "नगरपालिका" भन्नाले भानु नगरपालिका सम्झनुपर्छ ।

(ङ) "नगर प्रमुख" भन्नाले भानु नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(च) "उप-प्रमुख" भन्नाले भानु नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भानु नगरपालिका प्रमुख प्रशासकीय अधिकृत वा सो को काम गर्न तोकिएको कर्मचारी सम्झनुपर्छ ।

(ज) "नगर शिक्षा अधिकारी" भन्नाले भानु नगरपालिकाको नगर शिक्षा अधिकारी वा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख सम्झनुपर्छ ।

(झ) "धर्मिक प्रकृतिका शैक्षिक कार्यक्रम" भन्नाले गुरुकूल/आश्रम, गुम्बा/बिहार तथा मदर्शा जस्ता धार्मिक गुठी/प्रतिष्ठान तथा संघसंस्थाहरुबाट सञ्चालित शैक्षिक कार्यक्रमहरुलाई सम्झनुपर्छ ।

(ट) "व्यवस्थापन समिति" भन्नाले धार्मिक प्रकृतिका शैक्षिक संस्थाको विधान बमोजिम गठन भएको व्यवस्थापन समिति सम्झनुपर्छ ।

(ठ) "धर्म गुरु" भन्नाले गुरुकूल/आश्रम, गुम्बा/बिहार तथा मदर्शा जस्ता धार्मिक प्रकृतिका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने मुख्य प्रशिक्षक/पुरोहित, लामा वा मुल्मी लाई सम्झनुपर्छ ।

(ड) "वडा समिति" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम गठन भएको भानु नगरपालिकाको वडा समितिलाई सम्झनुपर्छ ।

(ढ) "सेवाक्षेत्र" भन्नाले धार्मिक प्रकृतिका शैक्षिक संस्थामा अध्ययन वा प्रशिक्षणका लागि आउने बालबालिका रहेको क्षेत्र सम्झनुपर्छ ।

(ण) "शैक्षिक व्यवस्थापन" भन्नाले शैक्षिक कार्यक्रम सञ्चालनका लागि आवश्यक कक्षाकोठा व्यवस्थापन, शैक्षिक सामग्री, पाठ्यपुस्तक, सन्दर्भ सामग्री, शिक्षक एवम् प्रशिक्षक व्यवस्थापन, परीक्षा एवम् मूल्याङ्कन जस्ता अनुकूल शैक्षिक वातावरण निर्माण गर्ने प्रक्रियालाई सम्झनुपर्छ ।

## परिच्छेद- २

## संस्थाको विधान तथा संस्था दर्ता प्रक्रिया

३. कुनैपनि धार्मिक प्रकृतिका शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपुर्व ती कार्यक्रम सञ्चालन गर्नका लागि नगरपालिकामा संस्था दर्ता गर्नुपर्नेछ । संस्थादर्ता गर्दा उक्त संस्थाको विधान अनिवार्य रुपमा समावेश गरेको हुनुपर्नेछ । उक्त विधानमा संस्था दर्ता गर्नुका उद्देश्यहरु, कार्यक्षेत्र, लक्षीत वर्ग, अपेक्षित उपलब्धि, साधारण सदस्यहरु, व्यवस्थापन समितिको गठन, यसको जनशक्ति व्यवस्थापन एवम् सञ्चालन प्रक्रियाका बारेमा प्रष्ट उल्लेख भएको हुनुपर्नेछ ।

४. धार्मिक प्रकृतिका संस्थाको विधानमा विद्यालय उमेर समूहका बालबालिकाहरुलाई लक्षीत वर्गको रुपमा स्पष्ट उल्लेख गरेको हुनुपर्नेछ ।साथै विधानमा नेपालको संविधान विपरित एक अर्को जातजाती, भाषाभाषी, धर्म, संस्कृति र परम्परा माथि आँच पुऱ्याउने, राष्ट्रिय एकता, भौगोलिक अखण्डता र सामाजिक सद्भावमा प्रतिकूल असर पर्ने खालका विषयहरु राखिएको हुनु हुँदैन ।

५. धार्मिक प्रकृतिका शैक्षिक संस्था सञ्चालनका लागि संस्था दर्ता गर्दा देहायका प्रक्रिया पुरा गरेको हुनुपर्नेछ

(क) सरोकारवालाहरुको भेलाको निर्णय

(ख) संस्थाको विधान र सो विधान बमोजिम व्यवस्थापन समिति गठन भएको र उक्ति समितिले दर्ताका लागि निर्णय गरी कुनै व्यक्ति वा पदाधिकारीलाई जिम्मेवारी दिएको

(ग) संस्था दर्ता गर्ने कानूनी प्रक्रिया बमोजिम मुख्य पदाधिकारीको नागरिकताको प्रमाणपत्र समावेश गरेको

(घ) सम्बन्धित स्थानीय तह अन्तर्गत वडा कार्यालयको सिफारिस संलग्न गरेको

(ङ) संस्था दर्ता गरिसके पछि मात्र कक्षा सञ्चालनको प्रक्रिया अघि बढाउनु पर्नेछ ।

## परिच्छेद- ३

## कक्षा सञ्चालनको मापदण्ड तथा पूर्वाधार

६. धार्मिक प्रकृतिका शैक्षिक संस्था मार्फत् कक्षा सञ्चालनका लागि आवश्यक मापदण्ड तथा पूर्वाधारहरु यसप्रकार हुनुपर्नेछ

(क) एउटा कक्षामा विद्यालय उमेर समूहका कम्तिमा दशजना बालबालिकाहरु अध्ययनरत हुनुपर्ने,

(ख) कक्षामा अध्ययन गर्ने बालबालिकाहरु सबै नेपाल सरकारबाट कानून बमोजिम स्वीकृति लिई सञ्चालन भएको नजिकको विद्यालयमा अध्ययन गरिरहेको कुरा प्रमाणित भएको हुनुपर्ने,

(ग) बालबालिकाको पठनपाठन एवम् प्रशिक्षण तथा अभ्यासको समय आइतवार देखि शुक्रबारसम्म नेपाल सरकारले तोकेको समय विहान १०:०० बजेदेखि ४:०० बजे सम्म सञ्चालन गर्न पाइनेछैन । सोको अघिपछि बिहान र बेलुका कक्षा सञ्चालन गरेको हुनुपर्नेछ । तर सार्वजनिक बिदाको दिनमा भने अनुकूल कुनैपनि समयमा कक्षा सञ्चालन गर्न सकिनेछ ।

(घ) बालबालिका बस्ने पर्याप्त र अनुकूल स्थान उपलब्ध भएको हुनुपर्ने,

(ङ) पठनपाठन एवम् अभ्यासका लागि आवश्यक शैक्षिक सामग्रीको व्यवस्थापन हुनुपर्ने,

(च) बालबालिकाको लागि पिउने पानीको प्रबन्ध र छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था हुनुपर्ने,

(छ) बालबालिकाको लागि प्रशिक्षक वा धर्मगुरुको योग्यता नेपाल सरकारले तोके बमोजिम हुनुपर्नेछ । साथै धार्मिक प्रकृतिका कार्यक्रम सञ्चालन गर्ने गुरु/पुरोहित, लामा तथा मुल्मीको शैक्षिक योग्यता सम्बन्धित धार्मिक संस्था वा गुठि वा प्रतिष्ठान वा आयोगबाट प्रमाणित भएको हुनुपर्नेछ ।

(ज) व्यवस्थापन समितिले नियमित रुपमा कक्षा सञ्चालन तथा त्यहाँ भएका समग्र गतिविधिको सुक्ष्म ढंगले अवलोकन मूल्याङ्कन तथा व्यवस्थापन गर्नुपर्दछ ।

(झ) धार्मिक प्रकृतिका कक्षामा आफ्नो धर्म, संस्कृति, रितिरिवाज, मौलिक सभ्यता, नैतिकता, जागरण, ध्यान/योग, पुजापाठ,पौराणिक आयुर्वेद तथा औषधि विज्ञान तथा जीवन जिउने कला (जीवनोपयोगी सीप) सम्बन्धि ज्ञान, प्रशिक्षण तथा अभ्यास मात्र सञ्चालन गर्नुपर्नेछ । यसका अतिरिक्त अन्य असान्दर्भिक विषय जातीय, धार्मिक, भाषिक वा सामाजिक सद्भाव विथोल्ने वा नेपालको राष्ट्रियता, भौगोलिक अखण्डता, एकता, सार्वभौमसत्ता तथा धार्मिक सहिष्णुतामा आँच पुऱ्याउने कुनै प्रकारको गतिविधि भएको पाइएमा त्यस्ता कक्षाहरु तुरुन्त बन्द गराउनु पर्नेछ र यस प्रकारका गतिविधि सञ्चालन गर्नेलाई कानून बमोजिम कारवाही समेत हुनेछ ।

(ञ) यदि कक्षामा कार्यरत धर्मगुरु वा प्रशिक्षकले बालबालिका माथि कुनै दुर्व्यवहार गरेमा वा लैङ्गिक हिंसा गरेमा वा अनैतिक कार्य गरेमा वा बालबालिकालाई कुनै प्रकारको शारीरिक वा मानसिक सजाँय वा यातना दिएमा त्यस्ता प्रशिक्षकलाई व्यवस्थापन समितिले निजलाई निष्काशन गरी अर्को उपयुक्त र योग्यता पुगेको व्यक्ति नियुक्त गर्नुपर्नेछ । तर पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

## परिच्छेद-४
## अनुदान वितरण प्रक्रिया र मापदण्ड

७. धार्मिक प्रकृतिका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने संस्थाले नगरपालिकामा अनुदान माग गर्दा देहायका प्रक्रिया तथा कागजातहरु संलग्न राखी शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत् निवेदन पेश गर्नुपर्नेछ ।

(क) अनुदान माग गर्ने व्यवस्थापन समितिको बैठकको निर्णय

(ख) हालसम्म अध्ययनरत बालबालिकाको अद्यावधिक विवरण

(ग) विद्यालय समयमा बालबालिका पढ्ने विद्यालयबाट नियमिति रुपमा विद्यालयमा अध्ययन गरिरहेको र निजहरुको विवरण शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) मा प्रवृष्ट भएको व्यहोरा समेतको सिफारिस

(घ) संस्थाको विधानको प्रतिलिपि

(ङ) धर्मगुरु वा प्रशिक्षकको नागरिकता, नियुक्ति पत्र र शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि

(च) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

८. दफा ७ बमोजिमका कागजातहरु पेश भएपछि नगर शिक्षा अधिकारीबाट वा नगर शिक्षा समितिका पदाधिकारी सम्मिलित अनुगमन टोलीबाट सम्बन्धित कक्षाको स्थलगत अनुगमन गरिनेछ र पेश भएको व्यहोरा सहि भएमा अनुदानका लागि सिफारिस गर्नेछ ।

९. भानु नगरपालिकामा सञ्चालन भएका धार्मिक प्रकृतिका शैक्षिक कार्यक्रम गुरुकुल/आश्रम, गुम्बा/विहार वा मदर्शा सञ्चालन गर्ने संस्थाहरुलाई नगरपालिकाको वार्षिक विनियोजित बजेटको परिधि भित्र रही देहाय बमोजिम वितरण गरिनेछ ।

(क) कक्षामा १० जनासम्म बालबालिकालाई अध्यापन गराएको शैक्षिक संस्थालाई एकमुष्ट वार्षिक एक लाख रुपैयाँ

(ख) कक्षामा ११ देखि २५ जनासम्म बालबालिकालाई अध्यापन गराएको शैक्षिक संस्थालाई एकमुष्ट वार्षिक एक लाख पच्चीस हजार रुपैयाँ

(ग) कक्षामा २६ देखि ४० जनासम्म बालबालिकालाई अध्यापन गराएको शैक्षिक संस्थालाई एकमुष्ट वार्षिक एक लाख पचास हजार रुपैयाँ

(घ) कक्षामा ४० भन्दा बढी बालबालिकालाई अध्यापन गराएको शैक्षिक संस्थालाई एकमुष्ट वार्षिक एक लाख पचहत्तर हजार रुपैयाँ

१०. शैक्षिक कार्यक्रमको लागि निकासा गर्दा सम्बन्धित संस्थाको बैंक खातामा अर्धवार्षिक रुपमा निकासा दिइनेछ । बैंक खाता व्यवस्थापन समितिका अध्यक्ष र धर्मगुरु वा प्रशिक्षकको संयुक्त नाम एवम् दस्तखतबाट नजिकको बैंकमा खोलिनेछ । उक्त रकम व्यवस्थापन समितिको निर्णय अनुसार शैक्षिक व्यवस्थापनमा खर्च गर्न सकिनेछ । खर्च भैसकेपछि सोको सक्कल वीलभरपाइ शिक्षक/प्रशिक्षकको हाजिरी र पारिश्रमिक बुझेको भरपाइ तथा अध्ययनरत विद्यार्थीको हाजिरी प्रमाणित संलग्न राखी पेश्की फछ्र्यौटका लागि नगरपालिकामा पेश गर्नुपर्नेछ । पहिला निकासा भएको पेश्की रकम फछ्र्यौट नभएसम्म दोस्रो किस्ता निकासा हुनेछैन । यसरी निकासा भएको रकम कुनै पनि  भौतिक संरचना निर्माणमा खर्च गर्न पाइनेछैन ।

## परिच्छेद-५

## विविध

११. धार्मिक प्रकृतिका शैक्षिक संस्थाबाट सञ्चालन हुने कार्यक्रमका लागि स्थानीय सरकारले प्रदेश सरकार तथा अन्य सामाजिक संघसंस्थाहरुसँग सहकार्य र लागत साझेदारी पनि गर्न सक्नेछ ।

१२. शैक्षिक कार्यक्रम सञ्चालनका लागि विभिन्न निकायहरुबाट प्राप्त स्रोत दोहोरो नपर्ने गरी मात्र व्यवस्थापन गर्नुपर्नेछ । यस प्रकारको अनुदान सम्बन्धित वडाबाट दिइएको रहेछ भने दफा (९) बमोजिमको अनुदान रकममा अपुग हुने भएमा मात्र बाँकी रकम निकासा दिनेछ ।

१३. धार्मिक प्रकृतिका शैक्षिक कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउनु सबै सरकारी तथा गैरसरकारी निकायहरु सामाजिक संघसंस्था तथा नागरिक समाजको पनि दायित्व हुनेछ ।

१४. यस कार्यविधिमा कुनै थपघट वा स्पष्ट गर्नुपर्ने वा संशोधन गर्नुपर्ने भएमा भानु नगर कार्यपालिकाले गर्न सक्नेछ ।

आज्ञाले
दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची १६

# सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी स्थानीय कार्यविधि, २०७९

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।०८।१५

**प्रस्तावनाः** समुदायको आवश्यकता अनुसार भानु नगरपालिकामा सञ्चालन भइरहेका र हुने सामुदायिक सिकाइ केन्द्रहरुलाई व्यवस्थित पारदर्शी र उपलब्धिमूलक रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न तथा नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ लाई भानु नगरपालिकामा प्रभावकारी रुपमा कार्यान्वयन गर्न सोही मापदण्डको दफा (२४) बमोजिम र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) तथा भानु नगरपालिका शिक्षा ऐन २०७७ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी भानु नगर कार्यपालिकाले यस "सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी स्थानीय कार्यविधि, २०७९" जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

१. (१) यस कार्यविधिको नाम "सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी स्थानीय कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि भानु नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि लागु भएपछि भानु नगरपालिकामा हाल सञ्चालन भैरहेका र हुने सबै सामुदायिक सिकाइ केन्द्रमा यसमा उल्लेखित प्रावधानहरुको अनिवार्य रुपमा पालना तथा कार्यान्वयन हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "कार्यविधि" भन्नाले भानु नगर कार्यपालिकाबाट जारी "सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी स्थानीय कार्यविधि, २०७९" सम्झनुपर्छ ।

(ख) "मापदण्ड" भन्नाले संघीय सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७८ सम्झनुपर्छ ।

(ग) "ऐन" भन्नाले भानु नगरपालिका शिक्षा ऐन, २०७७ सम्झनुपर्छ ।

(घ) "नियमावली" भन्नाले भानु नगरपालिका शिक्षा नियमावली, २०७८ सम्झनुपर्छ ।

(ङ) "नगरपालिका" भन्नाले भानु नगरपालिका सम्झनुपर्छ ।

(च) "नगर प्रमुख" भन्नाले भानु नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(छ) "उप-प्रमुख" भन्नाले भानु नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भानु नगरपालिका प्रमुख प्रशासकीय अधिकृत वा सो को काम गर्न तोकिएको कर्मचारी सम्झनुपर्छ ।

(झ) "नगर शिक्षा अधिकारी" भन्नाले भानु नगरपालिकाको नगर शिक्षा अधिकारी वा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख सम्झनुपर्छ ।

(ञ) "वडा समिति" भन्नाले भानु नगरपालिकाका विभिन्न वडाहरुमा गठित निर्वाचित जनप्रतिनिधिहरुको वडास्तरीय समिति सम्झनुपर्छ ।

(ट) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले यस पूर्व संघीय सरकारको तोकिएको निकायबाट सम्बन्धन लिई भानु नगरपालिका क्षेत्र भित्र सञ्चालन भइरहेका र यसै कार्यविधि बमोजिम अनुमति लिई सञ्चालन हुने सामुदायिक सिकाइ केन्द्र सम्झनुपर्छ ।

(ठ) "व्यवस्थापन समिति" भन्नाले मापदण्डको दफा ८ को उपदफा (३) बमोजिम गठन भएको सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समिति सम्झनुपर्छ ।

(ड) "समुदाय परिचालक" भन्नाले सामुदायिक सिकाइ केन्द्रको दैनिक कार्य सञ्चालन तथा अभिलेख व्यवस्थापनका लागि नियुक्त महिला कर्मचारी सम्झनुपर्छ ।

(ढ) "सेवाक्षेत्र" भन्नाले प्रत्येक सामुदायिक सिकाइ केन्द्रबाट कार्यक्रम सञ्चालनका लागि भानु नगरपालिकाले तोकेको कार्यक्षेत्र सम्झनुपर्छ ।

(ण) "साधारण सभा" भन्नाले सामुदायिक सिकाइ केन्द्रको विधान बमोजिम वार्षिक रुपमा हुने सभा सम्झनुपर्छ ।

## परिच्छेद- २
## केन्द्रको विधान संशोधन तथा मापदण्ड निर्धारण

### ३. कार्यविधिको कार्यान्वयन तथा विधान संशोधन

(१) यस कार्यविधि कार्यान्वयनमा आएको मितिले एक महिना भित्र सबै सामुदायिक सिकाइ केन्द्रहरुले नेपाल सकारबाट जारी सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७८ तथा यस कार्यविधिमा उल्लेख भएका प्रावधानको प्रतिकूल नहुने गरी आ-आफ्नो विधान तथा आन्तरिक कार्यविधि निर्माण, संशोधन वा परिमार्जन गरी सो बमोजिम व्यवस्थापन समितिको पुनर्गठन गर्नुपर्नेछ । साथै उक्त संशोधित वा परिमार्जित विधानको एक प्रति भानु नगरपालिकामा पेश गर्नुपर्नेछ ।

### ४. केन्द्र स्थापनाका लागि शर्त र आधार

(१) मापदण्डको दफा ४ को उपदफा (२) बमोजिम सामुदायिक सिकाइ केन्द्र स्थापना गर्दा अपनाउनु पर्ने शर्त र आधारका अतिरिक्त देहाय बमोजिम केन्द्र स्थापना गर्न सकिनेछ

क) समुदायको आवश्यकता र माग भएको हुनुपर्ने

ख) उक्त समुदाय रहेको वडामा अर्को केन्द्र नभएको हुनुपर्ने

ग) संघीय सरकार तथा स्थानीय सरकारबाट अनुदान उपलब्ध नहुँदा सम्म आफ्नै स्रोतमा जनशक्ति र कार्यालय व्यवस्थापन गर्न सक्ने प्रतिवद्धता हुनुपर्ने

घ) स्थानीय तहबाट हुने स्थलगत अनुगमनको प्रतिवेदनले केन्द्र स्थापना गर्न औचित्य सहित सिफारिस गरेको हुनुपर्ने

(२) उपदफा (१) बमोजिमको प्रक्रियाबाट प्राप्त प्रस्ताव नगर शिक्षा समितिमा पेश गरिनेछ र उक्त समितिले केन्द्र स्थापना गर्न उपयुक्त देखेमा उक्त प्रस्ताव स्वीकृतिका लागि नगर कार्यपालिकामा पेश गर्नेछ ।

(३) नगर कार्यपालिकाले संघीय सरकारको अनुदानमा वा नगरपालिकाको आन्तरिक स्रोतबाट सञ्चालन हुने गरी सामुदायिक सिकाइ केन्द्र सञ्चालनको अनुमति दिन सक्नेछ । यसरी अनुमति दिँदा एउटा वडामा एउटा भन्दा बढी केन्द्र हुनेगरी स्वीकृति दिइने छैन ।

(४) नगरपालिका भित्र सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरुबाट नियमित वार्षिक कार्यक्रमका अतिरिक्त समाजको माग र आवश्यकता अनुसारका कार्यक्रम सञ्चालन गर्ने गरी प्रस्ताव पेश भएमा सोको कार्यान्वयनका लागि नगरपालिकाले आन्तरिक स्रोतबाट सामुदायिक सिकाइ केन्द्रलाई बजेट उपलब्ध गराउन सक्नेछ । यसरी पेश गरिने कार्यक्रमको प्रस्ताव मापदण्डको दफा ११ बमोजिमका कार्यक्रमहरु सञ्चालन तथा कार्यान्वयन गर्नेगरी हुनुपर्नेछ ।

## परिच्छेद-३
## केन्द्रको नामाकरण तथा संशोधन

### ५. केन्द्रको नामाकरण तथा संशोधन

(१) मापदण्डको दफा ७ को उपदफा (३) बमोजिम सामुदायिक सिकाइ केन्द्रको नामाकरण तथा नाम संशोधन सम्बन्धी व्यवस्थाको अतिरिक्त देहायको प्रक्रिया बमोजिम नामाकरण तथा संशोधन हुन सक्नेछ ।

क) स्थानीय समाजसेवी शिक्षाप्रेमी तथा नागरिक समाजका व्यक्ति वा दाताले हाल सञ्चालनमा रहेको सामुदायिक सिकाइ केन्द्रको नाम संशोधन गरी आफ्नो वा परिवारको नामबाट नामाकरणका गर्न चाहेमा वा भविष्यमा स्थापना हुने सामुदायिक सिकाइ केन्द्रको नामाकरण आफ्नो वा परिवारको नामबाट गर्न चाहेमा न्युनतम् रु. १० लाख बराबरको चल वा अचल सम्पत्ति केन्द्रको नाममा रजिष्ट्रेशन वा हस्तान्तरण गरेमा निजको माग बमोजिमको नामाकरण गर्न सकिनेछ ।यो नामाकरण वा संशोधन सम्बन्धी निर्णय सम्बन्धित सामुदायिक सिकाइ केन्द्रको साधारण सभाको निर्णय तथा व्यवस्थापन समितिको सिफारिसमा नगर कार्यपालिकाले गर्नेछ । तर यस अघि नै उक्त केन्द्रको नामाकरण कुनै राष्ट्रिय विभुति, ऐतिहासिक, धार्मिक साँस्कृतिक वा पुरातात्विक वा प्राकृतिक सम्पदाको नामबाट भएको भए कुनै दाताले जतिसुकै रकम वा चल अचल सम्पत्ति प्रदान गरेतापनि संशोधन वा नामाकरण हुने छैन ।

ख) यदि कुनै दाताले सामुदायिक सिकाइ केन्द्रको लागि कुनै भवन वा कोठा वा कार्यकक्ष पुस्तकालय वा वाचनालय वा कम्प्युटर कक्ष शौचालय वा खानेपानीको लागि भौतिक संरचना निर्माण गर्न वा पुस्तक तथा अन्य फर्निचर वा कम्प्युटर वा अन्य उपकरण प्रदान गर्न चाहेमा निज दाताको नाम र योगदान देखिने गरी सम्बन्धित संरचना वा कार्यकक्ष वा सामग्रीमा अंकीत गरिनेछ ।

## परिच्छेद-४
## व्यवस्थापन समिति गठन तथा सदस्यता

## ६. व्यवस्थापन समितिको गठन, कार्यविधि र कार्यकाल

(१) मापदण्डको दफा ८ को उपदफा (२) मा सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समिति गठन कार्यविधि तथा कार्यकालका सम्बन्धमा उल्लेखित प्रावधानहरुको अतिरिक्त यसको गठनको प्रक्रिया तथा पदाधिकारीहरु देहाय बमोजिम हुनेछन्

क) सामुदायिक सिकाइ केन्द्रको साधारण सदस्यहरुको भेलाबाट व्यवस्थापन समितिको गठन हुनेछ ।

ख) व्यवस्थापन समिति समावेशी प्रकृतिको नौ सदस्सीय हुनेछ ।

ग) व्यवस्थापन समितिमा देहायका पदाधिकारीहरु रहनेछन्

- स्थानीय शिक्षाविद् वा शिक्षाकर्मीहरु मध्येबाट भेलाबाट छनोट भएको व्यक्ति – अध्यक्ष
- वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य एकजना -सदस्य
- भानु नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाको प्रतिनिधि -सदस्य
- सेवा क्षेत्रमा सञ्चालित माध्यमिक विद्यालयका प्रअहरु मध्ये बरिष्ट प्रअ एकजना -सदस्य
- केन्द्रको सेवाक्षेत्रका अनौपचारिक शिक्षाका विशेषज्ञ तथा अभियन्ता मध्येबाट एकजना – सदस्य
- स्थानीय शिक्षाकर्मी, समाजसेवी, बुद्धिजिवी, महिला, दलित समुदायको प्रतिनिधि तीनजना -सदस्य
- स्थानीय गैरसरकारी संस्थाहरुको तर्फबाट एकजना प्रतिनिधि -सदस्य

घ) केन्द्रको समुदाय परिचालकले व्यवस्थापन समितिको सचिवको रुपमा काम गर्नेछ ।

ङ) सामुदायिक सिकाइ केन्द्रको अध्यक्ष पदमा एउटै व्यक्ति दुईपटक भन्दा बढी हुने छैन ।

च) व्यवस्थापन समितिको बैठकमा शिक्षा, कृषि, पशु, सहकारी लगायत विषयगत कार्यालयका प्रतिनिधिहरुलाई पनि आमन्त्रण गर्न सकिनेछ ।

छ) व्यवस्थापन समितिको बैठक सामान्यतया मासिक रुपमा बस्नेछ । साथै आवश्यक परेमा एकै महिनामा एक भन्दा बढी बैठक बस्न यस कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन ।

ज) बैठक बस्नु पूर्व अध्यक्षको निर्देशनमा सचिवले छलफलका विषयवस्तु सहित कम्तिमा तीन दिन अगावै पदाधिकारीहरुलाई जानकारी गराउनु पर्नेछ ।

झ) बैठकको अध्यक्षता समान्यतया अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्ये उमेरको हिसाबले जेष्ठ सदस्यले गर्नेछ ।

ञ) बैठकमा विषयवस्तु माथि लोकतान्त्रिक विधिबाट पर्याप्त छलफल गरिनेछ र सर्वसम्मत रुपमा निर्णय हुनेछ । यदि कुनै विषयमा मतैक्यता हुन नसक्ने भएमा बहुमत सदस्यको राय अनुसार निर्णय हुनेछ ।

ट) केन्द्रको बैठक तथा भेला जस्ता कार्यक्रमहरुमा पदाधिकारीहरुले कुनै बैठक भत्ता पाउने छैनन् तर सोको लागि आवश्यक स्टेशनरी सामग्री, खाजा तथा मसलन्द खर्च केन्द्रको आन्तरिक स्रोतबाट व्यवस्थापन गर्न सकिनेछ ।

ठ) सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापनमा आवश्यक सल्लाह सुझाव दिन तथा अनुभव शेयरिङ् गर्नका लागि व्यवस्थापन समितिले समाजका लब्धप्रतिष्ठित व्यक्तिहरु, सेवा निवृत्त शिक्षक तथा कर्मचारीहरु तथा शिक्षाविद् एवम् समाजसेवीहरु सम्मिलित ११ देखि १५ सदस्सीय सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

ड) सामुदायिक सिकाइ केन्द्रको खाता व्यवस्थापन समितिका अध्यक्ष र समुदाय परिचालकको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

**७. सदस्यता सम्बन्धी व्यवस्था**

(१) मापदण्डको दफा १३ मा उल्लेखित प्रावधानहरुका अतिरिक्त सामुदायिक सिकाइ केन्द्रको सदस्यता सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

क) हरेक सामुदायिक सिकाइ केन्द्रको साधारण सदस्य न्यूनतम् १०० जना हुनुपर्नेछ । सयजना भन्दा कम सदस्य भएको केन्द्रको साधारण सभा वा वैठक वा अन्य कुनैपनि गतिविधि सञ्चालन हुनेछैन ।

ख) केन्द्रको सदस्यहरुमा साधारण सदस्य, आजीवन सदस्य र मानार्थ सदस्य गरी तीन प्रकारका सदस्यहरु रहनेछन् ।

ग) साधारण सदस्य बन्नका लागि शुरुमा वार्षिक रु. एकसय शुल्क लाग्नेछ । यो सदस्य प्रत्येक वर्ष नवीकरण गर्नुपर्नेछ । नवीकरण वापत रु. पचास शुल्क लाग्नेछ । नवीकरण नभएका सदस्यको पद स्वतः निष्कृय भएको मानिनेछ । सदस्यता लिँदा वा नवीकरण पश्चात केन्द्रले आम्दानी बीलका साथ सदस्यता पत्र वा नवीकरण निस्सा प्रदान गर्नुपर्नेछ । सदस्यताको प्रमाणपत्रको ढाँचा अनुसूची १ बमोजिम हुनेछ ।

घ) आजीवन सदस्य बन्नका लागि रु दुई हजार शुल्क लाग्नेछ । यस प्रकारको सदस्यता नवीकरण गर्नुपर्ने छैन ।

ङ) सेवा क्षेत्र भन्दा बाहिरका कुनै शिक्षाविद्, समाजसेवी, अनौपचारिक शिक्षाका अभियन्ता वा प्रशिक्षकहरु तथा राष्ट्रिय जीवनमा ख्यातीप्राप्त व्यक्तिहरुलाई केन्द्रले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ । यसका लागि कुनै शुल्क लाग्नेछैन र यस प्रकारको सदस्यता नवीकरण समेत गर्नुपर्ने छैन ।

च) सामुदायिक सिकाइ केन्द्रले आफ्ना साधारण सदस्य, आजीवन सदस्य, मानार्थ सदस्य तथा व्यवस्थापन समितिका पदाधिकारीलाई केन्द्र सञ्चालन सम्बन्धमा अभिमुखीकरण गर्नुपर्नेछ । यसका लागि केन्द्रले आवश्यक सहजीकरणका लागि स्थानीय तहसँग आवश्यक समन्वय र सहकार्य गर्न सक्नेछ ।

## परिच्छेद-५

## केन्द्रको साधारण सभा, बैठक तथा सामाजिक परीक्षण

## ८. साधारण सभा र बैठकको आयोजना

**(१)** मापदण्डको दफा १४ बमोजिम सामुदायिक सिकाइ केन्द्रको साधारण सभा र बैठक सम्बन्धमा उल्लेखित प्रावधानहरुको अतिरिक्त देहाय बमोजिमका प्रक्रिया अबलम्बन गर्नुपर्नेछ ।

क) सामुदायिक सिकाइ केन्द्रको साधारण सभा वार्षिक रुपमा सम्पन्न गर्नुपर्नेछ ।

ख) साधारण सभाका लागि व्यवस्थापन समितिको बैठकले निर्णय गरी सभाका एजेण्डा सहित कम्तिमा सात दिन अगावै सबै साधारण सदस्यहरुलाई जानकारी दिनुपर्नेछ ।

ग) साधारण सभामा कूल साधारण सदस्यको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

घ) केन्द्रको वार्षिक साधारण सभामा स्थानीय जनप्रतिनिधिहरुका साथसाथै सेवाक्षेत्रका वडाध्यक्ष वा वडा सदस्यको अनिवार्य उपस्थिति हुनुपर्नेछ । यस सभामा आजीवन सदस्यहरु, मानार्थ सदस्यहरु, स्थानीय प्रअहरु, विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, सहकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरुलाई समेत पर्यवेक्षकको रुपमा आमन्त्रण गर्नुपर्नेछ ।

ङ) साधारण सभामा समान्यतया व्यवस्थापन समितिका अध्यक्षले केन्द्रको समग्र प्रगति प्रतिवेदन प्रस्तुत गर्नेछन् ।

च) साधारण सभामा गत आवको वार्षिक प्रतिवेदन, सामाजिक परीक्षणको प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, वार्षिक नीति तथा कार्यक्रम र प्रस्तावित बजेट पेश गरी पारित गराउनुपर्नेछ ।

छ) साधारण सभामा कार्यकाल सकिई नयाँ व्यवस्थापन समिति गठन गर्नुपर्ने भएमा भानु नगरपालिकाका शिक्षा अधिकृत वा प्रतिनिधिको संयोजकत्वमा माध्यमिक विद्यालयको प्रअ र वडा समितिको सदस्य वा प्रतिनिधि रहेको तीन सदस्सीय व्यवस्थापन समिति गठन सहजीकरण समिति रहनेछ । यस समितिले आफ्नो कार्यविधि आँफै बनाई आवश्यक सहजीकरण गर्नेछ ।

## ९. सामुदायिक सिकाइ केन्द्रको सामाजिक परीक्षण

(क) सामुदायिक सिकाइ केन्द्रको वार्षिक लेखापरीक्षण हुनुपूर्व सम्बन्धित वडाको वडाध्यक्षको संयोजकत्वमा माध्यमिक विद्यालयको प्रअ एकजना र स्थानीय शिक्षाविद् वा समाजसेवी सम्मिलित तीन सदस्सीय सामाजिक परीक्षण समिति रहनेछ । यस समितिले तोकिएको ढाँचामा परीक्षण गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ । सामाजिक परीक्षणको फारामको ढाँचा अनुसूची २ मा दिइएको छ ।

# परिच्छेद-६

# केन्द्रको नवीकरण तथा न्यूनतम् मापदण्ड

## १०. सामुदायिक सिकाइ केन्द्रको नवीकरण

(१) प्रत्येक आर्थिक वर्षको शुरुमा सामुदायिक सिकाइ केन्द्रको नवीकरण हुनुपर्नेछ । यसका लागि सबै केन्द्रले आर्थिक वर्ष शुरु भएको एक महिना भित्र देहायका कागजातहरु संलग्न राखी नवीकरणका लागि नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन दिनुपर्नेछ ।

क) केन्द्रको वार्षिक प्रगति प्रतिवेदन

ख) सामाजिक परीक्षणको प्रतिवेदन

ग) वित्तीय लेखापरीक्षणको प्रतिवेदन

घ) आगामी आवको प्रस्तावित कार्यक्रम र बजेट

ङ) स्थानीय तहबाट पेश्कीस्वरुप प्राप्त बजेट तथा कार्यसम्पादनको प्रतिवेदन र आवश्यक वीलभरपाइ सहित पेश्की फछ्र्यौटको विवरण

(२) उपदफा (१) बमोजिम प्राप्त कागजातहरुको जाँचबुझ गरी सबै कागजात दुरुस्त र औचित्यपूर्ण भएमा नगर शिक्षा अधिकारीले सामुदायिक सिकाइ केन्द्रको नवीकरण गर्नेछ ।नवीकरण नभएका केन्द्रहरुमा कुनै प्रकारको निकासा हुनेछैन ।

## ११. सामुदायिक सिकाइ केन्द्रको न्यूनतम् मापदण्ड सम्बन्धी व्यवस्था

(१) मापदण्डको दफा २० बमोजिम प्रत्येक सामुदायिक सिकाइ कन्द्रमा देहाय बमोजिमको न्यूनतम् मापदण्ड तथा पूर्वाधार भएको हुनुपर्नेछ । हाल सञ्चालनमा भइरहेका केन्द्रहरुमा यसप्रकारको मापदण्ड तथा पूर्वाधार नभएको भए यस कार्यविधि लागु भएको तीन महिना भित्र सोको व्यवस्थापन गर्नु केन्द्रको दायित्व हुनेछ ।

क) कार्यालय सञ्चालन कक्ष

ख) केन्द्रको साइनबोर्ड, नागरिक बडापत्र, सुझाव पेटिका तथा टेलिफोन

ग) पुस्तकालय र वाचनालय कक्ष

घ) सूचना तथा सञ्चार प्रविधि कक्ष (कम्प्युटर, इन्टरनेट, प्रिन्टर, फोटोकपि तथा मल्टिमिडिया समेत)

ङ) बैठक एवम् सिकाइ कक्ष (सभा, बैठक तथा प्रयोगात्मक कक्षा सञ्चालन कक्ष)

च) शौचालय (महिला/पुरुष तथा अपाङ्गतामैत्री)

छ) शुद्ध पिउने पानीको प्रबन्ध

ज) सेवाक्षेत्रका आधारभूत सूचना तथा जानकारीहरु

- सेवाक्षेत्रको नक्शा (Map of Catchment Area)
- विभिन्न समिति तथा पदाधिकारीको विवरण
- आयआर्जन महिला समूहहरुको विवरण
- गाउँ/नगर पार्श्वचित्र (Village Profile)
- साक्षरता सम्बन्धी विवरण

- सेवाक्षेत्रको जनसंख्या तथा जनशक्ति र शिक्षण संस्थाको विवरण
- बैंक तथा वित्तीय संस्थाहरु र सहकारीहरुको विवरण
- सेवाक्षेत्रका ऐतिहासिक धार्मिक पर्यटकीय एवम पुरातात्विक क्षेत्रको विवरण
- सार्वजनिक क्षेत्रका उपलब्ध सेवाहरु
- केन्द्रको वार्षिक स्थिति प्रतिवेदन (Annual Status Report)
- विविध

## परिच्छेद-७
## केन्द्रको कर्मचारी व्यवस्थापन

### १२. सामुदायिक सिकाइ केन्द्रको कर्मचारी व्यवस्थापन

(१) सामुदायिक सिकाइ केन्द्रले सामुदायिक आवश्यकता र केन्द्रको आर्थिक अवस्था अनुसार देहायका कर्मचारीहरु नियुक्ति गर्न सक्नेछ ।

क) समुदाय परिचालक

ख) समुदाय उत्प्रेरक

ग) कार्यालय सहयोगी

घ) कम्प्युटर अपरेटर

ङ) सुरक्षा गार्ड

च) सवारी चालक

२. हाल सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रको समुदाय परिचालकको पद रिक्त भएमा वा नयाँ स्थापना हुने सामुदायिक सिकाइ केन्द्रमा समुदाय परिचालन नियुक्ति गर्नुपर्ने भएमा सोको मापदण्ड र नियुक्ति प्रक्रिया देहाय बमोजिम हुनेछ ।

क) सामुदाय परिचालकको न्यूनतम् योग्यता कम्तिमा कक्षा १२ उत्तीर्ण वा सो सरह हुनेछ ।

ख) समुदाय परिचालक स्थानीय महिला हुनुपर्नेछ ।

ग) समुदाय परिचालकको पद रिक्त भएमा सोको जानकारी नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा दिनुपर्नेछ ।

घ) रिक्त समुदाय परिचालकको नियुक्तिका लागि नगरपालिकाबाट अनुमति लिनुपर्नेछ ।

ङ) समुदाय परिचालक छनौटका लागि व्यवस्थापन समितिले केन्द्रका अध्यक्षको संयोजकत्वमा सम्बन्धित वडाको उपल्लो तहको विद्यालयको वरिष्ट प्रअ र शिक्षा अधिकृत रहेको तीन सदस्सीय छनौट समिति गठन गर्नुपर्नेछ ।

च) छनौट समितिले खुल्ला प्रतिस्पर्धाको माध्यमबाट परिचालक छनौट गर्नुपर्नेछ । समितिले आवश्यकतानुसार सम्बन्धित क्षेत्रका विज्ञको सहयोग लिन सक्नेछ ।

छ) विज्ञापन गर्दा कम्तिमा १५ दिनको समय दिनुपर्ने छ । यसको सूचना केन्द्रको सूचना पाटी, वडा कार्यालयहरु, विद्यालयहरु र नगरपालिकामा समेत टाँस गर्नुपर्नेछ ।

ज) दरखास्त दस्तुर प्रतिव्यक्ति रु ५०० मा नबढ्ने गरी लिनुपर्नेछ ।

झ) परीक्षाको माध्यम लिखित परीक्षा र मौखिक (अन्तरवार्ता) हुनेछ । लिखित परीक्षाको पूर्णाङ्क एक सय र अन्तरवार्ताको पूर्णाङ्क २५ अंकको हुनेछ ।

ञ) परीक्षामा नेपालको संविधान, प्रचलित ऐन नियमहरु, सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड र स्थानीय कार्यविधि, अनौपचारिक शिक्षाका विविध आयामहरु, सहकारी तथा वित्तीय क्षेत्र तथा समसामयिक सामान्य ज्ञानबाट प्रश्नहरु सोधिनेछन् ।

ट) लिखित परीक्षामा चालिस प्रतिशत अंक नल्याउने परीक्षार्थीलाई अन्तरवार्तामा सहभागी गराइने छैन ।

ठ) अन्तरवार्ताको २५ अंक मध्ये देहाय बमोजिम विभाजन हुनेछ ।

- व्यक्तित्व ३ अंक
- न्यूनतम् शैक्षिक योग्यता ५ अंक (विशिष्ट श्रेणी प्रथम श्रेणी र द्वितीय श्रेणी वा A+, A र B+) ल्याउनेलाई क्रमशः ५ अंक, ३ अंक र २ अंक दिइनेछ)
- उपल्लो शैक्षिक योग्यता (कुनै एकको मात्र) ३ अंक (विशिष्ट श्रेणी प्रथम श्रेणी र द्वितीय श्रेणी वा A+, A र B+) ल्याउनेलाई क्रमशः ३ अंक,२ अंक र १ अंक दिइनेछ)
- तार्किक क्षमता ५ अंक
- विषयवस्तुको ज्ञान ७ अंक
- समावेशिता (दलित, जनजाती, अपाङ्गता, मुस्लिम, अल्पसंख्यक मध्ये कुनै एक) २ अंक

ड) छनौट सम्बन्धी अन्य कार्यविधि छनौट समिति आँफैले निर्धारण गर्न सक्नेछ ।

ढ) छनौट समितिले सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिलाई सिफारिस गर्नेछ र समितिले निर्णय गरी एक आर्थिक वर्षका लागि करारमा नियुक्ति गर्नेछ । निजको काम सन्तोषजनक भएमा समितिले म्याद थप गर्न सक्नेछ ।

(३) सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७८ तथा यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सम्बन्धित वडाको वडाध्यक्षले सामुदाय परिचालकलाई सामुदायिक सिकाइ केन्द्रको काममा बाधा नपुग्ने गरी आवश्यकतानुसार वडा कार्यालयको कामकाज गर्नेगरी खटाउन सक्नेछ ।

(४) समुदाय परिचालक लगायतका कर्मचारीले चौमासिक रुपमा पारिश्रमिक माग गर्दा सम्बन्धित वडा कार्यालयबाट हाजिरी प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

## परिच्छेद- ८
## विविध

**१३. प्रचलित कानून बमोजिम हुने**

(१) मापदण्ड र यस कार्यविधिमा लेखिएका कुराहरु यसै बमोजिम र नलेखिएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछन् ।

**१४. कार्यविधिमा संशोधन**

(१) यस कार्यविधिमा आवश्यक संशोधन वा परिमार्जन गर्नु परेमा केन्द्रीय मापदण्डको प्रतिकुल नहुने गरी नगर कार्यपालिकाले गर्न सक्नेछ ।

अनुसूची १

सामुदायिक सिकाइ केन्द्रको साधारण सदस्यको प्रमाणपत्रको ढाँचा

(कार्यविधिको दफा ७ को उपदफा (१) को खण्ड ग बमोजिम)

.............................. सामुदायिक सिकाइ केन्द्र भानु

# सदस्यता पत्र

श्री .........................................

.........................................

सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७८ को दफा १३ तथा सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी स्थानीय कार्यविधि २०७९ को दफा ७ बमोजिम तपाईंलाई यस श्री ...................................... सामुदायिक सिकाइ केन्द्रको साधारण/आजीवन/मानार्थ सदस्यता प्रदान गरिएको छ । केन्द्रको विधान बमोजिमका कार्यसम्पादन गरी सामुदायिक जागरण र सेवालाई प्रभावकारी बनाउने अभियानमा यहाँको उल्लेख्य योगदान पुग्ने अपेक्षा गरिएको छ ।

.................... ........................

सचिव अध्यक्ष

................... सामुदायिक सिकाइ केन्द्र भानु .....................

मितिः २०..../........../.........

## सदस्यता नवीकरण सम्बन्धी विवरण

सदस्यको नामथरः .....................................

सदस्यता प्राप्त मितिः .................................

| क सं | नवीकरण गरेको आ.व. | मिति | नवीकरण गर्नेको | | |
|---|---|---|---|---|---|
| | | | नामथर | पद | दस्तखत |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची २

सामुदायिक सिकाइ केन्द्रको सामाजिक परीक्षण फाराम

(कार्यविधिको दफा ९ बमोजिम)

## सामुदायिक सिकाइ केन्द्रको सामाजिक परीक्षण फाराम आ व २० ....../.......

सामुदायिक सिकाइ केन्द्रको नामः ................................................ ठेगाना : ............................

स्थापना मितिः .............................. व्य. समितिका अध्यक्षको नामः ................................

केन्द्रको विवरण

| क्र सं | विवरण | भएको / नभएको | केन्द्र सञ्चालनको हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | सामुदायिक सिकाइ केन्द्रको आफ्नो भवन | | | |
| २ | केन्द्रको साइनबोर्ड, टेलिफोन सुविधा | | | |
| ३ | नागरिक बडापत्र, सुझाव पेटिका | | | |
| ४ | कार्यालय सञ्चालन कक्ष | | | |
| ५ | दर्ता चलानीको व्यवस्था | | | |
| ६ | पुस्तकालय तथा वाचनालय | | | |
| ७ | सूचना तथा सञ्चार प्रविधि कक्ष (कम्प्युटर, इन्टरनेट, प्रिन्टर, फोटोकपि तथा मल्टिमिडिया ) | | | |
| ८ | बैठक एवम् सिकाइ कक्ष (सभा, बैठक तथा प्रयोगात्मक कक्षा सञ्चालन कक्ष) | | | |
| ९ | शौचालय (महिला / पुरुष) | | | |
| १० | शुद्ध खानेपानीको प्रबन्ध | | | |
| ११ | सेवाक्षेत्रका आधारभूत सूचना तथा जानकारीहरु | | | |
| (क) | सेवाक्षेत्रको नक्शा (Map of Catchment Area) | | | |
| (ख) | विभिन्न समिति तथा पदाधिकारीको विवरण | | | |
| (ग) | आयआर्जन महिला समूहहरुको विवरण | | | |
| (घ) | गाउँ/नगर पार्श्वचित्र (Village Profile) | | | |
| (ङ) | साक्षरता सम्बन्धी विवरण | | | |
| (च) | सेवाक्षेत्रको जनसंख्या तथा जनशक्ति र शिक्षण संस्थाको विवरण | | | |

| | | | | |
|---|---|---|---|---|
| (छ) | बैंक तथा वित्तीय संस्थाहरु र सहकारीहरुको विवरण | | | |
| (ज) | सेवाक्षेत्रका ऐतिहासिक धार्मिक पर्यटकीय एवम पुरातात्विक क्षेत्रको विवरण | | | |
| (झ) | सार्वजनिक क्षेत्रका उपलब्ध सेवाहरु | | | |
| (ञ) | सामुदायिक सिकाइ केन्द्रको विधान | | | |
| (ट) | केन्द्रको वार्षिक स्थिति प्रतिवेदन (Annual Status Report) | | | |
| (ठ) | व्यवस्थापन समितिको माइन्युट | | | |
| (ड) | अन्य | | | |
| १२ | व्यवस्थापन समिति नियमानुसार गठन भएको | | | |
| १३ | वार्षिक रुपमा साधारण सभा सम्पन्न भएको | | | |
| १४ | समुदाय परिचालक नियमानुसार नियुक्त भएको | | | |
| १५ | केन्द्रमा उपलब्ध भौतिक सामग्री (फर्निचर, सञ्चार उपकरण आदि ) | | | |
| १६ | केन्द्रको आय व्ययको विवरण (श्रेस्ता) कानुनबमोजिम राखेको | | | |
| १६ | वार्षिक साधारण सभाबाट वार्षिक कार्यक्रम र बजेट अनुमोदन गरेको | | | |
| १७ | सालवसाली रुपमा लेखापरीक्षण हुने गरेको र सोको अभिलेख व्यवस्थित रुपमा राखेको | | | |
| १८ | आयआर्जन महिला समुहहरुको विवरण अद्यावधिक गरेको | | | |
| १९ | सबै आयआर्जन महिला समुहले बचत तथा ऋण तथा विषयगत तालिम प्राप्त गरी सिडमनी समेत प्राप्त गरेका | | | |
| २० | केन्द्रको विधान मापदण्ड तथा स्थानीय कार्यविधि बमोजिम नियमित रुपमा जनतालाई सेवा प्रवाह गरेको र गतिविधिहरु लक्षीत वर्गसम्म पुगेको | | | |
| २१ | केन्द्रले स्थानीय गैरसरकारी संस्था तथा नागरिक समाजसँगको सहकार्यमा गरिएका कार्यहरुको अभिलेख राखेको | | | |

| | | | | |
|---|---|---|---|---|
| २२ | सामुदायिक सिकाइ केन्द्रका असल अभ्यासहरु (Best practices) | | | |
| २३ | सामाजिक परीक्षण समितिले माग गरेका विवरणहरु केन्द्रले सहज रुपमा उपलब्ध गराएको | | | |

**सामाजिक परीक्षण समितिको मूल्याङ्कनः**

| क सं | विषय | उत्तम | मध्यम | न्यून |
|---|---|---|---|---|
| १ | केन्द्रको अभिलेख व्यवस्थापन | | | |
| २ | व्यवस्थापन समिति गठन तथा समावेशिता | | | |
| ३ | बजेट खर्च गर्ने प्रक्रिया र पारदर्शिता | | | |
| ४ | विधान, मापदण्ड तथा कार्यविधि बमोजिम केन्द्रको उद्देश्य बमोजिम कार्यसम्पादनको अवस्था | | | |
| ५ | कर्मचारीको इमान्दारिता, लगनशिलता र कार्यसम्पादन | | | |
| ६ | कार्यक्रमको प्रभावकारिता | | | |
| ७ | जनमानसमा सासिके प्रतिको धारणा | | | |

**सामाजिक परीक्षण समितिका सुझावहरु**

१. ......................................................................
२. ......................................................................
३. ......................................................................
४. ......................................................................
५. ......................................................................

| संयोजक | सदस्य | सदस्य |
|---|---|---|
| दस्तखतः .......................... .......................... | दस्तखतः .......................... | दस्तखतः |
| नामथरः .......................... ............................ | नामथरः ........................... | नामथरः |
| मितिः .......................... .... | मितिः .......................... . | मितिः .............................. |

आज्ञाले
दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची १७

# विद्यालयमा शिक्षक तथा कर्मचारी नियुक्ति तथा व्यवस्थापन सम्बन्धी नमूना कार्यविधि, २०७९

नगर शिक्षा समितिबाट स्वीकृत मितिः २०७९।०५।२१
नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।०५।३१

सामुदायिक विद्यालयमा मर्यादित र पारदर्शी रुपमा शिक्षक तथा कर्मचारीको नियुक्ति तथा व्यवस्थापन गर्न, सबै विद्यालयमा जनशक्तिको भर्ना तथा परिचालनमा एकरुपता कायम गर्न तथा सक्षम तथा गुणस्तरीय जनशक्ति आपूर्ति तथा व्यवस्थापन गर्ने कार्यमा समन्वय र सहजीकरण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) तथा भानु नगरपालिका शिक्षा ऐन २०७७ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी भानु नगर कार्यपालिकाले यस "**विद्यालयमा शिक्षक तथा कर्मचारी नियुक्ति तथा व्यवस्थापन सम्बन्धी नमूना कार्यविधि, २०७९**" जारी गरेको छ ।

परिच्छेद-१
प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

१. (१) यस कार्यविधिको नाम "विद्यालयमा शिक्षक तथा कर्मचारी नियुक्ति तथा व्यवस्थापन सम्बन्धी नमूना कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि भानु नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि लागु भएपछि सबै सामुदायिक विद्यालयले यसमा उल्लेखित प्रावधानहरुको अनिवार्य रुपमा पालना तथा कार्यान्वयन गर्ने गरी शिक्षक कर्मचारी नियुक्ति तथा व्यवस्थापन सम्बन्धी आफ्नो आन्तरिक कार्यविधि निर्माण गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गरी लागु गर्नुपर्नेछ । प्रत्येक विद्यालयले यसप्रकारको आन्तरिक कार्यविधि निर्माण तथा स्वीकृत नगरेसम्म उक्त दरबन्दीमा शिक्षक तथा कर्मचारीको पदपूर्ति प्रक्रिया अघि बढ्नेछैन ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "कार्यविधि" भन्नाले भानु नगर कार्यपालिकाबाट जारी विद्यालयमा शिक्षक तथा कर्मचारी नियुक्ति तथा व्यवस्थापन सम्बन्धी नमूना कार्यविधि, २०७९ लाई सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले भानु नगरपालिका शिक्षा ऐन, २०७७ लाई सम्झनुपर्छ ।

(ग) “नियमावली” भन्नाले भानु नगरपालिका शिक्षा नियमावली, २०७८ लाई सम्झनुपर्छ ।

(घ) "नगरपालिका" भन्नाले भानु नगरपालिका सम्झनुपर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भानु नगरपालिका प्रमुख प्रशासकीय अधिकृत वा सो को काम गर्न तोकिएको कर्मचारी सम्झनुपर्छ ।

(च) "नगर शिक्षा अधिकारी" भन्नाले भानु नगरपालिकाको नगर शिक्षा अधिकारी वा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख सम्झनुपर्छ ।

(छ) "शिक्षा अधिकृत" भन्नाले विद्यालयको निरीक्षण गर्न तोकिएको शिक्षा अधिकृतलाई सम्झनुपर्छ ।

(ज) "विद्यालय" भन्नाले भानु नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयलाई सम्झनुपर्छ ।

(झ) "व्यवस्थापन समिति" भन्नाले ऐनको दफा १२ बमोजिम गठित सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(ञ) "प्रधानाध्यापक" भन्नाले ऐनको दफा २३ बमोजिम नियुक्त सम्बन्धित विद्यालयको प्रधानाध्यापकलाई सम्झनुपर्छ ।

(ट) "शिक्षक" भन्नाले सामुदायिक विद्यालयले आन्तरिक स्रोत तथा अनुदानमा नियुक्त गरेको शिक्षक सम्झनुपर्छ । सो शब्दले बालविकास केन्द्रको सहयोगी कार्यकर्तालाई समेत जनाउदछ ।

(ठ) "निजी शिक्षक" भन्नाले विद्यालयको आन्तरिक स्रोतबाट तलब भत्ता खाने गरी नियुक्त शिक्षकलाई सम्झनुपर्छ ।

(ड) "कर्मचारी" भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेक सरकारी अनुदान वा विद्यालयको आन्तरिक कोषबाट तलब भत्ता खाने गरी नियुक्त कर्मचारीलाई सम्झनुपर्छ ।

(ढ) "शिक्षक छनौट समिति" भन्नाले नियम ५ बमोजिमको शिक्षक तथा कर्मचारी छनौट समिति सम्झनुपर्छ ।

**३. शिक्षक तथा कर्मचारीको पद, कार्यविवरण र सुविधा**

(१) सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दी बाहेक निजी स्रोतमा नियुक्त हुने शिक्षक तथा कर्मचारीहरु सामान्यतया देहाय बमोजिमका हुनेछन्

क) कक्षा शिक्षणका लागि नियुक्त शिक्षकहरु

ख) बाल विकास केन्द्रका सहयोगी कार्यकर्ता वा पूर्व प्राथमिक तहका शिक्षक

ग) लेखा व्यवस्थापनका लागि नियुक्त हुने लेखापाल

घ) खेलकुद तथा अतिरिक्त क्रियाकलाप शिक्षक

ङ) कुचीकार तथा माली

च) सुरक्षा गार्ड तथा पाले

छ) कम्प्युटर अपरेटर

ज) ल्याब टेक्निसियन

झ) स्टोर किपर (भण्डारे)

ञ) प्रशिक्षक /सहायक प्रशिक्षक

ट) संगीत तथा नृत्य शिक्षक

ठ) विद्यालय नर्स

ड) आया ( छात्रावास वा विशेष शिक्षा स्रोतकक्षाका लागि)

ढ) चालक वा सहचालक

ण) कार्यालय सहयोगी

त) विद्यालयको आवश्यकतानुसारका अन्य शिक्षक तथा कर्मचारीहरु

(२) उपदफा (१) बमोजिम नियुक्त शिक्षक तथा कर्मचारीहरुको कार्यविवरणका सम्बन्धमा विद्यालयको आवश्यकता अनुसार प्रत्येक पदको अलग अलग कार्यविवरण (ToR) आन्तरिक कार्यविधिमा स्पष्टसँग उल्लेख भएको हुनुपर्नेछ ।

(३) विद्यालयले नियुक्त गर्ने शिक्षक तथा कर्मचारीले कार्यविवरण बमोजिम कामकाज गरेवापत निजले पाउने तलब भत्ता, सुविधा, बिदा, पदावधि तथा अन्य सहुलियतका कुराहरु निजको नियुक्ति पत्रमा प्रष्टसँग उल्लेख भएको हुनुपर्नेछ ।

**४. शिक्षक तथा कर्मचारीको लागि दरखास्त आह्वान**

(१) विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापलाई व्यवस्थित, र उपलब्धिमूलक बनाई शैक्षिक गुणस्तर अभिवृद्धि गर्न तथा विद्यालयमा अनुशासन तथा सुशासन कायम गर्नका लागि नियुक्त विषयगत शिक्षक तथा अन्य कर्मचारीको पदपूर्ति गर्दा सार्वजनिक रुपमा विज्ञापन आह्वान गरी प्रतिस्पर्धात्मक रुपमा तोकिएको प्रक्रियाद्वारा पदपूर्ति गरिनेछ ।

(२) हरेक पदको विज्ञापन गर्दा न्युनतम् पन्ध्र दिनको समायावधि राखी दरखास्त आह्वान गर्नुपर्नेछ । दरखास्त आह्वानको सूचना स्थानीय वा राष्ट्रिय दैनिक पत्रपत्रिकामा प्रकाशन गरी सम्बन्धित विद्यालय, वडा कार्यालय, नगरपालिका कार्यालय र अन्य सार्वजनिक निकायको सूचना पाटीमा समेत अनिवार्य रुपमा टाँस गरी मुचुल्का बनाई राख्नुपर्नेछ । तर कार्यालय सहयोगी, कुचिकार तथा माली र सुरक्षा गार्डको पदपूर्ति गर्दा न्यूनतम् सात दिनको विज्ञापन गरी पदपूर्ति गर्न सकिनेछ ।

**५. शिक्षक कर्मचारीको छनोट, नियुक्ति तथा व्यवस्थापन**

(१) विद्यालयमा शिक्षक तथा कर्मचारी छनोट गर्नका लागि देहाय बमोजिमको एक शिक्षक कर्मचारी छनोट समिति गठन गर्नुपर्नेछ ।

ग) सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडा समितिको सदस्य - संयोजक

क) न्यूनतम् स्नातक वा सो सरह उत्तीर्ण स्थानीय बुद्धिजिवी वा शिक्षाप्रेमी - सदस्य

ख) सम्बन्धित विषय र तहको विषय विशेषज्ञ २ जना - सदस्य

ग) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) कार्यालय सहयोगी (परिचर), कुचिकार तथा माली र सुरक्षा गार्डको नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिको अध्यक्षको अध्यक्षतामा शिक्षक अभिभावक संघको अध्यक्ष र प्रधानाध्यापक सदस्य सचिव रहेको तीन सदस्सीय छनौट समिति रहनेछ । उक्त छनौट समितिले आँफै कार्यविधि तयार गरी लिखित वा मौखिक परीक्षाबाट छनोट गरी नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिमा सिफारिस गर्नेछ ।

## ६. शैक्षिक योग्यता, उमेर र अन्य मापदण्ड

(१) विद्यालयमा नियुक्त हुने शिक्षक तथा कार्मचारीहरु नेपाली नागरिक हुनुपर्ने ।

(२) शिक्षक कर्मचारी पदमा उम्मेदवार बन्नका लागि १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने ।

(३) कुनै फौजदारी अभियोग नलागेको, मगज नबिग्रिएको र निरोगिताको प्रमाणपत्र प्राप्त गरेको

(४) शिक्षक तथा कर्मचारीको न्यूनतम् शैक्षिक योग्यता देहाय बमोजिम हुनुपर्नेछ

क) तहगत शिक्षकहरुको हकमा जुन तह र विषयमा उम्मेदवार हुने हो सोको लागि शिक्षक सेवा आयोग नियमावली २०५७ मा उल्लेख भएबमोजिमको शैक्षिक योग्यता र अध्यापन अनुमति पत्र प्राप्त गरेको

ख) बाल विकास केन्द्रको सहयोगी कार्यकर्ता वा पूर्व प्राथमिक तहको शिक्षक हुनका लागि शिक्षा विषय लिई कक्षा १२ वा सो सरह उत्तीर्ण भएको । न्यूनतम् ३ महिना (३९० घण्टा) को आधारभूत तहको मन्टेश्वरी तालिम लिएका उम्मेदवारलाई विशेष प्राथमिकता दिनुपर्ने

ग) विद्यालयको लेखापाल वा लेखा सहायकका लागि व्यवस्थापन संकायबाट प्रविणता तह पूरा गरेको वा व्यवस्थापन मूल विषय लिई माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण गरेको

घ) कम्प्युटर अपरेटरका लागि कम्प्युटर विषय लिई न्यूनतम् कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको

ङ) ल्याब टेक्निसियनका लागि सम्बन्धित विषयमा कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको

च) प्राविधिक शिक्षालयका लागि नियुक्त हुने प्रशिक्षक वा सहायक प्रशिक्षकका लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) वा सम्बन्धन दिने सम्बन्धित निकायले तोकेको न्यूनतम् शैक्षिक योग्यता

छ) विद्यालय नर्सका लागि नर्सिङ् विषयमा प्रवीणता प्रमाणपत्र तह वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट नर्सिङ् कोर्ष पूरा गरी लाइसेन्स प्राप्त गरेको

ज) संगीत तथा नृत्य प्रशिक्षकका लागि सम्बन्धित विषयका कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको ।

झ) सवारी चालकका लागि आधारभूत तहको परीक्षा उत्तीर्ण गरी हलुका वा हेवि सवारी चालक अनुमति पत्र प्राप्त गरेको

ञ) कार्यालय सहयोगी, माली, स्टोरकिपर, आया, सुरक्षा गार्ड तथा सहचालकका लागि आधारभूत तह उत्तीर्ण गरी सम्बन्धित विषय वा क्षेत्रमा तालिम तथा अनुभव प्राप्त गरेको ।

द्रष्टव्यः विद्यालय सुरक्षा गार्डका लागि सेवा प्रवेशको अधिकतम उमेर हद ४८ वर्ष हुनेछ । यसरी नियुक्त भएका सुरक्षा गार्ड ६० वर्षको उमेरसम्म मात्र उक्त पदमा बहाल रहन सक्नेछन् र ६० वर्षको उमेरपछि स्वतः अवकास हुनेछन् ।

**७. शिक्षक तथा कर्मचारीको दरखास्त शुल्क**

छ) माध्यमिक शिक्षक वा सो सरहको पदका लागि रु १०००/-

ज) आधारभूत तह (कक्षा ६-८) वा सो सरहका शिक्षक रु ७००/-

झ) आधारभूत तह (कक्षा १-५) वा सो सरहका शिक्षक रु ५००/-

ञ) विद्यालय नर्स, लेखापाल तथा ल्याब टेक्निसियनका लागि रु ७००/-

ट) अन्य सबै पदका लागि रु ५००

१०. **परीक्षा केन्द्र सम्बन्धी व्यवस्था :** विद्यालयको निजी स्रोत तथा अनुदानबाट नियुक्त हुने शिक्षक तथा कर्मचारीको छनौट परीक्षाको केन्द्र सम्बन्धित विद्यालयमा रहनेछ ।

**११. परीक्षाको पाठ्यक्रम तथा सञ्चालन कार्यविधि :**

(ख) विद्यालयमा नियुक्त हुने निजी स्रोत तथा अनुदान शिक्षक तथा कर्मचारीको लागि छनौट परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोग नियमावलीको परिमार्जित पाठ्यक्रम बमोजिम हुनेछ ।

(ग) लिखित परीक्षा सामान्य परीक्षा १०० अंक र विषयगत परीक्षा १०० अंक गरी २०० पूर्णाङ्कको हुनेछ ।

(घ) सामान्य परीक्षाको पूर्णाङ्क १०० र उत्तीर्णाङ्क ५० रहनेछ । सामान्य परीक्षामा प्रत्येक वस्तुगत प्रश्न २ अंकका दरले बहुवैकल्पिक प्रश्न संख्या ५० गरी जम्मा

१०० पूर्णाङ्कको हुनेछ । परीक्षा समय १ घण्टा हुनेछ । सामान्य परीक्षामा उत्तीर्ण भएका उम्मेदवार मात्र सम्बन्धित विषयको विषयगत परीक्षामा सामेल हुन पाउनेछ ।

(ङ) विषयगत परीक्षाको पूर्णाङ्क १०० र उत्तीर्णाङ्क ४० रहनेछ । विषयगत प्रश्न १० अंकका दरले जम्मा १० वटा प्रश्न गरी जम्मा १०० पूर्णाङ्कको हुनेछ । परीक्षाको समय ३ घण्टा हुनेछ । विषयगत परीक्षामा उत्तीर्ण भएका उम्मेदवार मात्र अन्तरवार्तामा सहभागी हुन पाउनेछन् ।

(च) मौखिक परीक्षा तथा अन्तरवार्ता पूर्णाङ्क २५ को हुनेछ ।

अन्तरवार्ताको पूर्णाङ्क देहायमा उल्लेखित भए अनुसार १५ अंकको हुनेछ ।

- व्यक्तित्व १ अंक
- विषय वस्तुको ज्ञान ६ अंक
- प्रस्तुतीकरण ४ अंक
- तार्किक क्षमता २ अंक
- आन्तरिक दक्षता २ अंक
- अन्तरवार्तामा उम्मेदवारलाई बढीमा ७० प्रतिशत र घटीमा ३५ प्रतिशत अंक प्रदान गरिनेछ । ७० प्रतिशत भन्दा माथि र ३५ प्रतिशत भन्दा तल अंक दिइएमा स्पष्ट कारण खुलाउनुपर्नेछ ।
- शैक्षिक योग्यता वापत ५ पूर्णाङ्कको हुनेछ ।यसमा सम्बन्धित तहको न्युनतम शैक्षिक योग्यता वापत ३ अंक (प्रथम श्रेणी ३ अंक, द्वितीय श्रेणी २ अंक)
- सम्बन्धित विषयमा माथिल्लो योग्यता वापत २ अंक (प्रथम श्रेणी २ अंक र द्वितीय श्रेणी १ अंक)

ठ) सेवा अनुभव वापत ५ अंक हुनेछ । यसमा सामुदायिक विद्यालयको स्वीकृत दरबन्दीमा सेवा गरेको भए प्रत्येक वर्षको ०.५ अंकको दरले बढीमा ५ अंक ।

ड) लिखित परीक्षाको प्रश्नपत्र तयार गर्ने र उत्तर पुस्तिका परीक्षण गर्ने जिम्मेवारी विषय विज्ञलाई दिइनेछ ।

ढ) परीक्षाको मर्यादा कायम गर्न, उम्मेदवारका शैक्षिक योग्यताका प्रमाणपत्र तथा अन्य डकुमेन्टहरु रुजु गर्न, उपु कोडिङ तथा डिकोडिङ् गर्न तथा अन्य कानूनी एवम् प्रक्रियागत विषयमा सहजीकरण गर्नका लागि शिक्षक छनोट समितिले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका शिक्षा अधिकृत वा कुनै प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

ण) विद्यालयमा कार्यालय सहयोगी (परिचर), कुचिकार तथा माली र सुरक्षा गार्डको नियुक्ति गर्दा तोकिएको छनोट समितिले मौखिक परीक्षा (अन्तरवार्ता) को माध्यमबाट मात्र पनि छनोट गर्न सक्नेछ । यसका लागि दफा ५ (२) बमोजिमको छनोट समितिले कार्यविधि निर्माण गर्दा अन्य कुराको अतिरिक्त आरक्षण वापत स्थानीय क्षेत्र, दलित, आदिवासी जनजाती, महिला, पिछडिएको क्षेत्र, अल्पसंख्यक, मुस्लिम, अपाङ्गता, यौनिक तथा अल्पसंख्यक (तेस्रो लिङ्गी) आदिका लागि विशेष सहुलियतका साथ प्राथमिकता दिन सक्नेछ ।

**१०. कर्मचारीको तलब भत्ता, सेवा शर्त र अन्य सुविधा**

क) निजी स्रोतमा नियुक्त शिक्षक कर्मचारीको तलब भत्ता विद्यालय व्यवस्थापन समितिले निर्धारण गरेबमोजिम हुनेछ । तर शिक्षक कर्मचारीको तलब भत्ता निर्धारण गर्दा सामान्यतया नेपाल सरकारले सम्बन्धित तहको कर्मचारीका लागि तोके बमोजिम उपलब्ध गराउनु विद्यालय व्यस्थापन समितिको दायित्व हुनेछ ।

ख) नेपाल सरकारबाट प्राप्त हुने अनुदानबाट पारिश्रमिक पाउने गरी नियुक्त कर्मचारीले सो बमोजिमको तलबमानका अतिरिक्त नेपाल सरकारले तोकेबमोजिमको न्यूनतम पारिश्रमिक सम्बन्धी मापदण्डलाई अनुशरण गरी निर्धारण गर्नुपर्नेछ ।

**ग)** शिक्षक कर्मचारीको बिदा देहाय बमोजिम हुनेछ

- भैपरि आउने बिदा वर्षभरिमा ६ दिन
- चाडपर्व बिदा वर्षभरिमा ६ दिन
- बिरामी बिदा एक महिनाको एक दिनका दरले वर्षभरिमा १२ दिन
- महिला कर्मचारीलाई सुत्केरी बिदा सुत्केरीको अघि वा पछि गरी ९८ दिन
- पुरुष कर्मचारीको पत्नी सुत्केरी हुँदा सुत्केरी स्याहार बिदा १५ दिन
- किरिया बिदाः आफ्नो धर्म, सँस्कृति, कूल परम्परा अनुसार किरिया बस्नुपर्ने भएमा बढीमा १५ दिनसम्म

घ) महिला कर्मचारीले सुत्केरी बिदा र पुरुष कर्मचारीले सुत्केरी स्याहार बिदा सेवा अवधिभरमा बढीमा दुईजना सन्तान सम्मका लागि मात्र पाउनेछन् ।

ङ) शिक्षक तथा कर्मचारीले बिरामी बिदा संचित गर्न सक्नेछ । उक्त बिदा शिक्षक तथा कर्मचारीले प्रत्येक वर्ष सम्बन्धित विद्यालयको प्र.अ. र विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट प्रमाणित गराई राख्नुपर्नेछ । शिक्षक कर्मचारी कुनै कारणले सेवाबाट अवकास हुँदा सञ्चित बिरामी बिदाको रकम एकमुष्ट विद्यालयको आन्तरिक स्रोतबाट भुक्तानि गर्नुपर्नेछ ।

(च) बिदा शिक्षक कर्मचारीका लागि अधिकार नभई सहुलियत मात्र हुनेछ ।

## ११. विविध

(क) विद्यालयमा निजी स्रोत तथा अनुदानमा नियुक्त करार एवं अस्थायी शिक्षक तथा कर्मचारीलाई निजहरुको काम सन्तोषजनक भएमा विद्यालय व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षको शुरुमा  एक एक वर्षको म्याद थप गर्न सक्नेछ ।

(ख) यस कार्यविधि कार्यान्वयनका सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा भानु नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

(ग) यस कार्यविधि कार्यान्वयन पूर्व निजी स्रोत तथा अनुदानमा नियुक्त शिक्षक तथा कर्मचारीहरु यसै कार्यविधि बमोजिम नियुक्त भएको मानिनेछ ।

## <u>सन्दर्भ सामग्रीहरुः</u>


१. नेपालको संविधान

२. शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९

३. स्थानीय सरकार सञ्चालन ऐन २०७४

४. भानु नगरपालिका शिक्षा ऐन २०७७

५. भानु नगरपालिका शिक्षा नियमावली २०७८

६. वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।०८० ( शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय)

७. शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि २०७६

८. विद्यालयमा दिवा खाजा व्यवस्थापन मापदण्ड २०७६

९. विद्यालय समायोजन कार्यान्वयन निर्देशिका २०७०

१०. राष्ट्रपति रनिङ् शिल्ड सञ्चालन निर्देशिका २०७६

११. सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६

१२. स्वयमसेवक शिक्षक परिचालन कार्यविधि २०७९

१३. प्राविधिक शिक्षा छात्रवृत्ति वितरण सम्बन्धी आन्तरिक कार्यविधि २०७९

१४. विद्यालयमा शिक्षक कर्मचारीको नियुक्ति तथा व्यवस्थापन सम्बन्धी नमूना कार्यविधि २०७९

१५. धार्मिक प्रकृतिका शैक्षिक संस्थाहरुलाई अनुदान सम्बन्धी आन्तरिक कार्यविधि २०७९

१६. संघीय, प्रदेशस्तरीय र जिल्लास्तरका सम्बद्ध निकायहरुबाट प्राप्त परिपत्र तथा निर्देशनहरु

## कार्यसम्पादनको दृश्यात्मक झलक २०७९/०८०